# संघीय संसद
# राष्ट्रिय सभा
# बाह्रौं अधिवेशन
# कार्यवाहीको सम्पूर्ण विवरण
# ८ असार २०७९
# बुधवार
# बैठक सङ्ख्या- २५

राष्ट्रिय सभाको आजको बैठक सम्माननीय अध्यक्ष श्री गणेश प्रसाद तिमिल्सिनाको अध्यक्षतामा दिनको १३:०० बजे प्रारम्भ भयो ।

**सम्माननीय अध्यक्षः**- माननीय सदस्यहरू, राष्ट्रिय सभाको आजको बैठकको कार्यवाही प्रारम्भ हुन्छ ।

(..............आवाज नसुनिएको ।)

**माननीय उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्री श्री दिलेन्द्रप्रसाद बडूः**- ........ डिजेलमा ३७ रुपैयाँ १६ पैसा र हवाई इन्धनमा २ रुपैयाँ ७० पैसा घाटा एवम् एलपी ग्याँसमा प्रतिसिलिन्डर ७ सय ५१ रुपैयाँ घाटा रहेको थियो । यसबाट नेपाल आयल निगमलाई १५ दिनको अनुमानित बिक्रीमा करिब ४ अर्ब ८२ करोड रुपैयाँ घाटा हुने अवस्था रहेको थियो । पेट्रोलियम पदार्थको बिक्रीबाट निगमलाई भइरहेको र थप नोक्सानीलाई मध्यनजर गर्दै मूल्य निर्धारण गर्ने निगमको अधिकार सम्पन्न सञ्चालक समितिको मिति २०७९ असार ५ गतेको बैठकबाट मिति २०७९ असार ६ गतेदेखि

लागु हुने गरी पूर्वनिर्णयअनुरूप नै पेट्रोल र डिजेलमा रु.१०/१० घटाई पेट्रोलमा रु. २१ र डिजेल र मट्टितेलमा रु. २७ र हवाई इन्धनमा रु. १९ ले वृद्धि गरी पेट्रोल रु. १९९, डिजेल, मट्टितेलको रु. १९२ र हवाई इन्धनको रु. १८५ नयाँ खुद्रा मूल्य कायम गरिएको हो । मूल्य वृद्धिको कारण सरकारलाई पर्न जाने मर्काप्रति सचेत भई आम नागरिकले प्रयोग गर्ने एलपी ग्याँसमा निगमलाई प्रतिसिलिन्डर ७५१ रुपैयाँ घाटा भइरहँदासमेत कुनै मूल्य वृद्धि नगरी यथावत राखिएको छ ।

विगत केही समययता अन्तर्राष्ट्रिय बजारमा पेट्रोलियम पदार्थको मूल्य निरन्तर बढिरहेको र मूल्य समायोजन नगर्दा निगमलाई जेठ मसान्तसम्म करिब रु. ५० अर्ब घाटा हुन गएको र इन्डियन आयल कर्पोरेसनलाई बुझाउनुपर्ने रु. २२ अर्ब वक्यौता रहेको बेहोरासमेत जानकारी गराउन चाहन्छु । इन्डियन आयल कर्पोरेसनलाई पेट्रोलियम पदार्थ खरिद गर्नु खरिदबापत तिर्नुपर्ने वक्यौता रकम बढ्दै जान नदिन र आपूर्ति व्यवस्था सहज र सचारु बनाइ राख्न लागतअनुरूप नै मूल्य समायोजन गर्दै जानुपर्ने बाध्यात्मक स्थिति सृजना भएको कारण मूल्य वृद्धि गरिएको यस सदनलाई जानकारी गराउन चाहन्छु ।

सम्माननीय अध्यक्ष महोदय, निगमले पेट्रोलियम पदार्थको नयाँ मूल्य कायम गर्नुभन्दा पहिला पेट्रोलियम पदार्थको धेरै मात्रा बिक्री गरी निगमलाई घाटा पुऱ्याएको भन्ने सन्दर्भमा निगमको प्रचलित कानुन, नीति तथा पेट्रोलियम पदार्थको बिक्रीसम्बन्धी विद्यमान नियमावलीअनुरूप नै बिक्रीवितरण गरिएको छ । मुलुकैभरि सबैभन्दा बढी पेट्रोल खपत हुने काठमाडौं उपत्यकामा निगमको थानकोट डिपोले मिति २०७९ असार ५ गते आइतवार पेट्रोल ७ लाख ५० हजार लिटर र डिजेल ८ लाख ५० हजार लिटर बिक्री गरेको थियो भने मिति २०७९ असार ६ गते सोमवार पेट्रोल ८ लाख ४० हजार लिटर र डिजेल १० लाख ४० हजार लिटर बिक्री गरेको निगमको रेकर्डबाट देखिन्छ । यसरी बिक्रीवितरण भइरहेको अवस्थामा स्टकबाट पेट्रोलियम पदार्थ बिक्री गरेपश्चात् मूल्य बढ्ने गरेको भन्ने भनाइ सत्य नभएको बेहोरा म यस सम्मानित सदनलाई जानकारी गराउन चाहन्छु ।

पेट्रोलियम पदार्थ बिक्रीवितरण सम्बन्धमा निगमको विद्यमान पेट्रोलियम पदार्थ विक्रेता विनियमावली, २०७५ (संशोधनसहितको) विनियम ४२ को (१) मा निगमले अन्तर्राष्ट्रिय बजार मूल्य तथा लागत मूल्यबमोजिम पेट्रोलियम पदार्थको द्वार मूल्य एक्स

डेफोर्ड, ठुला उपभोक्ता मूल्य, भन्सार छुट मूल्य, कुनै आयोजना वा हवाई कम्पनी आदिलाई अलग अलग बिक्री मूल्य तोक्ने छ भन्ने उल्लेख छ भने उपनियम (३) मा उपनियम (१) बमोजिमको परिवर्तन भएको परिणामबाट पर्ने लाभ वा हानिको दायित्व विक्रेता स्वयम्को नै हुने छ । साथै निगमबाट विक्रेतालाई बिक्री गरिसकिएको पेट्रोलियम पदार्थको मूल्यमा परिवर्तन भएको कारणबाट उत्पन्न हुने हानि वा नोक्सानीको दायित्व निगमले वहन गर्ने छैन भन्ने विनियामवलीको हालसम्मको नीतिगत व्यवस्था रहेअनुरूप पेट्रोलियम विक्रेतालाई घाटा हुँदासमेत निगमले दायित्व नलिने बेहोरा सम्मानित सदनसमक्ष जानकारी गराउन चाहन्छु जसको कारण कसैलाई नाफा हुने हिसाबले नभई कानुन र नीतिगत व्यवस्थाअनुरूप नै मूल्य निर्धारण तथा बिक्री हुने गरेको बेहोरासमेत स्पष्ट गर्न चाहन्छु ।

सम्माननीय अध्यक्ष महोदय, अन्तर्राष्ट्रिय बजारअनुसार पेट्रोलको मूल्य बढेर प्राप्त हुँदा नेपालमा पनि बढाउने र घट्दा घटाउने प्रक्रिया निगमले २०७१ सालदेखि नै अवलम्बन गर्दै आइरहेको विषय हो । पछिल्लो समय रुस, युक्रेन युद्धका कारण सृजना भएको विश्व ऊर्जा सङ्कटका कारण निगमले प्राप्त गर्ने पेट्रोलियम पदार्थको मूल्य लगभग सबैजसो समय बढेर नै आइरहेको छ । नेपाल आयल निगमले अन्तर्राष्ट्रिय बजारबाट कच्चा तेल खरिद नगरी प्रशोधित पेट्रोलियम पदार्थ खरिद गर्ने गर्दछ । प्रशोधित पेट्रोलियम पदार्थको मूल्य अन्तर्राष्ट्रिय बजारमा बढिरहेको अवस्थामा निगमले हाल आफू घाटामा रही कारोबार गरिरहेको बाध्यात्मक अवस्था म यस सम्मानित सदनलाई जानकारी गराउन चाहन्छु ।

सम्माननीय अध्यक्ष महोदय, पेट्रोलियम पदार्थको मूल्यमा भएको वृद्धिको कारण सर्वसाधारणलाई पर्न गएको असुविधालाई ध्यानमा राख्दै सरकारद्वारा हालै पेट्रोलियम पदार्थमा लगाइँदै आइरहेको कर समायोजन गरेर मूल्य घटाउने र उपभोक्तालाई राहत प्रदान गर्ने उद्देश्यले उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयको प्रस्तावमा मिति २०७९/०२/१० को मन्त्रिपरिषद्बाट पारित भएअनुसार नै खुद्रा बिक्री मूल्यमा प्रतिलिटर रु.१० ले घटाइसकिएको अवस्था छ । साथै सरकारी निकायले कम्तीमा पनि २० प्रतिशत पेट्रोलियम पदार्थ खपत कम गर्ने व्यवस्था मिलाउन नीतिगत निर्णय भइसकेको अवस्था छ ।

आगामी आर्थिक वर्षको बजेटमार्फत पहिलो चरणमा सिंहदरबारस्थित सरकारी कार्यालयहरूबाट एलपी ग्याँस प्रयोगको वैकल्पिक उपाय अवलम्बन गर्ने नीति व्यवस्था गरिएको छ । निगम सञ्चालक समितिको निर्णयअनुसार एलपी ग्याँसको सर्वसाधारण उपभोक्ताको घरायसी एवम् अन्य व्यवसायिक प्रयोजनका लागि अलग अलग मूल्य कायम गर्न निगम सञ्चालक समितिका सदस्यको संयोजकत्वमा सरोकालावालासमेतको प्रतिनिधित्व रहने गरी उपसमिति गठन गरिएको र सो व्यवस्था छिट्टै कार्यान्वयनमा ल्याइने छ । यसका साथै नेपालमा पेट्रोलियम पदार्थ वा एलपी ग्याँसको आपूर्ति प्रणाली सहज, व्यवस्थित, पारदर्शी र प्रभावकारी बनाउन नेपाल सरकारले अपनाउनुपर्ने अल्पकालीन र दीर्घकालीन नीतिगत कानुनी एवम् संस्थागत सुधारका लागि विषयवस्तुहरू समावेश गरी प्रतिवेदन पेस गर्न नेपाल सरकार मन्त्रिपरिषद्बाट राष्ट्रिय योजना आयोगका उपाध्यक्षको नेतृत्वमा उच्चस्तरीय अध्ययन कार्यदल गठन गर्ने निर्णय गरेको विषयसमेत सम्मानित सदनमा जानकारी गराउन चाहन्छु ।

सम्माननीय अध्यक्ष महोदय, बजारको प्रभावकारी अनुगमन नभएको बारे माननीयज्यूहरूले उठाउनुभएको विषयको सन्दर्भमा चालु आर्थिक वर्षको श्रावणदेखि २०७९ असार ६ गतेसम्म कुल २ हजार ८ सय ३५ व्यापारिक फर्महरूमा अनुगमन, निरीक्षण गरी १ हजार २ सय ४३ फर्महरूलाई विभिन्न कसुरमा कारबाही गरी रु. १ करोड ५८ लाख १ हजार जरिबाना गरिएको छ भने म्याद नाघेका रु. ५४ लाख ५६ हजार मूल्य बराबरका मालवस्तुहरू नष्ट गरिएको छ । म्याद नाघेका, लेबल नलगाएका, रिलेबलिङ गरिएका, विनाइजाजत कारोबार गरिएका, प्रचलित कानुनले तोकेको अवस्था, शर्त र प्रक्रिया पूरा नगरी बेचबिखन गरिएका वस्तु तथा सेवाको हकमा उल्लेखित कारबाही गरिएको हो । सबै वस्तु तथा सेवाको बजार अनुगमनसम्बन्धी कार्यलाई अझै जिम्मेवार र प्रभावाकारी बनाउन मासिक कार्ययोजना बनाई अनुगमन गर्नेसमेत प्रावधान राखी संयुक्त बजार अनुगमन निर्देशिका, २०७९ हालै मन्त्रालयबाट स्वीकृत गरिएको र यसको कार्यान्वयनसँगै बजार अनुगमन कार्यले अझ तीव्र गति लिने र परिणामुखी हुने विश्वास दिलाउन चाहन्छु ।

अत्यावशकीय उपभोग्य वस्तुहरूसहित मूल्य, गुणस्तर तथा मौज्दातसँग सम्बन्धित उच्च जोखिम भएका वस्तु, फर्म तथा क्षेत्रमा अस्वभाविक मूल्य वृद्धि तथा उपलब्धतामा केन्द्रित रही अनुगमन र सरोकारवालाहरूसँग छलफल तथा अन्तरक्रियाको क्रमलाई समेत बढावा दिइएको र उपभोक्ता संरक्षण ऐन, २०७५ मा भएको व्यवस्थाबमोजिम

वाणिज्य परिषद्को बैठकबाट भएका मार्गनिर्देशन तथा निर्णयहरूको कार्यान्वयनले पनि बजार अनुगमनलाई थप प्रभावकारी बनाउने विश्वास दिलाउन चाहन्छु । बजार अनुगमनलाई अझै प्रभावकारी र सशक्त बनाउने प्रयोजनका लागि सबै जिल्ला प्रशासन कार्यालयका सहायक प्रमुख जिल्ला अधिकारीलाई निरीक्षण अधिकृतको रूपमा अधिकार प्रत्यायोजन गरी बजार अनुगमनको जिम्मेवारी तोकिएको छ । सोहीअनुसार मासिक कार्ययोजना बनाई नियमित बजार अनुगमन गराउने व्यवस्था मिलाउन गृह मन्त्रालयमार्फत अनुरोधसमेत गरिएको छ । वर्तमान संविधान र कानुनमा भएका व्यवस्थाअनुरूप प्रदेश तथा स्थानीय तहमा बजार अनुगमन संयन्त्रहरूलाई क्रियाशील तथा सक्रिय बनाई मन्त्रालय तहबाट विशेष समन्वय तथा पहलकर्मीको सुरुवातसमेत गरिएको हुँदा आगामी दिनमा बजार अनुगमन प्रभावकारी हुने विषय सम्मानित सदनसमक्ष राख्न चाहन्छु ।

सम्माननीय अध्यक्ष महोदय, सर्वसाधारणले खाना पकाउन प्रयोग गर्ने एलपी ग्याँसको खपत न्यूनीकरण गर्ने र विद्युत्को खपत बढाउन विद्यत् महसुलमा सहुलियत दिई राहत प्रदान गर्ने, विद्युतीय चुलोलगायत विद्युतीय सामग्री प्रयोग बढाउनका लागि करमा छुट प्रदान गर्ने तथा बढी विद्युत् प्रयोग गर्ने उद्योगलाई विद्युत् महसुलमा छुट दिने नीति लिएको बेहोरा सम्मानित सदनलाई जानकारी गराउन चाहन्छु । पेट्रोलियम पदार्थको सहज आपूर्ति तथा बुद्धिमतापूर्वक प्रयोगको लागि सरकारले अगाडि बढाएका नीति तथा कार्यक्रमहरूको कार्यान्वयनमा तथा पेट्रोलियम पदार्थको विवेकपूर्ण उपयोगका निमित्त उपभोक्ता वर्गमा समेत विनम्रतापूर्वक आग्रह गर्दछु । हवस्, धन्यवाद ।

<u>**सम्माननीय अध्यक्षः**</u>- माननीय सदस्यहरू, राष्ट्रिय सभा नियमावली, २०७५ को नियम १९२ बमोजिम माननीय उद्योग वाणिज्य तथा आपूर्ति मन्त्री दिलेन्द्र प्रसाद बडूले दिएको वक्तव्यका सम्बन्धमा केन्द्रित रही प्रश्न सोध्न चाहानुहुने माननीय सदस्यहरूलाई समय उपलब्ध गराउँछु । प्रत्येक माननीय सदस्यहरूलाई १ मिनेटको समय निर्धारण गरेको छु ।

माननीय देवेन्द्र दाहाल ।

**माननीय श्री देवेन्द्र दाहाल (नेपाल कम्युनिष्ट पार्टी, एमाले):-** सम्माननीय महोदय, मन्त्रीज्यूले दीर्घकालीन भन्दा पनि तत्कालीन विद्यार्थी र गरिबीको रेखामुनि रहेका जनतालाई राहतको प्याकेज के ल्याउनुभएको छ ? एउटा । अर्को पेट्रोलियम पदार्थको मूल्य वृद्धि स्वचालित मूल्य निर्धारण कार्यविधि खारेज भएको हो कि अथवा के भएको हो ? किनभने १५ दिनभन्दा यता त मूल्य निर्धारण नगर्ने मूल्यमा समायोज नगर्ने भनिएको छ । जब कि जेठ १ गतेदेखि ९ सम्मको गरियो । ९ दिन, जेठ १ मा गरियो फेरि ९ दिनमा गरियो । जेठ २७ मा गरियो । अनि असार ६ मा गरियो १० दिनमा । यसको जवाफ पाऊँ । हस्, धन्यवाद ।

**सम्माननीय अध्यक्षः-** माननीय अनिता देवकोटा ।

**माननीय श्री अनिता देवकोटा (नेपाली काँग्रेस):-** ...(आवाज नसुनिएको)

**सम्माननीय अध्यक्षः-** माननीय प्रकाश पन्थ ।

**माननीय श्री प्रकाश पन्थ (नेपाली काँग्रेस):-** सम्माननीय अध्यक्ष महोदय, अब माननीय मन्त्रीज्यूको त्यो विद्युत् बढाउने, अर्को त्यो पेट्रोलियम पदार्थ घटाउने नीतिहरू त्यही सुनियो । त्यसमा अलिकति के छ भन्दाखेरि ग्यासँलाई चाहिँ प्रतिस्थापनै गर्नुपर्‍यो किचनमा चाहिँ विद्युतीय चुलोहरू चाहिँ बरू सरकारले नै किनेर सर्वसुलभ रूपमा उपलब्ध गराउने व्यवस्था मिलाउन आवश्यक छ । उद्योगधन्दाहरूलाई एकदम अब कम्पलसरी, अनिवार्य रूपमा नै अब विद्युत सिस्टममा जाने कुरालाई अलि जोड बल नै गर्नुपर्ने हो कि । र यो कम्तीमा यो सरकारी कार्यालयका गाडीहरूलाई चाहिँ एकदम तुरुन्तै अनिवार्य नै विद्युतीय सिस्टममा नै जाने तरिका गर्न सकियो भने केही राहत मिल्थ्यो जस्तो लाग्छ । यसलाई त्यहाँ थप्न सकियो भने राम्रो हुन्थ्यो । धन्यवाद ।

**सम्माननीय अध्यक्षः-** माननीय भगवती न्यौपाने ।

**माननीय श्री भगवती न्यौपाने (नेपाल कम्युनिष्ट पार्टी, एमाले):-** सम्माननीय अध्यक्षज्यू, यो पेट्रोलियम पदार्थको मूल्य वृद्धि गर्ने कुरा बजारमा स्टक कति छ भन्ने कुरा सरकारलाई जानकारी नै हुँदैन भन्ने कुरा विश्वास गर्न सकिँदैन । जब मूल्य वृद्धि गरिन्छ, मूल्य वृद्धि गरेको निर्णय गर्नेबित्तिकै कार्यान्वयनमा जान्छ । बजारमा स्टक कति छ भन्ने कुरा पनि सूचना हुँदैन । त्यसैले गर्दाखेरि व्यापारी र सरकारको बिचमा मिलेमतो छैन भनेर कसरी विश्वास गर्ने ? प्रष्ट हुन चाहन्छु । धन्यवाद ।

**सम्माननीय अध्यक्षः-** माननीय शेखर कुमार सिंह ।

**माननीय श्री शेखर कुमार सिंह (लोकतान्त्रिक समाजवादी पार्टी नेपाल):-** सम्माननीय अध्यक्ष महोदय, निश्चित रूपमा ... मै नै पेट्रोलियम पदार्थको मूल्य आकाशिएको छ । हामी स्वीकारेका छौं । तर माननीय मन्त्रीज्यू के गर्ने ? कृषिको बेला पनि यही हो । किसानले ट्रयाक्टर जोट्ने बेला पनि यही भएको नाताले सरकारले आफ्नो ट्याक्सेसनहरू घटाएर डिजेलमा केही राहत दिने हो कि भन्ने मैले आशा राखेको छु । र यसै सम्बन्धमा माननीय मन्त्रीज्यूबाट केही आउला भनेर विश्वास राखेको छु ।

**सम्माननीय अध्यक्षः-** माननीय गंगा कुमारी वेलवासे ।

**माननीय गंगा कुमारी बेलबासे (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र):-** सम्माननीय अध्यक्षज्यू, एलपी ग्याँसलाई घरेलु प्रयोजन र व्यापारिक प्रयोजनको लागि तुरुन्तै छुटयाइयोस् । रङ्ग, गन्ध र साइजमा परिवर्तन गरेर त्यसलाई नियमन गरियोस् । एलपी ग्याँसमा हामीले ७२ अर्ब खर्चिँदै आएका छौं वर्षेनी । त्यसलाई विद्युतीय चुलो चाहिँ एक पटकलाई सबै नेपाली जनतालाई दिने व्यवस्था बजेटमा गरेर अहिले हामी बजेटमै छौं, गरेर एक पटकलाई सबै परिवारमा विद्युतीय चुलोको वितरण गरियोस् भन्ने म माग गर्दछु । र यो १५ दिनमा नियमन गर्ने कुरा के हो ? परिवर्तन भएको हो भने जानकारी गराउन माग गर्दछु । हस्, धन्यवाद ।

**सम्माननीय अध्यक्षः**- माननीय सुमित्रा वि.सी. ।

**माननीय श्री सुमित्रा वि.सी (नेपाल कम्युनिष्ट पार्टी, एमाले)ः**- ... भन्नु भा' छ । स्टक पनि अनुगमन गरेको छ भनेर । मूल्य वृद्धि निर्धारणको सूची आउनुभन्दा अगाडि स्टक अनुगमन गर्ने गरेको छ कि छैन ? गर्नुपर्छ कि पर्दैन ? र यदि निगम घाटामा छ भने कर्मचारीले बोनस कसरी खान्छन् ? चुहावट नरोक्ने र अनियमितता नरोक्ने खालि मूल्य वृद्धि मात्रै समस्याको समाधान हो र ? म अध्यक्ष महोदयमार्फत मन्त्रीज्यूको ध्यानआकर्षण गर्न चाहन्छु ।

**सम्माननीय अध्यक्षः**- माननीय भैरव सुन्दर श्रेष्ठ ।

**माननीय भैरव सुन्दर श्रेष्ठ (नेपाल कम्युनिष्ट पार्टी, एमाले)ः**- सम्माननीय अध्यक्षज्यू, मन्त्रीज्यूले मूल्य वृद्धिको सन्दर्भमा चाहिँ केही कुराहरू भन्नुभयो । तर यो बजार अनुगमन पनि प्रभावकारी ढङ्गले भइरहेको छ भन्नुभएको छ । तर अहिले बजारमा चिनी, दालजस्ता लगायतका दैनिक खाद्य वस्तुको अभाव सिर्जना भइरहेको छ । यो अभाव सिर्जना हुने समय चाहिँ अनुगमनले यस्तो रिपोर्ट कस्तो दिने हो ? एउटा यो सोध्न चाहन्छु । र यो बजार अनुगमन साहायक प्रमुख जिल्ला अधिकारीको संयोजकत्वमा भन्ने कुरा पनि यो कहिलेदेखि सुरु हुन्छ ? र यिनै कुराहरू म राख्न चाहन्छु । धन्यवाद ।

**सम्माननीय अध्यक्षः**- माननीय उर्मिला अर्याल ।

**माननीय श्री उर्मिला अर्याल (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र)ः**- मैले माननीय सभाअध्यक्षज्यूमार्फत मन्त्रीज्यूको पनि ध्यानआकर्षण गराउन चाहेँ । अब यो एउटा चुलो चाहिँ प्रतिस्थापन अहिले हामी इन्डियामा बिजुली सप्लाइ गरिराख्या' छौं । र मलाई लाग्छ, अहिले नेपाली चुलोहरू चाहिँ हामीले यो ग्याँसबाट चाहिँ प्रतिस्थापन गरेर विद्युतीय चुलो किन्न पनि सक्छन् मान्छेले । हरेक महिना जुन ग्याँस किनिन्छ, धेरै

महङ्गो छ । चुलै किनेर भए पनि कम से कम अलि सहुलियत गर्न सक्ने हो भने हामीलाई यो भार धेरै घटाउन सकिन्छ । दोस्रो, विद्युतीय गाडीमा चाहिँ एकदम धेरै भन्सार नलगाएर कम भन्सार गराएर विद्युतीय गाडीको सुरुवात किन नगर्ने ? देशले सोच्नुपर्ने लङट्र्म हिसाबले लामो अवधिलाई सोच्नुपर्ने हुन्छ । र अर्को चाहिँ रस्साबाट इन्डिया, चाइनाले सस्तोमा तेल ल्याइराखेका छन् अरे । अन्य मुलुकहरूले त्यहाँ प्रतिबन्ध लगाएको हुनाले त्यसकारण हाम्रा छिमेकी देशहरूसँग त्यहीँ इन्डियामा सस्तो छ । यहाँ एकदम धेरै महङ्गो भइराखेको अवस्थाहरू बुझिएको । त्यसकारणले उहाँहरूसँग समन्वय गरेर हामीले अलि सस्तोमा चाहिँ अलि तत्कालको लागि ल्याउनुपर्ने र एउटा लामो अवधिलाई एउटा लामो सोचसहित सरकार जानुपर्ने आवश्यकता देखेको छु । त्यतापट्टि.....(समय सकिएको) ।

<u>**सम्माननीय अध्यक्ष**</u>ः- माननीय सदस्यहरू, अब म माननीय उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्री दिलेन्द्रप्रसाद बडूलाई माननीय सदस्यहरूले उठाउनुभएका जिज्ञासाका सम्बन्धमा प्रष्ट पार्नका लागि समय उपलब्ध गराउँछु ।

<u>**माननीय उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्री श्री दिलेन्द्रप्रसाद बडूः**</u>- सम्माननीय अध्यक्ष महोदय, विषयसितै सम्बन्धित थप जिज्ञासाहरू राखुभएको छ, माननीय सांसदहरूले म फेरि धन्यवाद दिन चाहन्छु । र खास गरी गरिबीको रेखामुनि रहेका र विद्यार्थी वर्गसमेतका लागि के सोचिएको छ भनिएको छ र यसको तत्कालमै पनि एउटा निर्णय गरिबीको रेखामुनि रहेका सर्वसाधारण जनताको घरायसी प्रयोगका निमित्त आवश्यक एलपी ग्याँसलाई छुट्टै रङ्गले दिने र परिणाम, परिमाण पनि तोक्ने र व्यवसायिक प्रयोजनको निमित्त छुट्टै रङ्ग अथवा साइज दिने के सकिन्छ व्यवस्था छुट्टै गर्नुपर्छ राहातको स्वरूप भन्ने निर्णय भएको मैले योभन्दा पहिले जानकारी गराएँ मैले बोल्ने क्रममा पनि । र त्यसको छिट्टै एउटा निकास हामी निकाल्दै छौं । निगमले यसमा आफ्नो प्रक्रिया सुरु गरेको छ यो जानकारी गराउन चाहन्छु ।

आर्को यो १५/१५ दिनमा मात्रै दुई पटक मूल्य बढ्न सक्ने हो महिनामा तर जेठको महिना दुई फेर ९ दिनमै बढ्यो भन्ने कुरा योभन्दा पहिले पनि मैले जवाफ दिँदा स्पष्ट गरेको थिएँ । त्यो रेकर्ड नहेरिकन राखिएको जिज्ञासा थियो र मैले भनेको थिएँ त्यो

दिन जेठ १ र ९ मा होइन । बरु वैशाख ३१ मा बढेको थियो र आर्को जेठको ९ गते बढेको थियो महिना फरक थियो र एकै ९ दिनमै २ पटक बढेको अवस्था होइन । त्यसकारणले यो छुट्टै महिना थियो र वैशाखमा एक पटक बढ्यो र जेठमा दुई पटक बढ्यो यसो चाहिँ हो । त्यसकारणले यसलाई म यसरी चाहिँ स्पष्ट गर्न चाहन्छु । र मूल्य नियन्त्रण गर्ने सन्दर्भमा स्वाभाविक रूपले सरकार पनि संवेदनशील छ र अहिले जुन अवस्थामा मूल्य वृद्धि गर्नुपर्‍यो र आफू घाटा रहेर पनि निगमले अहिले पनि अनुदानबाट सेवा गरिरहेको अवस्था छ र सरकार यसका प्रति संवेदनशील छ । यहाँहरूको यो सल्लाहका लागि म हार्दिक फेरि धन्यवाद दिन चाहन्छु ।

र आर्को यो बढ्दा बढ्ने र घट्दा घट्ने यो २०७१ सालदेखि स्वीकृत रहेको अटोमेसनमा जान्छ नै तर यसो गर्दा बढ्दा कहिलेकाहीँ बढ्दाखेरि अगिल्लो स्टकभन्दा बढाएर बेच्दाखेरिको जुन नाफाको अवस्था छ त्यहाँ कुनै समस्या हो कि भन्ने प्रश्न उठिरहेको छ त्यो स्वाभाविक कुरा हो । तर त्यस्तै अचानक घट्दाखेरि पहिले बढेको मोलमा लिएको स्टकलाई घटेको मूल्यमा बेच्नुपर्दा घाटा हुने जुन क्षतिपूर्ति छ त्यो कसले दिने यो सम्बन्धमै अहिलेको नियामावलीले गरेको व्यवस्था के रहेछ भने घट्दाखेरि हुने नाफा र बढ्दाखेरि हुने क्षति यी दुवै निगम त्यसका लागि जिम्मेवार हुने छैन र विक्रेताले बेहोर्नुपर्ने छ भन्ने अहिलेसम्मको विद्यमान नीतिले गर्‍या व्यवस्थाअनुसार भइरहेको छ र त्यो हुन नपाओस् । त्यसमा कुनै त्रुटी हुन नपाओस् भनेर सरकार सचेत छ । अनुगमनको व्यवस्था पनि जरुर पनि यस सन्दर्भमा गरिएको छ । आवश्यकताअनुसार फेरि गरिन्छ पनि यसलाई नियन्त्रण गर्ने अवस्थामा छ तर अहिले जे अवस्था लागु छ त्यो अहिलेको अवस्था होइन यो सुरुदेखि धेरै पहिलेदेखि विद्यमान जुन नियामावली छ त्यसअनुसार सेवा प्रवाह भइरहेको अवस्था म जानकारी गराउन चाहन्छु ।

र अरू अब यो इन्डियाबाट अहिले बिजुली किन supply भइरहेको छ यतिबेला बरु बिजुलीको प्रयोग गरेर विद्युतीय चुलोहरूमा अनुदान दिनुपर्ने कुरा जुन आएको छ त्यो अवश्य पनि विद्युतीय चुलोको प्रयोग गर्ने र प्रयोगमा सहुलियत दिने भन्ने नीति त यही संसदले पास गरिसक्या अवस्था पनि छ । र यो बजेट अझ पास हुने क्रममा छ । त्यसकारणले यो सरकारको नीतिभित्र पनि परेकै विषय हो यसरी म यहाँहरूलाई जानकारी गराउन चाहन्छु । र अन्य सस्तो बजारबाट ल्याउन सक्ने अवस्था छ कि छैन ? भन्ने जहाँसम्म प्रश्न छ यी सबै विचार विविधीकरणलगायतको अन्य नीतिगत र संस्थागत सुधारका निमित्त अहिले जुन आयोग बनेको छ, कार्यदल बनेको छ । अहिले

हाम्रो योजना आयोगको माननीय उपाध्यक्षज्यूको नेतृत्वमा त्यसको TOR भित्र परेको छ त्यसकारणले यसको सिफारिसपछि सबै विषयहरूमा सुधार गर्ने योजनामा सरकार छ यो पनि मैले जानकारी गराउन चाहन्छु । हवस् धन्यवाद ।

**<u>सम्माननीय अध्यक्ष</u>**:- माननीय सदस्यहरू, विनियोजन विधेयक, २०७९ का विभिन्न शीर्षकहरूमाथिको छलफलको क्रम जारी रहन्छ । यसअन्तर्गत आज शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय, परराष्ट्र मन्त्रालय, खानेपानी मन्त्रालय र स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयसम्बन्धी विनियोजन शीर्षकहरूमाथि हुने बेहोरा जानकारी गराउँछु ।

माननीय सदस्यहरू, राष्ट्रिय सभा नियमावली, २०७५ को नियम १३४ बमोजिम भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय र संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयसम्बन्धी विनियोजन शीर्षकमाथि एक/एक जना गरी जम्मा दुई जना माननीय सदस्यहरूबाट दुइओटा खर्च कटौतीका प्रस्तावहरू प्राप्त हुन आएका छन् । अब म खर्च कटौती प्रस्तावको प्रस्तावक माननीय भगवती न्यौपानेलाई आफ्नो खर्च कटौतीको प्रस्ताव प्रस्तुत गर्दै आजका लागि निर्धारित मन्त्रालयका विनियोजन शीर्षकहरूमाथिको छलफलमा समेत भाग लिन समय उपलब्ध गराउँछु । समय १० मिनेट ।

**<u>माननीय श्री भगवती न्यौपाने (नेपाल कम्युनिष्ट पार्टी, एमाले)</u>**:- सम्माननीय अध्यक्ष महोदय, म आफ्नो खर्च कटौतीको प्रस्ताव राख्नभन्दा पहिला अलिकति कुरा राख्न चाहन्छु । माननीय अर्थमन्त्रीज्यूको राजनीतिक पृष्ठभूमिबाट बुझाइ के थियो भने उहाँ वर्ग विभेदको निम्ति सङ्घर्ष गरेको नेता हो । दलाल नोकरशाही पुँजीवादका विरुद्ध सङ्घर्ष गरेको नेता हो भन्ने बुझाइ थियो । तर आज बजेट हेर्दै गर्दा उहाँप्रतिको बुझाइ जे थियो, त्योभन्दा फरकखालको उहाँको व्यवहारले, उहाँको भूमिकाले, उहाँले प्रस्तुत गर्नुभएको बजेटलाई हेर्दाखेरि आज फरक खालको निष्कर्ष निस्किएको छ । उहाँ जुन वर्गीय पक्षधरताका निम्ति भनेर सङ्घर्ष गर्नुभएको भन्ने बुझाइ थियो । आज त्योभन्दा फरक दलाल नोकरशाही पुँजीवादको प्रतिनिधिको हितमा यो बजेट विनियोजन भएको छ । त्यसैले गर्दा व्यापारीहरूको ठुला व्यापारीहरूको, हितमा यो बजेट विनियोजन भएको

छ । त्यसैले उहाँको विचारमा पनि एउटा स्खलन आएको धेरै स्खलित हुनुभएछ भन्ने आज त्यो खालको उहाँप्रतिको दृष्टिकोण बद्लिएको छ । उहाँ वैचारिक रूपले पनि स्खलित हुनुभएछ भन्ने निष्कर्ष निस्केको छ ।

र म आफ्नो खर्च कटौतीको प्रस्तावको बारेमा अलिकति कुरा राख्न चाहन्छु । मैले यो वैकल्पिक सहायक राजमार्ग भनेर जुन नाम दिइएको छ, बजेटमा । ८४ पेजदेखि ११४ पेजसम्म ८०२ ओटा सडकहरूलाई समावेश गरेर त्यो मार्गको नाम वैकल्पिक सहायक राजमार्ग भनेर राखिएको छ । म भन्न चाहन्छु । यो नाम वास्तवमा राख्नु नै लज्जा छ । जुन खालको एउटा वैकल्पिक मार्ग भनेर भनिएको छ, सहायक मार्ग भनिएको छ । यो विनाअध्ययन, विनासिद्धान्त, कुनै सिद्धान्तमा टेकेर पनि बजेट विनियोजन गरिएको छैन, योजना छनोट गरिएको छैन । कुनै नीतिमा टेकेर योजना छनोट गरिएको छैन । योजना छनोट गर्दा अवश्य पनि नीति छ यसको, विधि छ यसको, सिद्धान्त छ यसको, मानव विकास सूचकाङ्कलाई आधार बनाइन्छ होला, भूगोललाई आधार बनाइन्छ होला, जनसङ्ख्यालाई आधार बनाइन्छ होला । तर कुनै कुरालाई आधार नबनाइकन बजेट विनियोजन गरिएको छ ।

गत २०७७/७८ को बजेटमा ४२ ओटा यस्ता राजमार्गहरू समेटिएको थियो । २०७८/७९ मा आइपुग्दा ७८ ओटा योजनाहरू समावेश गरिएको थियो । अहिले २०७९/८० मा आइपुग्दा ८०२ ओटा योजनाहरू वैकल्पिक राजमार्ग भनेर समेटिएको छ । तर ती आयोजनाहरू हेर्दा टोलस्तरका योजनाहरू धेरै छन् । वडास्तरका योजनाहरू धेरै छन् । त्यसैले यो जुन वैकल्पिक राजमार्ग भनेर भनिएको छ सहायक राजमार्ग भनिएको छ । विगतमा जुन एउटा महत्त्व राख्ने, जनताको जीवनमा बदलाव ल्याउने गरी जुन ढङ्गले यो आयोजनाहरू वैकल्पिक राजमार्ग भनेर, सहायक राजमार्ग भनेर नामाकरण गरेर चाहिँ योजना छुट्याइएको थियो । त्यसलाई पनि हटाएर अहिले थुप्रै टोलस्तरका योजनाहरू समावेश गरिएको छ । त्यसैले गर्दा मैले यो राजमार्गको सन्दर्भमा जुन खर्च छ, जुन विनियोजन रकम छ, त्यसलाई खर्च कटौती गरियोस् एक रुपैयाँ खर्च कटौती गरेर, रकम कटौती गरेर एक रुपैयाँ कायम गरियोस् भनेर प्रस्ताव राख्न चाहन्छु ।

र म यो बजेटको सन्दर्भमा अरू धेरै थुप्रै प्रश्नहरू छन्, थुप्रै सबै मन्त्रालयका विषयमा धेरै प्रश्नहरू छन् । तर हामीसँग समय सीमित छ । म भन्न चाहन्छु

वास्तवमा सङ्घीयतामा गइसकेपछाडि सङ्घले बनाउने बजेट कस्तो हो ? केन्द्रले बनाउने बजेट, प्रदेशले बनाउने बजेट, स्थानीय तहको सरकारले बनाउने बजेटको विषयमा नीति तय गरिएको छ, सिद्धान्त तय गरिएको छ । राष्ट्रिय गौरवका आयोजनाहरू महत्त्व राख्ने राष्ट्रका धेरै महत्त्व राख्ने आयोजनाहरू सङ्घले विनियोजन गर्छ । त्यस्ता योजनाहरू सङ्घले छनोट गर्छ । म योजना आयोगलाई पनि प्रश्न गर्न चाहन्छु । कम्तीमा योजना छनोट गर्दा योजना आयोगको ध्यान कता जाने गर्दछ ? आज यो किताब पल्टयाएर हेर्दै गर्दाखेरि २ लाख, ४ लाख, ६ लाख, १० लाख, १२ लाख, १५ लाख, २० लाखका आयोजनाहरू थुप्रै देखिने गर्दछन् । यो के केन्द्रले छुट्याउने योजनाहरू, केन्द्रले विनियोजन गर्ने बजेटहरू यस्तै हुने गर्दछ ? म भन्न चाहन्छु ।

देशको माया गरौं । देशलाई माया गरौं । निर्वाचनमा कसरी जित्ने भनेर बजेट विनियोजन गर्ने भन्ने भन्दा पनि आज त्यस्तै देखिन्छ । चुनाव कसरी जित्ने भनेर हिसाबकिताब गरेर बजेट विनियोजन गरेको देखिन्छ । बजेट छरिएको देखिन्छ । कनिका छरेझैं बजेटलाई छरेको देखिन्छ । कति जनतालाई लाभान्वित बनाउन सकिन्छ, समृद्धिमा कति टेवा पुऱ्याउन सकिन्छ, देशको विकासमा कति मद्दत पुऱ्याउन सकिन्छ, भन्ने कुरालाई हेक्का नगरिकन बजेट विनियोजन गरेको यो बजेट किताब पुस्तिका पढ्दै गर्दाखेरि त्यस्तो देखिने गर्छ । त्यसैले म अनुरोध गर्न चाहन्छु माननीयज्यूहरूलाई पनि राम्रोसँग मसिनो गरी अध्ययन गरियो भने बजेटका स्रोतहरूलाई आम्दानीका स्रोतहरूलाई पनि राम्रोसँग अध्ययन गरियो भने वास्तवमा यो बजेट यस्तो बजेट छ ।

एकातिर केन्द्रले विनियोजन गर्ने बजेट, स्थानीय तहले विनियोजन गर्ने बजेटलाई केन्द्रले समेटेको देखिन्छ भने एकातिर काल्पनिक बजेटहरू, काल्पनिक योजनाहरू यो बजेटमा समावेश गरिएको छ । जुन कुरा कार्यान्वयनै हुन सक्दैन । त्यस्ता काल्पनिक योजनाहरूको बजेट बनाइएको छ । जनतालाई जनताको चेतानाको स्तरलाई धेरै कमजोर ठानेर जे प्रस्तुत गर्दिए पनि हुन्छ जनताले पत्याइहाल्छन्, हामीलाई भोट दिइहाल्छन् भन्ने मान्यता राखेर बजेट विनियोजन गरिएको छ । त्यसैले म भन्न चाहन्छु यस्तो चुनाव केन्द्रित बजेट हिसाबकिताब गरेर बजेट विनियोजन गर्ने कुराले समाजवादलाई कहिल्यै भेटाउन सकिँदैन । मुलुकलाई समृद्ध मुलुक बनाउन सकिँदैन । जनतालाई सुखी जनता बनाउन सकिँदैन । त्यसैले म अनुरोध गर्न चाहन्छु, यस्तो सच्चाइयोस् । यद्यपि यहाँ हामी छलफल गर्ने गर्छौं । यो छलफलको कुनै औचित्य त छैन । तर पनि हामी जनताको आवाज बोलिराख्नुपर्छ भनेर बोल्ने गर्छौं । यो हाम्रो

भावना, यो जनताको भावना त्यो बजेटमा प्रतिविम्बित हुँदैन । तैपनि हामीले जनताका आवाजहरू बोलिराख्छौं ।

म भन्न चाहन्छु यहाँ ठेकेदारहरू बहुआयोजनाहरू एउटै ठेकेदारलाई दिने जुन खालको एउटा परिपाटि छ । यो वास्तवमा सच्याइएन भने एउटै ठेकेदार जब ठेकेदारको क्षमता के हो भन्ने कुरा पनि अध्ययन गरिएको हुँदैन । उपकरण कस्तो छ भन्ने कुरा पनि उपकरणको क्वालिटीलाई मापन पनि गरिएको हुँदैन । तर एउटा ठेकेदारलाई जब ठेक्का दिइन्छ बहुआयोजनाहरू १२ वर्षसम्म, १५ वर्षसम्म योजना complete नभएका त्यस्ता आयोजनाहरू पनि छन् ।

त्यसैले यो भुक्तानी सिस्टमलाई पनि परिवर्तन गर्नुपर्ने छ । अलि अलि काम गरेको जस्तो देखाएर भुक्तानी लिने अनि आफ्नो पेसा व्यवसायमा त्यो रकम लगाउने र मुलुकलाई ठग्ने त्यस्तो खालको स्थिति पनि देखिएको छ । त्यसैले ठेकदारहरू रोज्दा, छनोट गर्दा आफन्तहरूलाई रोज्ने, कमिसन लिन कुन ठेकदारलाई जिम्मा दिँदाखेरि कमिसन लिन सहज हुन्छ । तिनै ठेकेदारहरूलाई जिम्मा दिने । घरबेटीहरूलाई जिम्मा दिने । आफन्तहरूलाई जिम्मा दिने । त्यस्तो खालको अवस्था छ । यसलाई अन्त्य नगरिकन मुलुक समृद्ध हुन्छ, बजेटको सदुपयोग हुन्छ भन्ने कुरा केवल यो सपना मात्रै हुने छ । निदाउँदा देखिएको सपना मात्रै हुन्छ । जागृत हुँदा देखिएका सपनाहरू होइनन् । जागृत हुँदा देखिएका सपनाहरू विपनामा परिणत हुन सक्छ । तर निदाउँदा देखिएका सपनाहरूले एकछिन आनन्द दिन सक्छ । निदाउँदा आनन्द दिन सक्छ । तर बिउझिँदा त्यो सपना नै हुन्छ ।

(म अलिकति एक मिनेट समय लिएर भन्न चाहन्छु अब ।) तनहुँको योजनाको बारेमा । (एक मिनेट समय थप्दिनका निम्ति म अनुरोध गर्दछु सम्माननीय अध्यक्षज्यूसँग ।) तनहुँको बारेमा म अलिकति कुरा राख्न चाहन्छु । तनहुँ यस्तो जिल्ला हो, भाग्यमानी । तनहुँको क्षेत्र नम्बर १ अझ यस्तो भाग्यमानी जिल्ला हो । २०४८ सालदेखि यता प्राय मन्त्री नभएको कहिल्यै छैन । तर त्यहाँ विकासलाई हेर्दाखेरि त्यो भाग्यमानी क्षेत्रभित्र पर्दैन । भाग्यमानी जिल्लाभित्र पर्दैन । त्यहाँ एउटा बुद्धसिङ मार्ग छ । बुद्धसिङ मार्ग दमौलीबाट चितवनको सडक खण्डमा निस्कने त्यो बुद्धसिङ मार्गको track खोलेको ३० वर्ष भइसक्यो । आज पनि बाटो complete भएको छैन । घुनाउने भन्ने ठाउँमा पुलको सम्झौता भएको ८ वर्ष भइसक्यो । अहिले पनि ३० प्रतिशतभन्दा

काम हुन सकेको छैन । पोखरातिरबाट आउँदै गर्दा चितवन पुग्नलाई २४ किलोमिटर दूरी कम हुने बाटो त्यो ३२ किलोमिटर बाटो हो । त्यसकारण म ध्यानाकर्षण गराउन चाहन्छु । त्यो केन्द्रकै योजनामा राखेर त्यसलाई करिब ५० करोड जति बजेट विनियोजन गर्ने आवश्यकता छ । त्यसतर्फ सरकारको ध्यान जाओस् भन्ने म राख्न चाहन्छु ।

त्यस्तै गरेर दमौलीमा एउटा जिल्ला अस्पताल छ । त्यो जिल्ला अस्पताल चाहिँ अहिले धेरै वर्षदेखि १५ शैय्याको जिल्ला हस्पिटल छ र ५० शैय्याको जिल्ला अस्पतालको माग गरेर १५ रोपनी जग्गाको माग गरेर अस्पताल व्यवस्थापन समितिले धेरै पटक निर्णय गरेको छ । तर आज पनि १५ शैय्याबाट माथि उठाउन सकिएको छैन, स्तर उन्नति गर्न सकिएको छैन । त्यसैले गर्दाखेरि आज त्यहाँ जुन एउटा स्वास्थ्य सेवा उपलब्ध गराउन सक्ने हो । त्यो हुन सकिरहेको छैन । यसतर्फ पनि म सरकारको ध्यान जाओस् भनेर भन्न चाहन्छु ।

त्यस्तै गरेर शालिग्राम करिडोर जुन देवघाट धाम एउटा प्रसिद्ध धार्मिक स्थल हो । मुक्तिनाथ चाहिँ प्रसिद्ध धार्मिक स्थल हो । त्यसलाई जोड्ने शालिग्राम करिडोर छ । केन्द्रअन्तर्गत नै ............(समय सकिएको) ।

**सम्माननीय अध्यक्ष**:- माननीय सदस्यहरू, अब म खर्च कटौती प्रस्तावको प्रस्तावक माननीय सोनाम गेल्जेन शेर्पालाई आफ्नो खर्च कटौतीको प्रस्ताव प्रस्तुत गर्दै आजका लागि निर्धारित मन्त्रालयका विनियोजन शीर्षकहरूमाथिको छलफलमा समेत भाग लिन समय उपलब्ध गराउँछु । समय ३ मिनेट ।

**माननीय श्री सोनाम गेल्जेन शेर्पा (नेपाल कम्युनिष्ट पार्टी, एमाले)**:- सम्माननीय अध्यक्षज्यू, अहिले म यो संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयअन्तर्गत केही कुरा राख्न गइरहेको छु र यो जुन किसिमले बजेट आएको छ त्यो बजेटले हाम्रो यो पर्यटन, नागरिक उड्डयन तथा संस्कृति मन्त्रालयको एउटा भूल एउटा म्याच हुनुपर्ने त्यो म्याच भइरहेको छैन । ट्याक्र टुक्री बजेटहरू दिएको छ । त्यो ट्याक्र टुक्री बजेटले सबैलाई खुसी पार्नको लागि खुसी पार्न खोजिएको छ । मैले यो बजेटको शीर्षकमा एउटा हेरें । चाँगुनारायणलाई पनि खुसी पार्न खोजिएको छ, नारायणहिटीलाई पनि खुसी

पार्न खोजिएको छ । एउटा के भन्या रहेछ भने चाँगुनारायणको मन्दिरमा चढाउने पानी लिनको लागि नारायणहिटीको सिँढी भराउनुपर्ने । सिँढीको लागि बजेट भनेर छुट्याएको छ । अब नारायणहिटीको सिँढी, त्यो सिँढी बनाउने कुरालाई चाँगुनारायणसँग जोडिएको छ र नारायणहिटीको सिँढी भराउने भनेर लेख्दाखेरि केही हुँदैनथ्यो होला तर तपाईंहरूको लागि हामीले चाहिँ नारायणहिटीको सिँढी बनाइदिएको छौं है भनेर चाँगुनारायणलाई खुसी पार्न खोजिएको छ । त्यस्तो खालको प्रवृत्ति बजेटमा देखिएको छ ।

र अर्कोतर्फ जुन किसिमले यसले, यो बजेटले हाम्रो यो जुन किसिमको पर्यटन छ हिमालसम्बन्धी पर्यटन ट्रेकिङ्गसम्बन्धी पर्यटन पर्यावरणसँगको सम्बन्ध छ त्यो जुन किसिमको पर्यटन छ त्यसलाई address गर्न खोजिएको छैन । यो टक्रा टुक्रे बजेट छ चुनावी मुद्दा जस्तो फेरि यसो हेर्दाखेरि गाउँपालिकाले छुट्याउने बजेट जस्तो गरेर राखिएको छ । त्यसकारण म राष्ट्रिय सभा नियामावली, २०७५ को परिच्छेद १६ को १३४ को (क) बमोजिम संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयअन्तर्गतको खर्च कटौती गरी रु. १ रुपियाँ कायम गरोस् भन्ने प्रस्ताव यहाँ सभासमक्ष पेस गर्दछु । अर्को म यहाँ सरकारलाई ध्यान आकृष्ट गर्न के चाहन्छु भन्दाखेरि अहिले यो वायुसेवा सङ्घहरू र नागरिक उड्डयनबिचमा चाहिँ जुन किसिमको विवाद भइरहेको छ त्यसको समाधानको लागि पनि पहल गरोस् भन्ने म सरकारको ध्यान आकृष्ट गर्न चाहन्छु । धन्यवाद ।

**<u>सम्माननीय अध्यक्ष</u>:-** माननीय सदस्यहरू, अब आजका लागि निर्धारित मन्त्रालयसम्बन्धी विनियोजन शीर्षकमाथिको छलफलमा भाग लिनुहुने माननीय सदस्यहरूको नाम दलीय आधारमा प्राप्त हुन आएको छ । म माननीय सदस्यहरूलाई क्रमशः समय उपलब्ध गराउँछु ।

माननीय नारायण दत्त मिश्र । समय ७ मिनेट । यसपछि माननीय खिमलाल भट्टराई ।

**<u>माननीय श्री नारायण दत्त मिश्र (नेपाली काँग्रेस)</u>:-** सम्माननीय अध्यक्ष महोदय, हिजै बोलौंला भन्या थिएँ हिजो योग दिवस थियो र "योग गरौं स्वस्थ रहौं पनि भनौंला"

भन्ने साथीहरूलाई सोचेको आजभन्दा पनि हुन्छ त्यो कुरा । हामी योगलाई प्राथमिकता दिऊँ सबै हामी पनि योग गरौं र स्वस्थ रहौं ।

बजेटको, विनियोजित बजेटको मैले स्वागत गर्दछु । यो मेरो कर्तव्य हो । केही मेरा सुझाव म भनौंला । शिक्षाको सम्बन्धमा यो प्रत्येक वर्ष किताब किन ढिलो हुन्छ ? यसमा हामीसँग छापखानाको अभाव हो ? या कुनै व्यक्तिको कमी कमजोरी हो ? यसले के हो होइन एउटा एकचोटि संसदीय समिति बनाएर त्यो समितिले नै एउटा प्रतिवेदन दिएर त्यही प्रतिवेदनअनुसार अगाडि बढे पनि हुने हो कि यो कुरा हो किन, किन सालौं किताबको यस्तो हुन्छ म त्यसमा सबै कुरामा कमिसनै हेर्न हुँदैन है । यहाँ सबै के हो बडा, बडा चिन्ता लाग्या छ । यो किताब सधैं ढिलो पुग्छ ।

शिक्षासम्बन्धमा एउटा थप कुरा के भन्न चाहन्छु भने हामी कहाँ परम्परागत शिक्षा प्रणाली ब्रिटिसले लर्डहरूलाई पढाउनको लागि तयार गरिएको शैक्षिक कोर्स भारतमा आयो । भारतबाट त्यही शैक्षिक कोर्स हामीकहाँ आयो । हामीले इतिहास पढायौं, भूगोल पढायौं, समाजशास्त्र पढायौं, राजनीतिकशास्त्र पढायौं, दर्शनशास्त्र पढायौं । यस्तै यस्तै, यस्तै यस्तै किसिमका मनोविज्ञान आदि यस्तै यस्तै किसिमको कोर्सहरू राखियो । अब कम से कम अझै पनि यो कोर्स कहीं न कही बाँकी छ भने यसलाई ऐच्छिक कोर्स ..... र हामीले यो बजेटमा पनि भनिएको छ, व्यवस्था गरिएको छ कि अब हामी शिक्षालाई सिपसँग जोडौं । सिपलाई श्रमसँग जोड्ने । श्रमलाई रोजगारसँग जोड्ने । रोजगारलाई उत्पादनसँग जोड्ने । उत्पादनलाई बजारसँग जोड्ने कुरालाई द्रुत गतिमा अगाडि बढाउनको लागि सङ्घले के गर्नुपर्ने हो ? प्रदेशले के गर्नुपर्ने हो ? स्थानीय निकायले के गर्नुपर्ने हो ? अझ सरोकारवालाले के गर्नुपर्ने हो ? त्यतातिरपट्टी प्रस्टता आउनपऱ्यो । लेख्ने कुराहरू प्रत्येक वर्ष लेखिन्छन् । यस वर्ष पनि लेखिएको छ । लेखेर मात्र पुग्दैन कसरी, म त अझ बडो साधारण कुरा यसलाई उद्योगसँग जोड्न चाहन्छु । यो पाँचै क्लासदेखिका विद्यार्थीलाई ४/५ हजारको मात्र ज्यावल दिएर त्यहाँ राखिदिएर हामीले मूर्तिहरू बनाउने, बुद्धको मूर्तिहरू बनाउने त्यतिखेरदेखि नै सिकायौं । अरू मूर्तिहरू बनाउने रामको मूर्तिहरू बनाउने कुराहरू सिकायौं । बुद्धको मूर्तिहरू बुद्धिष्ट कन्ट्रीहरूमा रामको मूर्तिहरू यत्रो सँगै छिमेकी हाम्रो भारत वर्ष छ त्यहाँ । हामीले, हामीले ती मूर्तिहरू पनि supply गर्न सक्ने थियौं । हामीले त अब यो हातको काम ज्यादा मेसिनको काम कम ।

विपीले एकचोटि सुमेकलले लेखेको small is beautifull भन्ने किताब सबैले पढौं भनेर भन्नुहुन्थ्यो । हामी कहाँ, हामीकहाँ त्यो आवश्यकता हो । अझ म कहाँ त कैलाली जिल्लामा त्यत्रो ज्यादा कमैया बस्ती छ । त्यो कमैया बस्तीमा म सम्माननीय सभामुख महोदय, अध्यक्ष महोदय म भन्न चाहन्छु । म कहाँ जोशीपुर गाउँपालिकामा वार्ड नम्बर ३ मा रामनगर भन्ने सबभन्दा ठुलो कमैया बस्ती छ । त्यो कमैया बस्तीका १६, १७, १८, २०, २५ वर्षका जवान मानिसहरू महाराष्ट्रमा माछा मार्न जान्छन् । उनीहरू त्यहाँ एकदम कति केटाहरू सालौं डुबेर मर्छन् । उनीहरूलाई कम से कम उनीहरूलाई हातको काम बढी हुने मेसिनको काम कम हुने किसिमका उद्योगहरूतिर हामीले व्यवस्थित गर्न सक्यौं भने यस्ता गरिब परिवारहरू कमैया परिवारहरूको लागि ठुलो, ठुलो, ठुलो योगदान हुने थियो ।

र अब आयल निगमको कुरा धेरै गर्न हुँदैन यो कुरा धेरैले गरी सकें । तेल महङ्गो आउँछ जस्तो आउँछ त्यस्तो बेच्नैपर्ने हुन्छ सबै तेलै तेलको कुरा मान्छे गर्छन् । होइन आपूर्तिभित्रै त्यो कालीमाटीमा पाउने लौकी आजभन्दा ४ दिन अगाडि मैले लौकी किन्या थिएँ । कालीमाटीमा ३० रुपियाँ किलो पाउने लौकी यही बजारमा आएर ७० रुपियाँको किन हुन्छ ? त्यो यतातिरपट्टी मान्छेहरूको ध्यान किन जाँदैन ? त्यो तेलैमा मात्रै ध्यान किन गइरहन्छ ? अवश्य पनि यो आयल निगमभित्र हुने अनियमिततालाई घटाउनुपर्ने हुन्छ । यो अनियमितताको जिम्मेवार धेरै ठुलो ठाउँमा छ कि सानै ठाउँमा छ कि कहाँ कहाँ छ त्यसलाई त्यो अनियमिततालाई घटाउनेतिर हामी लागौं भन्ने मेरो, मेरो अनुरोध छ ।

र म हामी land locked country का मान्छे हौं । हामी भूपरिवेष्टित देशका मान्छे हौं । कहिले सामान कलकतामा रोकिन सक्छ । कहिले सामान वीरगञ्जमा रोकिन सक्छ । कहिले सामान भैरहवामा रोकिन सक्छ त्यतिमात्र होइन उत्तरका दुइटै नाकामा सामान रोकिन सकिन्छ, रोकिन सक्छ, रोकिरहन्छ । उत्तरतिरको त भाषा पनि नजानेर हो कि क्याओ त्यहाँ, त्यहाँ स्याउ त्यसै सड्छ अरू अरू कुराहरू त्यतातिरको भन्दा वीरगञ्जमा एकदिन रोकियो भने पनि चिल्ला ओठको कुराहरू आउँछ । कलकतामा रोकिँदाखेरि हामी धेरै कुरा गर्छौं । उत्तरतिरपट्टि पनि सामान रोकिएको छ । तसर्थ यो सामान रोकिएर हाम्रो भोलिका दिनमा हाम्रो निकासी ज्यादा नहुने सक्ने परिस्थिति छ भने अब हामी कम तौलका मूल्य ज्यादा भएका सामानहरू उत्पादनतिर

लागौं । हवाइजहाजतिरबाट नै सामान बाहिर पठाउने उद्योग उद्योगहरू विस्तार गर्नेतिर सरकारको ध्यान जान आवश्यक छ जस्तो लाग्छ ।

अब यो स्वास्थ्य मन्त्रीज्यू हुनुहुन्छ हगि यहाँ । सम्माननीय अध्यक्ष महोदय, स्वास्थ्य मन्त्रीज्यू हुनुहुन्छ । म भर्खर भर्खर यो राष्ट्रिय सभाको सदस्य भा'थिए अझ शपथ ग्रहण लिया थिएन म स्वास्थ्य मन्त्रीज्यू कहाँ गए । स्वास्थ्य मन्त्रीज्यू मेरो जिल्लामा सिकलसेल एनिमिया त्यो थारू जातिलाई मात्र हुन्छ । कस्तो कुनै जातिलाई मात्रै हुने रोग हुन्छ र ? भनेर भन्नुभयो उहाँले । म अलि नयाँ नयाँ मान्छे तर्सिएँ जस्तो भएँ । उहाँ अलि जोडले बोल्नुभयो, साँझको बेला मैले जान पनि साँझको बेला सकभर नगएको भए हुन्थ्यो यो किनभने दिनभरि थाकेका भर्खर भर्खर भएका मन्त्री दिनभरि थकाइले अब फेरि मन्त्री डाक्टर होइन उसले सबै कुरा बुझिहाल्नुपर्छ त्यो भन्ने पनि छैन । तसर्थ त्यो कुरालाई त्यहीँ, त्यहीँ, त्यहीँ थकित गरिकन म के भन्छु भने सिकलसेल ऐनिमियाका बिरामीहरूले एक लाखमात्र पाइराखेका छन् । वर्षौंसम्म बिरामीले औषधि गर्नुपर्ने हुन्छ तिनीहरूको पैसा बढाएर कम से कम तीन लाखसम्म पुऱ्याइयोस् । एउटा सिकलसेल एनिमियाको अस्पताल त्यही स्थापना गर्ने कता कता के के देखें जस्तो लागेको हो मलाई अब के हो कस्तो हो यो लेखिदिएर पनि कहिलेकाहीं झारा टार्ने हुन्छ यसलाई ल धन्यवाद । यो ताली चल्यो । (**सम्माननीय अध्यक्षः** माननीयज्यू समय सकिएको छ ।) हजुर ? (**सम्माननीय अध्यक्षः** समय सकिएको छ ।) (अहँ त्यस्तो त हुँदैन त्यस्तो म मान्दिनँ please यो सधैं मलाई समय पनि कम दिन सकियो भनेर भन्नुभयो please अब सम्माननीय अध्यक्ष महोदय मलाई कम से कम तीन मिनेट बढाइदिनु म बरु सबै कुराहरू खरर भनेर अगाडि बढ्छु ।)

धनगढी-स्याउले-दिपायल फास्ट ट्र्याक थियो यसपाला देखिएको छैन है बजेट वक्तव्यमा । अब सडकलाई सङ्घको सडक कुन हो ? प्रदेशको सडक कुन हो ? स्थानीय निकायको सडक कुन हो कि सडकमा रङ्ग लगाएर व्यवस्थित गर्नुपर्ने हुन्छ हैन भने सङ्घले स्थानीयको काम पनि गर्ने, प्रदेशको काम पनि गर्ने र त्यस्तो किसिमको कामहरूलाई यसलाई यो नगरियोस् । यातायातमा लाइसेन्समा एकदम हुने ढिलासुस्ती र त्यो (मेरो कुरा एकछिन please म अब यसलाई यति नै कुरा बुझ्नुहोस् ।)

अब मेरो कुरा परराष्ट्र मन्त्रालयतिर छ । परराष्ट्र मन्त्रालयमा हामी भारतलाई गाली गरिकन कसको चाकरी गर्न खोजेका हौं ? चीनलाई गाली गरिकन अमेरिकाको

चाकरी गर्न खोजेका हौं कि अमेरिकालाई गाली गरिकन चीनको चाकरी गर्न खोजेका हौं ? कम से कम यस कुराबाट मुक्त हुनुपर्छ । वीपी भन्नुहुन्थ्यो बुद्धिजीवीहरू भन्छन् । म कहाँ बुद्धिजीवी हुँ भनेर आउँछन् बुद्धि एक ठाउँ धरौटी राखेकाहरू म कहाँ बुद्धिजीवी भएर आउँछन् । तसर्थ नेपाली भएर नेपाली माटोलाई सम्झिएर कसैलाई गाली गर्नुको सट्टा कसरी सबैलाई समन्वय गरिकन यो नेपालको नेपाललाई अगाडि बढाउन सकिन्छ त्यतातिर पट्टि ध्यान दिऊँ । इन्डियाको चासो मदरसामा इन्डियाको चासो छ । माथि तिब्बती शरणार्थीमा चीनको चासो छ । त्यसै गरी अमेरिका र पश्चिमी देशहरूको चासो democracy मा छ । तसर्थ यो तीनटै ठाउँको समन्वय गरिकन अगाडि बढौं । एउटा संस्कृतमा श्लोक भनेर जाऊँ ।

अध्यक्ष महोदय, अमन्त्रम् अक्षरम् नास्ति, नास्ति मूलम् अनौषधम् । अयोग्य मनुस्य नास्ति योजक तत्र दुर्लभ । कुनै यस्तो अक्षरहरू छैन जो अक्षर मिलाएर मन्त्र बन्दैन । सबै अक्षरको मन्त्र बन्छ । अमूल कुनै यस्तो जरो छैन रूखको जरो कुनै यस्तो छैन जो औषधि नबनोस् । त्यसै किसिमले योजक राम्रो भयो यो योजनाकार राम्रो भयो भने यो सबै कुरा मिल्छ । तसर्थ (**सम्माननीय अध्यक्षः** माननीयज्यू थपेको समय पनि सकिएको छ ।) ल हुन्छ परराष्ट्र मन्त्रीज्यू यतिले नै कुरा बुझौं हवस् त धन्यवाद ।

__पीठासीन__ः माननीय श्री अनिता देवकोटा ।

__सम्माननीय अध्यक्ष__ः- माननीय खिमलाल भट्टराई । समय १८ मिनेट । यसपछि माननीय मायाप्रसाद शर्मा ।

__माननीय श्री खिमलाल भट्टराई (नेपाल कम्युनिष्ट पार्टी, एमाले)__ः- सम्माननीय अध्यक्ष महोदय, र आज चाहिँ यो विनियोजन विधेयकमाथिको छलफलमा हामी छौं । र मैले विनियोजन विधेयक भन्नेबित्तिकै खास गरी तीनओटा विषयसँग यसको तादात्म्यता हुनुपर्ने अब यो मैले त्यति देखिराखेको छैन । अब यसमा पहिलो कुरा त हामीले नीति कार्यक्रम, त्यसपछि सिद्धान्त र प्राथमिकता, त्यसपछि बजेट, बजेटअन्तर्गत विनियोजन विधेयक । यसमा हेर्दाखेरि सिद्धान्त र प्राथमिकता एकातिर छ, नीति कार्यक्रम अर्कोतिर छ, बजेट अर्कोतिर छ । र मेरो ध्यान केमा गएको थियो भन्दाखेरि कम्तीमा पनि

सरकारले तीनओटा ठाउँलाई अहिले चाहिँ विशेष प्राथमिकतामा राखेर विकास गर्ने भनेर भन्यो । यसमा केही एउटा विशेष प्याकेज यो development को लिएर आउँछ भन्ने लाग्या थियो । नीति कार्यक्रममा एकदम राम्रोसँग त्यो कुरा लिएर आयो । तर बजेट हेर्दाखेरि, विनियोजनका शीर्षकहरू हेर्दाखेरि कस्तो देखियो भन्दाखेरि त्यो त बिर्सेको त्यसमा त केही नै छैन भन्दाखेरि पनि हुन्छ । लुम्बिनीलाई, पशुपतिलाई, जनकपुरलाई विशेष पर्यटकीय स्थलको रूपमा विकास गर्ने भनेर भनियो । यो धेरै राम्रो कुरा हो । यो गर्नैपर्ने कुरा हो । हाम्रा यी चाहिँ प्रमुख पर्यटकीय स्थलहरू हुन् । अर्थतन्त्रमा यसले धेरै ठुलो महत्त्व राख्छ । सरकारले केही गर्न खोज्यो कि भन्ने लाग्या थियो । तर बजेट हेर्दाखेरि, विनियोजनका शीर्षकहरू हेर्दाखेरि त्यतातिर कुनै वास्ता छैन, एउटा ।

दोस्रो कुरा, मन्त्रीहरू मन्त्रीज्यूहरू, मन्त्रीज्यूको लेबलमै हुनुहुन्न । उहाँले मन्त्रीको हिसाबले उहाँहरूले मलाई लाग्छ उहाँहरूले हेर्नुभएको भएदेखि राम्रो हो । उहाँले आफ्नो विनियोजनको कार्यक्रम एकचोटि पनि पढ्नुभाछैन । उहाँले तयारी गरेको हुनुहुन्थ्यो भने राम्रो तयारी गरेको भए त्यो प्रोगामहरूको कपी पेष्ट हुने नै थिएन । मेरो यो आरोप होइन । यति कपी पेष्ट छ, प्रोगामहरूको । कार्यक्रम सकिसक्या छ बजेट हाल्दिनुभा'छ । यो मन्त्रीज्यूहरू केमा लाग्नुभो, केमा लाग्नुहुन्छ ? म यो अगिल्लो पटक पनि अलिकति त्यस्तो भा'थ्यो हामीले त्यो कुरा पनि उठाथ्यौं । यो सच्चिँदै जाला डेमोक्रेसी परिपक्व हुँदै जाँदाखेरि सच्चिँदै जाला भनेको त जस्ताको तस्तै उहाँहरूले कपी पेष्ट हालेर कार्यक्रम सकिसक्या छ । बजेट चाहिँ थोरै थोरै हाल्दिने र कार्यक्रम उहीं छ । यस्तो यो कपी पेष्ट गरेर लिएर आउनुभा'छ । उहाँहरूको कुनै मिहेनत पनि छैन । उहाँहरूको कुनै भिजन पनि छैन । मैले मन्त्रीज्यूहरूलाई यसो भन्नुपर्दाखेरि यो दुःख लाग्छ मलाई । मन्त्री हुनुभा'छ देशको । तर उहाँहरूको सँग यदि भिजन हुन्थ्यो, यदि मिसन हुन्थ्यो भने पक्कै पनि उहाँहरूले पढ्ने, खोज्ने र अगिल्ला योजनाहरूलाई पनि हेरेर यस्तो दूरदशा चाहिँ हुँदैन्थ्यो भन्ने लाग्छ । तर आज हेर्दाखेरि यो विनियोजन सबै तपाईंले हेर्नुस् दूरदशा छ त्यहाँ । कुनै भिजन र मिसन छैन । यो मेरो आरोप होइन । यो यथार्थ मलाई लागेको कुरा यहाँहरूको बिचमा म राख्दै छु ।

अर्को कुरा, अब म अलिकति लुम्बिनीको बारेमा बताउन चाहन्छु । लुम्बिनी यो चाहिँ विश्व सम्पदा सूचीमा रहेको, विश्व शान्तिको मुहान त्यो केन्द्रको रूपमा हामीले मान्या छौं । यो विश्वले मान्या छ । यो हामी नेपालीको कुरा मात्रै होइन । यो विश्व सम्पदा सूचीमा भएको हुनाले यो वर्ल्डको यसमा ध्यान छ, हुन्छ । यसको

डेभलप्मेन्टमा, यसको अवस्थामा सबैको ध्यान हुन्छ । र अब यो हामीले लुम्बिनी भन्नेबित्तिकै सरकारहरूले के गर्ने गर्यो भन्दाखेरि त्यहीँ चार दिवारभित्रको ५ वर्ग माइललाई लुम्बिनी ठान्ने, त्यो प्रवृत्ति रहँदै आयो । अलिकति अब यसलाई हामीले बदल्नुपर्छ भनेर मैले पटक पटक भन्दै आएको छु । तर बदलिने, बदल्ने, बदलिने अस्ति नीति कार्यक्रममा अलि छ्यास् हान्दाखेरि अलि केही आयो कि नयाँ भन्ने मलाई लाग्या थियो । तर त्यो केही पनि छैन ।

त्यसकारणले गर्दाखेरि चार दिवारभित्रको पनि आर्किटेक्ट इन्जिनियर केन्जो टागेले बनाएको मास्टर प्लान, त्यो मास्टर प्लानलाई कम्प्लिट गर्नुपर्ने ३० प्रतिशत काम बाँकी हो । त्यसको लागि अगिल्लो सरकारले केपी ओली प्रधानमन्त्री हुँदै गर्दा, विष्णु पौडेल अर्थमन्त्री हुँदै गर्दाखेरि बजेट विनियोजन गरेर त्यसका लागि आवश्यक पर्ने बजेट विनियोजन गरेर टेन्डर पनि भइसकेको अवस्था, काम अगाडि बढ्या अवस्था छ । मेरो विनम्र अनुरोध के छ भन्दाखेरि कम्तीमा पनि त्यो मास्टर प्लानलाई कम्प्लिट गर्ने कुरामा, बजेट फ्लो गर्ने कुरामा यहाँहरूले नरोकिदिनुहोला । र त्यो कामलाई समय सीमाभित्र, गुणस्तरीय रूपमा र बजेटको फ्लो आवश्यकताअनुसार गरिदिएर त्यो चाहिँ देशको एउटा हामीले जुन राष्ट्रिय रूपमा हाम्रा गौरवका योजना भनेर भन्ने गर्‍या छौं । त्यो योजनाभित्र पनि छ । कम्तीमा पनि त्यसमा ध्यान दिइदिनुहोला । यो भौतिक पूर्वाधार मन्त्रालयअन्तर्गत, म नेपाल सरकारकै ध्यान आकर्षण गर्छु, यसको सन्दर्भमा । एउटा कुरा ।

अर्को कुरा, अब लुम्बिनीलाई कसरी विकास गर्ने ? पशुपतिलाई कसरी विकास गर्ने ? जनकपुरलाई कसरी विकास गर्ने ? यसको गुरुयोजना, गुरुयोजना छ । त्यो गुरुयोजनाअनुसार हामी अगाडि बढ्नुपर्ने हुन्छ र अब हामीले त्यो मन्दिरलाई मात्रै हेरेर, त्यसको टेरिटोरीलाई, लुम्बिनी भन्नेबित्तिकै मायादेवी मन्दिरलाई मात्र हेरेर भएन । त्यसको वरिपरिको त्यही ५ वर्ग माइललाई हेरेर मात्र भएन । त्यहाँको बस्ती विकासमा अब सरकारको ध्यान हुनुपर्यो । त्यहाँको गरिबी, त्यहाँको अशिक्षा, त्यहाँको अभावलाई जस्तोको तस्तै राखेर हामीले कस्तो पर्यटकीय स्थल बनाउन सकौंला ? त्यसकारणले मेरो अनुरोध छ अब बस्तीतिर फर्किऊँ, मान्छेतिर फर्किऊँ भन्ने मेरो अनुरोध छ । र अहिलेसम्म हाम्रो कमजोरी छ । हामीले सबैलाई संयोजन गरौं, त्यसको लागि । केन्द्रीय सरकार, स्थानीय सरकार, प्रदेश सरकार, सबैलाई संयोजन गरौं र यो म विशेष भनेर राज्यले भन्छ भने केन्द्रले भन्छ भनेदेखि त्यसको बारेमा केन्द्रीय सरकारको दृष्टिकोण

हुनुपर्यो, भिजन हुनुपर्यो र मिसन बन्नुपर्यो । मेरो अनुरोध छ, त्यहाँको मान्छेको बारेमा मिसन हुनुपर्यो, त्यहाँको बस्तीको बारेमा मिसन हुनुपर्यो । अहिलेसम्म त्यो हुन सकेन । यो सरकारले पनि, यो सरकारले त वास्तै गरेन । मैले यो आरोप लगाएको होइन । केवल लेख्दाखेरि लेख्यो तर यसले अरू कुनै चिजमा विनियोजन शीर्षहरूमा पनि देखिएन, बजेटमा पनि विशेष त्यस्तो केही पनि आएन । त्यसकारणले मेरो यसमा गम्भीर ध्यानाकर्षण भएको छ र म अध्यक्षज्यूमार्फत ध्यानाकर्षण गराउन चाहन्छु । र त्यहाँका व्यवसायीहरू, त्यहाँका किसानहरू खास गरी लुम्बिनी क्षेत्रको म भन्न चाहन्छु । त्यहाँका किसानहरूले, त्यहाँका शिक्षकहरूले, त्यहाँको बुद्धिजीवीहरूले, त्यहाँका व्यवसायीहरूले एक स्वरले के भन्दै हुनुहुन्छ भन्दाखेरि हामीले लुम्बिनीलाई सफा बनाऊँ । सफा लुम्बिनी बनाऊँ । शान्त लुम्बिनी बनाऊँ ।

भैरहवाबाट इन्टरनेसनल एयरपोर्टबाट उत्रेको पर्यटक जब लुम्बिनीतिर प्रवेश गर्छ । उसले एउटा छुट्टै आनन्दको अनुभूति गर्नुपर्यो । म साँच्चै विश्व शान्तिको मुहानतर्फ अगाडि बढ्दै छु भन्ने त्यो अनुभूति हुने गरी हामीले त्यसको विकास गर्नुपर्यो । उहाँहरूको भनाइ छ । सुरक्षित लुम्बिनी हुनुपर्यो आजको सेक्युरिटी हामीले जे व्यवस्था गऱ्या छौं । त्यसले धान्छ कि धान्दैन ? मेरो विचारमा त्यसले धान्दैन । सेक्युरिटीको हिसाबले हामीले सोच्नुपर्यो । गृह मन्त्रालयले सोच्नुपर्यो । विकसित लुम्बिनी बनाऊँ । अब लुम्बिनी भनेको त्यही टेरिटोरीभित्रको कुरा मात्र होइन, बस्तीतिर हामीले ध्यान दिनपर्यो । त्यहाँ लुम्बिनी सांस्कृतिक नगरपालिका छ, गैडवा गाउँपालिका छ, मायादेवी गाउँपालिका छ, कञ्चन गाउँपालिका छ र अर्को एउटा सैनामैना नगरपालिका छ । हामीले यो पाँचओटा पालिकालाई हेर्ने हो भने पनि अब त्यहाँको बस्ती र त्यहाँको जनतालाई हेरेर सामाजिक एउटा योजना नेपाल सरकारले बनाउनुपर्यो । र त्यसको विकास नभइकन हामीले लुम्बिनीको विकास गर्छौं भन्ने कल्पना गर्छौं भने त्यो निरर्थक हुन जान्छ । त्यसकारणले त्यस हिसाबले जाऊँ र म त्यहाँका बुद्धिजीवीहरू, त्यहाँका शिक्षकहरू, त्यहाँका व्यवसायीहरू म यो रोष्ट्रमबाट उहाँहरूलाई म धन्यवाद दिन चाहन्छु । आज एउटा चिन्तन गरिरहनुभा'छ उहाँहरूले । यो लुम्बिनीलाई कसरी हामी राम्रो बनाउने भन्ने बारेमा ? उहाँहरूले जे नारा तय गर्नुभएको छ, विषय तय गर्नुभएको छ । हामी हिंड्ने बाटो त्यही हो भन्ने मलाई लाग्छ । र अब सबै कुरालाई लुम्बिनीको सन्दर्भमा त्यहाँको कृषिलाई, त्यहाँको शिक्षालाई, त्यहाँको बस्तीलाई, त्यहाँको जनसमुदाय, यो सबैलाई हामीले पर्यटनसँग जोडेर अगाडि बढाउनुपर्ने हुन्छ । त्यस हिसाबले हामी

सोच राख्छौं कि राख्दैनौं ? कसरी पर्यटकहरू त्यहाँको सम्पूर्ण बस्तीको बारेमा, त्यहाँको जनताको बारेमा, आदिवासी जनसमुदायको त्यहाँ बसोबास छ । थारु त्यहाँ हुनुहुन्छ, मधेसी त्यहाँ हुनुहुन्छ, मुस्लिम समुदाय त्यहाँ छ, त्यहाँ त्यही समुदायको परम्परागत बस्तीहरू छ । हामी अब कस्तो बनाउँछौं, लुम्बिनीलाई । कृषिको बारेमा पनि ।

यदि हामी लुम्बिनी भन्नुस्, जनकपुर भनौं वा पशुपति । पशुपतिको बारेमा अलि फरक ढङ्गले हामी जानुपर्ने होला । यो राजधानीको यो एउटा सहरी क्षेत्र भ'को हुनाले तर अरू ठाउँको सन्दर्भमा भन्ने हो भने त्यहाँको बस्ती विकास हामीले कसरी गर्छौं ? त्यहाँको कृषिको व्यवस्थापन हामी कसरी गर्छौं ? यो धेरै महत्त्वको कुरा हुन्छ । पर्यटकीय हिसाबले हामीले सोच्छौं भने लुम्बिनीको बारेमा मेरो एउटा भनाइ छ । कृषिको बारेमा भन्ने हो भने हामी त्यहाँ रासायनिक मलमुक्त बनाउन सक्छौं ? प्राङ्गारिक मल व्यवस्थापन हामीले गरौं । रासायनिक मल, रासायनिक विषादी, यो सबै चिजबाट मुक्त भएको लुम्बिनी हामी बनाउन सक्छौं कि सक्दैनौं ? यदि त्यस हिसाबले हामी लैजान सक्छौं भने अर्गानिक लुम्बिनी कृषिलाई त्यस हिसाबले हामीले विकास गर्नुपर्छ । र त्यस हिसाबले राज्यको एउटा तयारी हुनुपर्छ र पर्यटकहरूलाई हामी आकर्षित गर्न सक्छौं । त्यस हिसाबले पनि लुम्बिनी भन्नेबित्तिकै पाँचओटा पालिका, त्यो पाँच पालिकालाई अरूलाई पनि हामी थप्न सकौंला । तर विशेषतः ती पालिकाहरूमा हामी अर्गानिक खेती गर्छौं । विशेष खेती गर्छौं, व्यवसायिक खेती गर्छौं । त्यहाँका किसानहरूलाई हामी सबसिडी दिन्छौं, सुविधा दिन्छौं । र हामी त्यहाँको उत्पादन ब्रान्डिङ गरेर विश्व बजारमा हामी पाउरको रूपमा, उपहारको रूपमा लैजान सक्छौं । र मान्छे ढुक्क भएर लुम्बिनी प्रवेश गर्नेबित्तिकै यहाँ अर्गानिक छ भनेर ऊ ढुक्क भएर सेवन गर्ने स्थिति बनाउँछौं । हामी यस रूपमा लैजान सक्छौं कि सक्दैनौं ? त्यस हिसाबले लान सक्छौं भनेदेखि मलाई विश्वास छ । यो एउटा हामीले पर्यटनसँग जोड्यौं । लुम्बिनीलाई पर्यटनसँग जोड्यौं भन्न सकिन्छ ।

अर्को कुरा, बस्तीको हिसाबले भन्ने हो भने अब हामी यो कङ्क्रिटको सहर बनाउने कुरा, कङ्क्रिटको जङ्गल बनाउने कुरा कम्तीमा पनि लुम्बिनी, जनकपुर यस्ता ठाउँहरूलाई त्यहाँको परम्परागत बस्तीलाई परम्परागत आउटलुकमा हामी राख्न सक्छौं कि सक्दैनौं ? यदि सक्छौं भने त्यो पर्यटकीय हिसाबले हामी विकास गर्न सक्छौं । सक्दैनौं, त्यही एउटा हामीले अहिले भन्ने गरेको स्मार्ट सिटी बनाउने जुन भन्छौं, स्मार्ट सिटी बनाउने । स्मार्ट सिटीभन्दा आज यस्ता पर्यटकीय राष्ट्रिय, अन्तर्राष्ट्रिय पर्यटकीय

स्थलको लागि स्मार्ट गाउँको आवश्यकता छ । त्यसले एउटा attraction दिन्छ । सहरले भन्दा स्मार्ट गाउँ हामी बनाउन सक्यौं भने हाम्रो परम्परागत आउटलुकमा हाम्रा बस्तीहरूको विकास गर्न सक्यौं भने ठिक छ सुविधाको हिसाबले, सेवाको हिसाबले हामीले अत्याधुनिक बनाउनुपर्ने हुन्छ नै । जनतालाई सेवा दिनुपर्छ, सुविधा दिनुपर्छ, त्यो भनेको आधुनिकतामा छ । त्यसकारणले उसको घरभित्र सुविधा हुनुपर्छ, घरभित्र सेवा हुनुपर्छ । यस हिसाबले इन्टेरियरलाई भित्री रूपमा हामीले त्यसलाई आधुनिक बनाउनै पर्ने हुन्छ । तर हामीले आउटलुक यदि हामीले परम्परागत राख्न सक्यौं भने त्यो चाहिँ एउटा पर्यटकीय हिसाबले आकर्षणको केन्द्र बन्न सक्छ । हाम्रा गाउँहरू पनि ।

म भन्न चाहन्छु हाम्रो लुम्बिनी क्षेत्रको कम्तीमा पनि घरहरूलाई त्यसै रूपमा, हाम्रा गाउँहरूलाई त्यसै रूपमा आउटलुकमा स्वरूपमा परम्परागत र सुविधामा आधुनिक बनाएर अगाडि लैजाने गरी त्यसको एउटा मास्टर प्लान हामीले बनाऔं । हाम्रो सहरी विकास मन्त्रालय वा हाम्रो पूर्वाधार मन्त्रालय त्यस हिसाबले सोचोस् र नेपाल सरकारले नै त्यसलाई विशेष भनेको हुनाले म यो कुरा भन्दै छु । सरकारले भनेको हुँदैन्थ्यो भनेदेखि म यस रूपमा यहाँ प्रस्तुत हुने थिइनँ । तर विशेष तीनओटा ठाउँ हामीले बनाउँछौं भन्या हुनाले त्यस रूपमा जाऔं भनेर म चाहिँ अनुरोध गर्न चाहेको छु । मेरो सुझावलाई त्यस रूपमा प्रस्तुत गर्न चाहेको छु ।

अर्को कुरा, होटल हस्पिटयालिटीलाई हामी राम्रो बनाऔं । होटलहरू थप्नुपर्यो । त्यति होटलले पुग्दैन । तर आज जुन होटलहरू, होटल व्यवसायीहरू हुनुहुन्छ । म उहाँहरूलाई सलाम गर्न चाहन्छु । धेरै कष्टको बाबजुद आज उहाँहरूले सेवा दिइरहुनभा'को छ । म उहाँहरूलाई यो रोष्ट्रमबाट उहाँहरूलाई पनि म धन्यवाद दिन चाहन्छु । उहाँहरूको योगदानको लागि । तर यतिले पुग्दैन । त्यसलाई हामीले एउटा मापदण्डमा लैजानुपर्छ । हाम्रा रेष्टुरादेखि फाइभ स्टार होटलसम्म हामी अब लुम्बिनीमा यति होटलले पुग्दैन । धेरै होटल थपिने, हस्पिटयालिटी थपिने त्यो अवस्था हामीले बनाउनै पर्छ । सानोदेखि ठुलोसम्म । रेष्टुराँदेखि ठुलो फाइभ स्टार होटेलसम्म । हामी त्यस हिसाबले जानुपर्ने हुन्छ । होटेलहरू, होटेलहरू, यी सब एउटा standard मा हामीले लैजानुपर्ने हुन्छ ।

फोहोरमैला व्यवस्थापन केही पनि छैन । अहिले त्यहाँ त्यसको एउटा व्यवस्थापन हुन सकिरा'छैन । त्यसको व्यवस्थापन गर्नको लागि government ले

planning गर्नुपर्यो । व्यवस्थित बसपार्क छैन । त्यसको व्यवस्थापन गर्नुपर्यो । र अर्को कुरा म भन्न चाहन्छु सस्तो र समय सीमाभित्र, सस्तो र छोटो समयमा लुम्बिनी आवतजावत गर्नको लागि विदेशी पर्यटकहरू, भारतको बाटो भएर आउने पर्यटकहरू यदि हामीले ककवा नाकालाई, लुम्बिनीको ककवा नाकालाई हामीले पर्यटकीय नाकाको रूपमा विस्तार गर्‍यौं भने त्यो सञ्चालन गर्‍यौं भनेदेखि छोटो समय, समय पनि बच्न जान्छ र सस्तो पनि पर्न जान्छ । त्यस हिसाबले लुम्बिनीको बसाइ पर्यटकहरूको लम्बिने स्थिति बन्न जान्छ । त्यसकारणले यो ककवा नाकालाई म यहाँबाट म नेपाल सरकारलाई अनुरोध गर्न चाहन्छु । पर्यटकीय नाकाको रूपमा त्यसलाई खोलियोस् । त्यसलाई सञ्चालन गरियोस् । र नेपाल भित्रिने पर्यटकहरूलाई ककवा नाका हुँदै खुन्गाई हुँदै लुम्बिनी आउने त्यो प्रबन्ध मिलाइयोस् भनेर पनि म अनुरोध गर्न चाहन्छु ।

अरू कुराहरू, धेरै हामीले व्यवस्थापन गर्नुपर्ने हुन्छ । र अरू केही बजारहरूलाई म अनुरोध गर्न चाहन्छु । लुम्बिनीको केही बजारहरूलाई हामी व्यवस्थित गर्नुपर्ने छ । जस्तै- लुम्बिनीको आजको बजार भनेर चिनिने पर्सा हो, खुनगाई हो । आजको बजार भनेर चिनिने मैनवार हो, पलेरिया हो, महजिदिया हो, लोखरिया हो, शिवगढिया हो । यति चाहिँ आज बजार अलि अलि बजार भनेर चिनिन्छ, लुम्बिनीको लागि । तर ती बजारहरू खास व्यवस्थित छैनन् । तिनीहरूलाई व्यवस्थित गर्नुपर्ने छ । एउटा आधुनिक बजारको रूपमा, सहरको रूपमा तिनीहरूलाई विकास गर्नुपर्ने छ । यस रूपमा पनि सरकारले ध्यान दियोस् भनेर म अनुरोध गर्न चाहन्छु ।

त्यसपछि हामीले शिक्षाको बारेमा, स्कुलहरू, मदरसाहरू, मदरसाको बारेमा, शिक्षा मन्त्रीज्यू यहाँ हुनुहुन्छ । देशभरिको मदरसा आज नेपालमा ७ प्रतिशत मुस्लिम कम्युनिटी छ भनेर भनिन्छ । र त्यो ठूलो सङ्ख्या लुम्बिनीकै कुरा गर्ने हो भने ३२ प्रतिशत मुस्लिम कम्युनिटी छ । यो ठूलो सङ्ख्या हो । तर आज मदरसाहरूको स्थिति, मुस्लिम कम्युनिटीका छोराछोरीहरू कहाँ पढ्छन् ? मदरसामा पढ्छन् । तर त्यो राष्ट्रिय शिक्षा नीतिसँग गाँसिएको छैन, मदरसा । उनीहरूको पढाइ केवल कल्चरल त्यो सांस्कृतिक पढाइ मात्र भइरा'छ । उनीहरू लोक सेवा फाइट गर्न पाउँदैनन् । उनीहरू कुनै पनि ठाउँमा नेपाल सरकारको लोक सेवा, अरू पनि सुविधाका क्षेत्रहरू, अवसरका क्षेत्रहरूमा उनीहरू जोडिन पाउँदैनन् । त्यसकारणले यो मदरसा शिक्षालाई अरू पनि यस्ता सामुदायिक शिक्षाहरू छन् नेपालमा । ती सबैलाई र म विशेषतः भन्न चाहन्छु यो

मुस्लिमका छोराछोरीहरूले पढ्ने मदरसालाई राष्ट्रिय शिक्षाको मूल धारमा ल्याउने त्यो नीति सरकारले बनाउनुपर्यो । सरकारले त्यसको कुन संरचनाबाट हुन्छ ?

मुल्मी मौलानाहरू, उनीहरू अहिले यति बेला चार/पाँच हजारमा पढाइरा'छन् । कसरी पढाइरा' होलान् ? स्कुलको रूपमा मदरसालाई लिइन्छ । राष्ट्रिय शिक्षाको मूल धारसँग त्यो जोडिएको छैन । यसै दूरदशा छ । जहाँ पढाइराखेको छ मुल्मी मौलानाहरू । उहाँहरूको तलब सुविधा भन्ने हो भने चार/पाँच हजारमा उहाँले पढाइरहनुभा'छ भनेपछि कस्तो पढाउनुहुन्छ होला ? कति समय दिनुहुन्छ होला ? के हालतमा होलान् ती बालबच्चाहरू ? भौतिक पूर्वाधारको कुरा गर्ने भने लुम्बिनी जस्तो ठाउँमा सरकारी स्कुलहरू, सामुदायिक स्कुलहरूको हालत पनि खस्दा छ, कमजोर छ । मदरसाहरूको हालत पनि असाध्यै कमजोर छ । यसकारणले गर्दाखेरि भौतिक रूपमा हामीले भन्नपर्यो लुम्बिनी क्षेत्र यसलाई विशेष राज्यले मान्या छ भने लुम्बिनी क्षेत्रका स्कुलहरूको मापदण्ड यो हो । विद्यार्थीको सङ्ख्याको अनुपातमा कक्षा कोठाहरू छन् । हामीले भन्नपर्यो नि । विद्यार्थीको सङ्ख्याको अनुपातमा फर्निचरहरूको व्यवस्था छ । विद्यार्थीको सङ्ख्याको अनुपातमा अरू व्यवस्थापन अरू भौतिक पूर्वाधारहरू यो standard मा छ । शौचालय छ, खानेपानी छ इत्यादि छ । हामीले भन्न सक्नुपर्यो । मदरसाहरूलाई पनि त्यही standard मा हामीले लैजानुपर्यो ।

यसै गरेर त्यहाँ बसपार्क छैन । अनि विद्युतीकरणको कुरा गर्ने हो भने अहिले पनि लुम्बिनी क्षेत्रको कञ्चन गाउँपालिका भन्नुहुन्छ भने कञ्चन गाउँपालिका विकसितै मानिन्छ । तर दूरदशा के हो भने अहिले पनि त्यहाँ बिजुलीको पोलको अभाव छ । विद्युत् नपुगेको गाउँहरू छ । भनिसकेपछि लुम्बिनी क्षेत्रमा यो लज्जाको विषय भएन । ताल तलैयाहरूको व्यवस्थापन छैन । लुम्बिनीमा १५१ ओटा ताल छन् । ती सबै काललाई व्यवस्थापन गर्नका लागि योजना बनाउनुपर्यो कि परेन ? मेरो विचारमा यी सबै योजनाहरू सरकारले बनाओस् । र एउटा अन्तर्राष्ट्रिय पर्यटकीय स्थलको रूपमा लुम्बिनीलाई विकास गरोस् । र विद्युतीकरणमा पनि अब हामी आधुनिक विद्युतीकरणमा त्यो भनेको अन्डर ग्राउन्ड, त्यो तारहरू अन्डर ग्राउन्ड हुने गरी बिजुलीको व्यवस्थापन होस् । सबै ठाउँमा पोलको आवश्यकता जुन ठाउँमा छ । जहाँ ट्रान्सफर्मरको आवश्यकता छ, लो भोल्टेजको समस्याबाट समाधान हुनपर्यो । (**सम्माननीय अध्यक्षः** माननीयज्यू, समय सकिएको छ ।) लो भोल्टेजको समस्या लुम्बिनीले बेहोर्नु परेन कम्तीमा पनि । त्यस हिसाबले यो सबै हामीले नेपाल सरकारले विशेष रूपमा अगाडि

बढाउँछु भनेको हुनाले यसमा ढाँट नगरियोस् । नठगियोस् जनतालाई । र जे कन्सेप्ट सरकारले अगाडि बढाउन खोजेको हो । त्यसमा यो सरकारले यसलाई वास्तविकतामा रूपान्तरण गरोस् र सबै क्षेत्रलाई पर्यटनसँग जोडेर अत्याधुनिक ढङ्गले अगाडि बढाउने गरी जाओस् भन्ने कुरा राख्दै आफ्नो भनाइ टुङ्ग्याउँछु, धन्यवाद ।

**<u>सम्माननीय अध्यक्ष</u>**:- माननीय माया प्रसाद शर्मा । समय ८ मिनेट । यसपछि माननीय सिंग बहादुर विश्वकर्मा ।

**<u>माननीय श्री माया प्रसाद शर्मा (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र)</u>**:- सम्माननीय अध्यक्ष महोदय, सर्वप्रथम नेपाल सरकाले भर्खर अस्ति state partnership program नेपालले लागु नगर्ने र कुनै देशमा पत्राचार गर्नुपरेमा परराष्ट्र मन्त्रालयबाट गर्ने भन्ने कुरा सुनियो यसका लागि नेपाल सरकारलाई धन्यवाद दिन चाहन्छु ।

यो छोटो समयमा ७ ओटै मन्त्रालयको विनियोजित बजेटका विषयमा धारणा राख्न त्यति सजिलो छैन राखेर पनि हाम्रो आयतित संसदीय परम्पराअनुसार फेरबदल गर्न पनि सकिँदैन । नीति तथा कार्यक्रमअनुसारको बजेट विनियोजित गरेको कुरा अध्ययन गर्दा विगतभन्दा तुलनात्मक रूपमा सकारात्मक देखिन्छ । राम्रो देखिन्छ । थोरै लोकप्रिय बजेट आएको बेला विरोध गर्ने प्रचलन हाम्रो जीवितै छ । ५१ सालमा तत्कालीन अर्थमन्त्री मनोमहन अधिकारीले ल्याउँदा होस् या ६५ सालमा बाबुराम भट्टराईले ल्याउँदा होस् त्यसकै निरन्तरताको अहिले होला यी सबै कुरा बुझेर म यो विनियोजित बजेटलाई समर्थन गर्न चाहन्छु ।

अध्यक्ष महोदय, समग्रमा हेर्दा सामुदायिक विद्यालयहरूमा internet को प्रयोग दलित, लोपउन्मुख, पिछडिएको क्षेत्र, प्रत्येक प्रदेशमा आवासीय विद्यालय, शैक्षिक सुधार वृद्धि, भौतिक पूर्वाधार विकास, आन्तरिक क्रियाकलाप, दिवा खाजालगायतका विषयहरू महत्त्वपूर्ण छन् । यसरी नै नेपालको उद्योग, नेपालमा रोजगार न आफ्नो उत्पादन आफ्नो व्यापार आदि पर्यटक, कृषि, वन, खानीलगायतका रकमहरू विनियोजित गरिएको हेटौंडा कपडा उद्योग, चिनी कारखाना पुनः सञ्चालनका लागि रकम विनियोजित गरिएको देखिन्छ ।

४० वर्षमाथिका नागरिकहरूका लागि आधारभूत प्रयोगशाला, स्तन क्यान्सरको निदान, ८ सय बढी नयाँ सडकहरू, ३ सयभन्दा नयाँ पक्की पुल, विभिन्न ठाउँहरूमा सुरुङ मार्ग, पुष्पलाल मार्ग, मदन भण्डारी लोकमार्ग, हुलाकी राजमार्गमा रकम विनियोजित गरिएको छ । निलगढ, धनगढी, सुर्खेतलगायतका ठाउँहरूमा विमानस्थलको निर्माण र देशैभरि खानेपानी आपूर्तिका लागि विशेष पहल गरिएको छ यसकारणले यो सकारात्मक छ । यति राम्रा कुरा र सकारात्मक हुँदा हुँदै पनि मलाई लागेका केही अपुग कुराहरू म राख्न चाहन्छु ।

कतिपय ठाउँहरूमा ३ लाखसम्मका योजनाहरू पनि सङ्घबाट नै छुट्याएको छ । त्यो सङ्घीयताको मर्मविपरीत भयो भन्ने लागेको छ । एक ठाउँमा पुल बनिसकेको ५ वर्ष भइसक्यो फेरि रकम छुट्याइएको छ । अर्को गाउँमा खानेपानी रकम छुट्याएको ६५ सालदेखि अहिलेसम्म एउटै रकम एकै स्केलमा छुट्याएको छ । काम हुने ठेगान छैन कतिपय ठाउँहरूमा खाली कतिपय ठाउँहरूमा डबल परेको देखिन्छ । तत्कालीन कृषि शान्ति मन्त्रालयले गरेका बाँकी काम कसले गर्ने हो त्यो स्पष्ट छैन ।

शिक्षा क्षेत्रमा २०२८ सालकै ऐन लागु भएको छ । १०/१२ पटक संशोधन गरेर काम चलाउने काम भएको छ । यो बदलिएको परिस्थितिमा यो मेल खाँदैन कि शैक्षिक सङ्घीयता कार्यान्वयन गर्नेमा समस्या देखिन्छ कि । हुनत २०७५ सालतिर त्रिचन्द्र कलेज खोल्दा धुरुधुरु रुने शासकहरूको देश न पऱ्यो । ए अहिले पनि स्वदेशी, निजी, विदेशी चिन्तनले काम गरिरहेको हुनुपर्छ । शिक्षा नीति २ खालको छ । गरिबका छोराछोरी पढ्ने सामुदायिक विद्यायाल, धनीका छोराछोरी पढ्ने निजी विद्यालयहरू छन् । यो असमानता तोड्न नसके देश, समाज र व्यक्तिको उन्नति हुन सक्दैन । शिक्षाले नै राजनीतिज्ञ डाक्टर, इन्जिनियर, न्यायाधीश, वकिल आदि इत्यादि दक्ष जनशक्ति निर्माण गर्ने नै होला । शिक्षा क्षेत्र नै बिग्रियो भने के हुन्छ ? यहाँ द्वन्द्वपीडित शिक्षक राहात शिक्षक, साना कर्मचारी र बालविकासमा काम गर्ने शिक्षकहरूलाई राज्यले व्यवस्था गर्नुपर्ने देखिन्छ । छिटोछरितो ऐन, कानुन ल्याएर हल गर्नुपर्दछ ।

नेपाली जडिबुटी धेरै भएको देश, नेपाल जडिबुटी धेरै भएको देश हो । यहाँ औषधि उद्योग खोलेर औषधि उत्पादन गर्ने काम गर्नुपर्दछ र पिछडिएका क्षेत्रहरू

उत्पीडित समुदायका क्षेत्रहरूमा बस्ने बालबालिकाहरूलाई डाक्टर पढ्नका लागि आज उसको अनुदानको व्यस्वस्था गर्न आवश्यक देखिन्छ ।

अर्कोतिर उर्जाशील जनशक्ति विदेशमा छ । ठुलाबडाका छोराछोरी अध्ययन गर्न र जागिर खान होस् या गरिबका छोराछोरी श्रम बेच्न र रेमिट्यान्स बुझाउन गएका होलान् । जे भए पनि स्वदेशमै रोजगार उद्योग खोलेर रोजगारी सिर्जना गरेर आत्मनिर्भर अर्थतन्त्रको निर्माण गर्नेतिर लाग्नुपर्दछ । उद्योगहरू खानी, कृषि, वन, पर्यटन नै हुन उपयुक्त देखिन्छ । हामी १ अरब ४५ करोडभन्दा बढी र १ अरब ४० करोड भन्दा बढी जनसङ्ख्या भएका चीन र भारत देशका दुइओटा ठुला राष्ट्रहरूका बिचमा छौं । त्यसैले घुम्ने ठाउँ खोजिरहेका छन् । हाम्रा ठाउँहरूमा हाम्रो देशमा विभिन्न ठाउँहरूमा सगरमाथा, खप्तड, कञ्चनजङ्घा, लुम्बिनी जस्ता सुन्दर स्थलहरू रहेका छन् । हाम्रै कर्णालीभित्र रारा, शे-फोक्सुण्डो, कुविन्डे शेर्पुदह पचाल झरना काँक्रेविहार छायाँनाथ पाखरासी कुसेमुसेलगायतका रमणीय ठाउँहरू पर्यटक उद्योग खोल्नका निमित्त प्रशस्त आधारहरू छन् ।

यसरी नै परराष्ट्र मन्त्रालयले अब जुन प्रकारको एउटा विदेशमा यो जुन प्रकारका सन्धि सहमति गर्ने कामहरू भएका छन् । तिनीहरू परराष्ट्र मन्त्रालयअन्तर्गत गर्ने विधिको खोजी र कार्यान्वयन गर्नुपर्‍यो । यसरी नै उसको अध्यक्ष महोदय हामीले के कुरा बुझ्न जरुरी छ भने कर्णाली एउटा महत्त्वपूर्ण र उत्पीडित क्षेत्र समुदाय रहने ठाउँ हो । जहाँ अहिले पनि हुम्लामा राष्ट्रिय सडक सञ्जालले छोएको छैन । त्यहाँ राष्ट्रिय सडक सञ्जाल जोड्नका निमित्त विशेष ध्यान र जोड गर्नुपर्ने देखिन्छ । मात्र थोरै रकम छुट्याएर त्यहाँ पुग्ने देखिँदैन ।

यसै गरी या कर्णाली प्रदेशमा जानका लागि त्यहाँ सुर्खेत पुग्न पनि समस्या भइराखेको स्थिति छ । कोहलपुरदेखि सुर्खेत राजधानीमा कर्णाली प्रदेशको राजधानीमा जानका निमित्त four line को बाटो व्यवस्थापन गर्नुपर्ने देखिन्छ । यसरी नै कर्णाली प्रदेश त भारत र चीन कतैतिर पनि जोडिएको स्थिति छैन । यसलाई चीनसँग जोड्नका लागि हुम्लाको लिमी मुगुको नाक्सेलग्ना र डोल्पाको धौं जोड्ने सडकका निमित्त विशेष राष्ट्रिय महत्त्वकै विषय राखेर सडक जोडनुपर्ने जरुरी छ । किनकि त्यहाँबाट ल्याउने सामानहरू आयात गर्न त्यहाँबाट सकिन्छ र प्रदेशलाई एउटा पर्यटकीय क्षेत्र र समुदायसँग पनि जोड्न सकिने स्थिति छ ।

यसैले त्यहाँ सबैभन्दा हाम्रो जुन प्रकारको अहिले नीति कार्यक्रम जुन बनेको छ त्यहीअनुसार विनियोजित बजेटहरू छुट्याइएको छ त्यसलाई कार्यान्वयन गर्ने कुरा सबैभन्दा समस्याको रूपमा रहेको छ । कार्यान्वयन गर्ने कुरामा अनियमितता, भ्रष्टाचार र जुन प्रकारका ढिलासुस्ती छ यसलाई हटाउन सकेको खण्डमा यसले कार्यान्वयन गरेको खण्डमा एउटा नयाँ ढङ्गको आधार निर्माण हुने र देशले नयाँ ढङ्गको काँचुली फेर्ने स्थिति छ यति कुरा मैले राख्दै म आफ्नो कुरा टुङ्ग्याउँछु । धन्यवाद, अभिवादन ।

**सम्माननीय अध्यक्ष**ः- माननीय सिंग बहादुर विश्वकर्मा । समय १० मिनेट । यसपछि माननीय हरि राम चौधरी ।

**माननीय श्री सिंग बहादुर विश्वकर्मा (नेपाल कम्युनिष्ट पार्टी, एकीकृत समाजवादी)**ः- सम्माननीय अध्यक्षज्यू, यस गरिमामय सदनमा विनियोजित विधेयक, २०७९/८० को विभिन्न शीर्षकमाथि हुने सैद्धान्तिक छलफलअन्तर्गतको उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय र स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयको कार्यक्रमसम्बन्धमा म आफ्नो धारणाहरू राख्ने अनुमति चाहन्छु ।

सम्माननीय अध्यक्षज्यू, सर्वप्रथम म उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयसँग रहेर आफ्नो भनाइहरू राख्न गइरहेको छु । अहिले राज्य चरम आर्थिक सङ्कटसँगै अर्थतन्त्र दिन प्रतिदिन खच्किँदो अवस्थामा छ । मुलुकको अर्थतन्त्र सुधार गर्न देशलाई विकास समृद्धितर्फ पुऱ्याउन सरकार मुख्य गरी उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयसँग सम्बन्धित रहेर मुलुकको बजेट निर्माण गरी ल्याउनुपर्दछ । वर्तमान सरकार र उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयले त्यसलाई मध्यनजर गरी विभिन्न शीर्षक र कार्यक्रमसँग सम्बन्धित रहेर यो वर्ष १० अर्ब ४४ करोडको बजेट विनियोजन गरी महत्त्वपूर्ण शीर्षक तथा कार्यक्रमहरू उल्लेख गरेको पाइन्छ । सबै जिल्लामा वैदेशिक रोजगारबाट फर्किएकालाई व्यवसाय गर्नु पुँजी उपलब्ध गर्ने प्रधानमन्त्री नेपाली उत्पादन तथा उपभोग अभिवृद्धि कार्यक्रम, सुदूरपश्चिम प्रदेशमा महिला, दलित समुदायको व्यवसाय विकासमा सहयोग कार्यक्रम, दुर्गम जिल्लाहरूमा आवश्यक स्थानमा खाद्य डिपो थप औद्योगिक पूर्वाधार विकास कार्यक्रम पाटन, हेटौंडा, पोखरा, बुटवल जस्ता औद्योगिक क्षेत्रहरूको

बृहत मर्मत तथा स्तरउन्नति कार्य औद्योगिक लगानी प्रवर्द्धन कार्यक्रम, डिप्रेसन योजना कार्यक्रम प्रदेश नम्बर १ र २, बाग्मती प्रदेश खनिज अन्वेषण तथा विकास आयोजनाअन्तर्गत काठमाडौंको शङ्खमूलको प्राकृतिक ग्याँसको जग्गा संरक्षण, पेट्रोलियम खनिज अन्वेषण प्रवर्द्धन कार्य दैलेख जिल्लामा पेट्रोलियम अन्वेषण कार्य गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम सबै प्रदेश जस्ता महत्त्वपूर्ण कार्यक्रमहरू समावेश गरिएको छ ।

सम्माननीय अध्यक्षज्यू, तर सरकारले बन्द अवस्थामा रहेको उद्योगहरूको संरक्षण र पुनः अध्ययन अनुगमन र सञ्चालनको सम्भाव्यता अध्ययनको लागि भनी खासै बजेट छुट्याएको पाइएको छैन । दोलखा खानी दोलखामा खानी क्षेत्र रही सिन्धुपाल्चोकमा वि.स. २०३५ सालमा स्थापित नेपाल ओरेन म्याग्नेसाइट त्यतिबेला नेपाल सरकारको ५१ प्रतिशत र भारतीय नागरिकको ४९ प्रतिशत सेयर लगानीमा सञ्चालित उद्योग जसको १८ करोड मेट्रिक टन कच्चापदार्थ खानी क्षेत्रमा रहेको । २१ सय रोपनी क्षेत्रफलमा खानी क्षेत्र रहेको र ३५२ रोपनीमा उद्योग सञ्चालन भएको दैनिक १५० टन धातु पगाल्न प्रयोग हुने इट्टा बन्ने सिमेन्ट उत्पादन हुन्थ्यो । वि.स. २०५६ सालदेखि यो उद्योग बन्द अवस्थामा छ । त्यहाँ अर्बौंको मेसिन भौतिक संरचना सवारी साधनलगायत अलपत्र अवस्थामा छन् । अझै पनि केही कर्मचारीहरूले यसको सुरक्षा र अन्य शीर्षकमा राज्यबाट सेवा सुविधा लिइरहेका छन् । यस विषयमा पटक पटक संसदको ध्यान आकर्षण गराउँदासमेत बजेट विनियोजन नभएको र यसको संरक्षण र सम्भाव्यता अध्ययनका लागि वास्तवमा नागरिकप्रति गम्भीर ध्यान आकर्षण गराउन चाहन्छु ।

त्यस्तै कोभिड-१९ लगायत महामारीले उद्योग व्यवसायहरूलाई चरम आर्थिक सङ्कट र रुस र युक्रेनको युद्धले समेत देशमा सञ्चालित उद्योग प्रेस तथा पेट्रोलियम पदार्थको आयातलगायतमा मूल्य वृद्धि र चरम समस्यामा रहेको व्यवसायीहरूले सरकारले सहुलियत ऋण तथा अनुदानसहित कार्यक्रम र राजश्व छुटलगायतको कार्यक्रम समेट्नुपर्ने कुरा उल्लेख गर्न चाहन्छु ।

सम्माननीय अध्यक्षज्यू, अब म स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयसँग सम्बन्धित रहेर आफ्नो भनाइहरू राख्न चाहन्छु । स्वास्थ्य नै हाम्रो धन हो । जनतालाई स्वास्थ्य र सुरक्षित बनाउन सकेमात्र राज्यका सबै क्षेत्र स्वास्थ्य रूपमा सञ्चालन हुन सक्छन् । तसर्थ राज्यको बजेटमा पहिलो प्राथमिकतामा स्वास्थ्य र जनसङ्ख्या मन्त्रालय

रहनुपर्दछ । वर्तमान सरकारले स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयका लागि रु. ६९ अरब ३८ करोड बजेट विनियोजन गरिएको पाइन्छ । स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयको जनतालाई स्वास्थ्य निरोगी र जटिल प्राकृतिक रोगबाट जनतालाई सुरक्षित गर्न यस वर्ष बजेटमा महत्त्वपूर्ण कार्यक्रमहरू समावेश गरिएको पाइन्छ । मृगौला प्रत्यारोपण गरेका तथा डाइलसिस् गराइरहेका व्यक्तिहरू सबै किसमिका क्यान्सर रोग निदान भएका व्यक्तिहरू र मेरुदण्ड, पक्षघातका बिरामीहरूलाई औषधि उपचार खर्चबापत मासिक रु. ५ हजारका दरले उपलब्ध गराउन बजेट विनियोजन र कार्यविधि तय गरिएको लागु गरेको छ ।

ज्येष्ठ नागरिकलाई विशेष स्वास्थ्य सेवा महिलाको पाठेघर क्यान्सरको निःशुल्क उपचार सरकारी स्वास्थ्य संस्थाहरूबाट ५८, ९८ प्रकारको औषधि निःशुल्क उपलब्ध गराउन बजेट मानव विकास सूचाङ्कमा पछि परेका २५ जिल्लाका विभिन्न विपन्न परिवारका सुत्केरीहरूलाई एकमुस्ट ५ हजार पोषण खर्च उपलब्ध गराउने बजेट र आगामी आर्थिक वर्षमा ६५५ स्थानीय तहमा निर्माणाधीन आधारभूत अस्पतालहरूको निर्माण सम्पन्न गर्न बजेट विनियोजन भएको छ र स्वास्थ्य बिमा कार्यक्रमसहित सङ्घ, प्रदेश र स्थानीय तहहरूबिच समन्वय र सहकार्यसहितका थुप्रै कार्यक्रमहरू समावेश गरिएको पाइएको छ ।

सम्माननीय अध्यक्षज्यू, विनियोजित बजेटहरू अरू यथाशीघ्र कार्यविधि तय गरी जनतालाई सेवा सुविधा र सुलभ हुने गरी लागु गर्न शुभकामना व्यक्त गर्दै थप कार्यक्रमहरू मृगौला पीडितहरूको निःशुल्क डाइलसिस् गर्ने व्यवस्था सर्वसुलभ बनाउनुपर्ने र बिरामीको बढ्दो चापलाई मध्यनजर गरी जनतालाई सरकारी अस्पतालमार्फत नभई निजी क्षेत्रको अस्पतालसँग समेत कार्य, सहकार्य गरी सेवा सुविधा उपलब्ध गराउनुपर्ने । सार्वजनिक पद धारण गर्ने व्यक्तिलाई मात्र नभई न्यूनतम् आर्थिक अवस्था भएका जनतालाई जुनसुकै बिरामीलाई सरकारले सहुलियत प्रदानसहित निःशुल्क स्वास्थ्य बिमा कार्यक्रम लागु गर्नुपर्ने भनाइसहित प्रस्तुत विषयमा मन्त्रालयको कार्यक्रमको सफल कार्यान्वयनको शुभकामनासहित मेरो भनाइ यहीँ अन्त्य गर्छु । धन्यवाद ।

**सम्माननीय अध्यक्ष**:- माननीय हरि राम चौधरी । समय ९ मिनेट । यसपछि माननीय राजेन्द्र लक्ष्मी गैरे ।

**माननीय श्री हरि राम चौधरी (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र)**:- सम्माननीय अध्यक्ष महोदय, आजको यो बजेट छलफल कार्यक्रममा सहभागी हुने क्रममा अहिले जुन बजेटमा हामी जो छलफल गरिरहेका छौं, यस वर्षको । यसभन्दा अगिल्ला वर्षका बजेटहरूमा हामीले छलफल गर्ने क्रममा धेरै ठुलो भिन्नतापूर्ण तरिकाले बजेट आएको जस्तो मलाई लाग्दैन । समग्रमा मेरो अहिलेको बजेटको संक्षेषण र मेरो आफ्नो बुझाइ के छ भने बजेट विशेष गरेर लोकतान्त्रिक गणतन्त्रको एउटा संविधानलाई कार्यान्वयन गर्न सक्ने उद्देश्यमा अहिलेको यो बजेट त्यतातिर केन्द्रित भएर यो पाँच वर्ष पुग्न थालेको छ । यो अवधिसम्म हेर्दै जाँदाखेरि ती बजेटहरू कुनै पनि सङ्घीयतालाई smoothly कार्यान्वयन गर्ने उद्देश्यमा यी बजेटहरू ल्याइएको छैन । अहिले पनि यसमा एकात्मक शासन प्रणालीको गन्धहरू अहिलेका बजेटहरूमा देखिन्छन् । किनकि अहिले हामीले हेर्दै जाँदाखेरि चाहे स्वास्थ्य क्षेत्रमा, चाहे शिक्षाको क्षेत्रमा, चाहे ऊर्जाको क्षेत्रमा आजको छलफल हुँदै गर्दाखेरि संस्कृति, पर्यटन, उद्योग, वाणिज्यदेखि लिएर जुन यी क्षेत्रमा आज हामी छलफल गर्न गइरहेका छौं । यो रोष्ट्रमबाट म छलफल गर्न गइरहेको छु ।

यी बजेटहरूलाई सरसर्ती अध्ययन गर्दै गर्दाखेरि मैले त्यस्तो अनुभूति गर्छु । हाम्रो दुई सदनात्मक व्यवस्थाका आधारमा प्रतिनिधि सभा र राष्ट्रिय सभाको माननीयहरूको मध्यनजर गर्दै गर्दाखेरि यो बजेट बनाउने एउटा प्रणालीलाई हामीले हेर्ने हो भने मलाई लाग्छ यो बजेट निर्माण प्रक्रियामा आदरणीय मन्त्रीज्यूहरूले यो बजेट निर्माण गर्छन् कि ? अथवा माननीयका सुझाव, सल्लाहका आधारमा यी बजेटहरू बन्छन् ? मलाई यहीनेर एउटा कन्फ्युजन देख्छु मैले । माननीयहरूको भूमिका यो बजेटमा के हुन्छ ? अथवा यसमा मन्त्री र स्वकीयहरूको भूमिका के रहन्छ ? अथवा कर्मचारीहरूको भूमिका के रहन्छ ? यो कुराको एकदमै भिन्नता छ । माननीयहरूको, सांसदहरूको बुझाइ एउटा छ र मन्त्रीज्यूहरूको बुझाइहरू अर्कोतिर छ । र हाम्रो संविधानले फेरि यो बजेट यस्तो बन्नुपर्छ भनेर एउटा निर्देशित हामीलाई गरिरहेको हुन्छ । यी तीनै चिजलाई उल्लङ्घन गरेर हाम्रा बजेटहरू बनिरहेका छन् । त्यसकारणले गर्दाखेरि बजेटको बारेमा मेरो छोटो संक्षेषण यहाँनेर हो । यसलाई विशेष मध्यनजर गरियोस् । यो मलाई लाग्छ यो मेरो सुझाव मेरो व्यक्तिगत मात्र नभएर अहिलेको बजेटलाई अध्ययन गर्दै गर्दाखेरि मान्छेलाई बजेट यो किताबहरू पढ्दै गर्दाखेरि लज्जित हुन्छ । आज नेपाली समुदायमा सबै जना पढलेख गरेका छन् । यो किताब सबैले

पढ्छ । यी सबै चिजहरू अनलाइनहरूमा जान्छन् । ती बजेटहरू हेर्दा गर्दाखेरि कुन चाहिँ मन्त्रीको जिल्लामा कति छ ? कुन चाहिँ तपाईंको प्रधानमन्त्रीज्यूको जिल्लामा के छ ? सभामुखको जिल्लामा के छ ? कुन चाहिँ पावरफुल नेताको जिल्लामा कस्तो खालको बजेट छ ? त्यो सजिलो गरी थाहा पाउँछ । आज यसका विरुद्धमा यत्रो रगतको बलिदानीबाट प्राप्त गरेको गणतन्त्र, सङ्घीय लोकतान्त्रिक गणतन्त्रका विरुद्धमा आज नेपालको हरेक कुनाकाप्चामा यसका विरुद्धमा प्रतिरोधका आगोहरू सल्किँदै गइरहेका छन् । त्यसकारणले गर्दाखेरि मन्त्रीज्यूहरूलाई मेरो आफ्नो सम्माननीय आदरणीय मन्त्रीज्यूहरूलाई मेरो सुझाव के हो भने विशेष गरेर बजेट निर्माणलाई यो एउटा कानुन हो । यो कुरालाई विशेष ढङ्गले हेर्न जरुरी छ । यदि यसलाई हामीले मध्यनजर गरेन भने नेपाल भनेको एउटा सङ्घीय लोकतान्त्रिक गणतन्त्रमा आधारित छ । नेपालमा थुप्रै जातजाति र थुप्रै भाषाभाषीलाई मध्यनजर गरेर यहाँ थुप्रै समुदायहरूको बसोबास भएको मुलुक हो । आज एउटै समुदायको मात्र प्रतिनिधित्व बजेटमा देखिन्छ । अरूको प्रतिनिधित्व देखिँदैन । त्यसकारणले यी कुराहरूलाई विशेष ध्यान दिइयोस् भन्ने म भन्न चाहन्छु ।

मैले स्वास्थ्यको क्षेत्रमा जान्छु । म धेरै प्वाइन्टहरू मेरा छैनन् । म यहाँनेर सिकल सेल एनिमियाको बारेमा यसभन्दा अगाडि छलफल भयो । सिकल सेल एनिमिया दिवस ५ गते मात्रै थियो । ५ गते सिकल सेल एनिमिया दिवस मनाउँदै गर्दाखेरि थोरै सङ्ख्यामा सिकल सेल एनिमियाको बारेमा त्यो ठाउँमा अध्ययन अथवा त्यसका बारेमा थोरै मात्र त्यसको अनुसन्धान गरिएको थियो । समथिङ थारु समुदायमा २२ सयभन्दा बढी सिकल सेल एनिमियाबाट पीडित बिरामीहरू छन् । तर आज राज्य उनीहरूलाई एक लाखको सुविधा दिइएको छ । तर आज एक लाखको सुविधा जो बिमा सुविधा हो । त्यो सुविधा उनीहरूको सिद्धिसकेको छ । अब ती जीवित सिकल सेल एनिमियाबाट ग्रसित मान्छेहरूले कसरी आफ्नो उपचारहरू अब गर्ने ? उनीहरू आफ्नो आजीवनभरि त्यो उपचार उनीहरू बाँच्नको लागि त्यो उपचारमा उनीहरू उपचार गर्नै पर्छ । तर राज्य यसको बारेमा बेखबर छ । हाम्रो मन्त्रीज्यूहरू यसको बारेमा जानकार छैनन् । हाम्रा विशेषज्ञहरू यसका बारेमा जानकार छैनन् । डक्टर र त्यसपछि गएर यसका जान्ने मान्छेहरूको सुझाव सल्लाह लिनै चाहँदैनन् । यस्तो खालको कठिनाइ छ । यो कुरालाई विशेष ध्यान दिइयोस् । र अहिले स्वास्थ्य क्षेत्रकै कुरा गर्ने हो भने पछाडि परेका वर्ग समुदायहरूलाई कसरी उनीहरूलाई यो क्षेत्रमा अगाडि बढाउनको

लागि उपयुक्त प्रकारको उनीहरूलाई सुविधा दिइएको देखिँदैन । अहिलेको यो बजेटमा मैले देखेको छैन ।

यसै गरी शिक्षा क्षेत्रकै कुरा गरौं । पछाडि परेका हरेक वर्गहरूलाई कुसल शिक्षा अध्ययन गर्नका लागि कुनै प्रकारको एउटा सहुलियत देखिँदैन । यसमा सिफारिसभन्दा अर्को कुनै देखिँदैन । सिफारिसको भरमा मात्रै उच्च शिक्षा अध्ययन गर्न पाउने प्रावधान छ । अहिले पनि निःशुल्क शिक्षाका कुरा गर्छौं हामी । तर निःशुल्क शिक्षाका कुराहरू आफ्नै प्रकारका पीडा छन् । आज हामीले हाम्रो मुलुकमा हामीले शिक्षा, स्वास्थ्य र रोजगार भनेको एउटा नैसर्गिक अधिकार हो भन्छौं । हामीले यसलाई कानुनमा लिपिबद्ध गरेका छौं । तर किन आज हामीले कार्यान्वयन गर्न सकिरहेका छैनौं ? किन हामी स्पष्ट बजेट राख्न सकिरहेका छैनौं ? अहिले पनि किन पैसा तिरेर मात्र पढ्नुपर्ने अवस्था किन भइरहेको छ ? हाम्रो मुलुकमा । यो कुरामा विशेष ध्यान दिइयोस् । आदिवासी जनजातिका पछाडि परेका छोराछोरीहरू अहिले पनि उनीहरू उच्च शिक्षा अध्ययन गर्न नपाउने अवस्था छ ।

अब यसै गरी म सुपतिर केन्द्रित हुन्छु । सुप विश्वविद्यालय बन्यो । सुप विश्वविद्यालय बनिसकेपछि त्यहाँको सामुदायिक क्याम्पस त्यहाँको कैलाली बहुमुखी क्याम्पस छ । त्यो देशकै एउटा नमुना क्याम्पसको रूपमा आफूलाई स्थापित थियो । जब सुप विश्वविद्यालयमा ऊ मिलेर अगाडि बढ्न खोज्दाखेरि आज त्यो बहुमुखी कैलाली बहुमुखी क्याम्पसको पढाइ नै धरापमा परेको छ । विश्वविद्यालय र कैलाली बहुमुखी क्याम्पसको बिचमा एमओयू भयो । तर त्यो कार्यान्वयन गर्न चाहँदैन । हाम्रा सरकारी सङ्घ संस्थाहरूको हालत यस्तो छ । त्यसको अनुगमन र निरीक्षण कसले गर्ने ? सम्बन्धित मन्त्रालयले यो कुरालाई अध्ययन गर्ने कि नगर्ने ? अध्ययन गर्न जरुरी छ ।

स्वास्थ्यकै कुरा गर्दै जाँदाखेरि यो सुदूरपश्चिम मेडिकल कलेज एउटा ठुलो संरचना तयार भयो । तर त्यो संरचनालाई कसरी अगाडि बढाउने भन्ने कुरा बजेटमा कुनै प्रकारको लेखिँदैन । के त्यसका लागि छुट्टै तरिकाले आउँछन् ? छुट्टै किताबमा राखेर पठाइन्छ ? यो अचम्मको अहिलेको यो दुनियाँमा अहिले पनि किन हामी यस्तो नाटकीय तरिकाले काम गरिरहेका छौं ? यो कुरामा ध्यान दिइयोस् । सबै मान्छेहरू बुझ्ने भइसकेका छन् । त्यसकारणले गर्दाखेरि यो कुरालाई पनि म अलि जोड दिन चाहन्छु ।

अहिले ऊर्जा, जलस्रोतका कुरा गर्छौं हामी । जुन ठाउँमा बाढी पहिरो आउँछ, जहाँ गाउँका गाउँ डुबान हुन्छन् । जहाँ पूरा जिल्लै डुबान हुन्छ । ती खोला नालाहरूमा तटबन्ध हुँदैनन् । त्यसका बारेमा कुरा गरिँदैनन् । साना साना खोल्सा खोल्सीमा सङ्घीय सरकारका बजेटहरू थुप्रिएका छन् । त्यो कसरी पढ्ने ती किताब ? कसरी बुझ्ने ती जनताहरूले ? सुदूरपश्चिमको कर्णाली, महाकाली, त्यहाँ कान्द्रा मोहनादेखि लिएर खुटिया यिनीहरू सबभन्दा बढी पानी केन्द्रित भएर अगाडि बढ्ने खोलाहरू हुन्छन् । सायद मलाई लाग्छ सम्पूर्ण मन्त्रीज्यूहरू, सम्पूर्ण सांसदहरूलाई जानकारी भएको हो त्यो । तर त्यहाँ बजेट जाँदैनन् । नामै नसुनेका खोल्सा जहाँ पानी नै बग्दैनन् । ती खोल्साहरूमा ठुल्ठुला बजेटहरू । यी कुराहरूलाई ध्यान दिइयोस्, सम्बन्धित मन्त्रीज्यूले ।

पर्यटनका कुरा गर्छौं हामी । हाम्रा पर्यटनका पैसा आज दुई हजारभन्दा बढी मन्दिरहरूमा गएका छन् । दुई हजार मन्दिरमा लगाउने पैसाहरू देशैभरिको सातओटा प्रदेशमा नमुना पर्यटन क्षेत्र निर्माण गराउने त्यो उद्योग हुन्छ हाम्रो । त्यो हाम्रो रोजगारको व्यवस्था हुन्छ । आज मान्छेहरू कहाँ घुम्न जाने भनेर सुदूरपश्चिमको कर्णाली पुलमा दिनमा १० हजारभन्दा मान्छे बढी मान्छेले अवलोकन गर्छ एउटा पुल । मान्छे घुम्न जान चाहन्छन् । ती ठाउँहरू हामी बनाउन चाहँदैनौं । अनि हामी हाम्रा युवाहरू खाडीमा नगएर त्यसपछि इन्डियाको समुन्द्रमा माछा मार्न नगएर कहाँ जाने ? त्यसैले बजेटको बारेमा अथवा यो मूल हाम्रो यो बजेट भनेको मूल कानुन हो मलाई लाग्छ । मैले त्यसरी बुझ्या छु । यो हाम्रो मेरुदण्ड हो । यसैकै बारेमा नेपाली जनता र सम्पूर्ण माननीयहरूलाई छलछाप गरेर जो बजेट ल्याइँदै छ । यो बजेट गलत छ । म यो बजेटलाई कुनै पनि हालतमा व्यक्तिगत रूपमा समर्थन गर्न चाहँदैन । म यिनै कुराहरू राख्दै बिदा हुन्छु । हवस् त, धन्यवाद ।

**सम्माननीय अध्यक्ष**:- माननीय राजेन्द्र लक्ष्मी गैरे । समय १० मिनेट । यसपछि माननीय गोपी बहादुर सार्की आछामी ।

**माननीय श्री राजेन्द्र लक्ष्मी गैरे (नेपाल कम्युनिष्ट पार्टी, एकीकृत समाजवादी)**:- सम्माननीय अध्यक्षज्यू, आज म संस्कृति, पर्यटन उड्डयन र मन्त्रालयसँग सम्बन्धित

विषयमा केन्द्रित भएर आफ्नो धारणाहरू राख्न चाहन्छु । हाम्रो नेपाली समाज दोहोरो चरित्रको छ । हामी नेपालीहरू हाम्रो देश धर्म निरपेक्ष भएको छ । धर्म निरपेक्ष देशमा हामीले द्वन्द्वात्मक भौतिकवाद हिसाबले हाम्रो मनभित्र पनि एउटा द्वन्द्व चल्छ हाम्रो मनले यो काम गर यो काम नगर हामीलाई निर्देशन गर्ने गर्दछ । बाहिर पनि हामीले यो काम पाउँछौं भने कतिपय मान्छेहरूले आध्यात्मिक हिसाबले नै विश्वास गरेको हामीले देख्छौं । म हिजो स्वयम्भू जाँदा मान्छेहरू लम्पसार परेर स्वयम्भूलाई ढोगेको मैले देखें । त्यतिकै बुद्धहरूको आस्था छ ।

हाम्रो लुम्बिनीका कुरा गर्दा हामी पाल्पा जिल्लाका थुप्रै मन्दिरहरू यस्ता छन् भगवती मन्दिरको कुरा गऱ्यो भने त्यहाँ सेनाले लडाइँ गरेर विजय हासिल गरेको, भगवतीले चाहिँ आशीर्वाद दिएर विजय हासिल गरेको भनेर ठुलो भगवती जात्रा सेनाले अहिले पनि मनाउँछ । त्यति ठुलो आस्था र विश्वास हाम्रो समाजमा छ । त्यसैले होला धेरै चाहिँ यो बजेट चाहिँ मठ मन्दिरमै केन्द्रित देखिन्छ । धेरै मन्दिरहरूको संरक्षण र पुनःनिर्माण भनेर राखिएको हामीले देख्छौं । त्यस्तो खालको देखिरहँदा हाम्रो पाल्पाको ऐतिहासिक पाल्पा दरबार त्यसपछि अमरनारायण मन्दिर, भगवती मन्दिर, सिद्धबाबा, बगनासकाली शिवालय, रामपुर तालपोखरा, सुन्दर फन, फनपार्क र रिडीको गायत्रीपीठ मन्दिर जस्ता मन्दिरहरूलाई पनि बजेटहरू विनियोजन गरेको हामीले देख्छौं मैले देखेको छु । अहिले अमरनारायण मन्दिर धेरै पुरानो ऐतिहासिक पुरातात्विक मन्दिर हो । त्यो जीर्ण भएर ढलेको छ । मान्छेहरू त्यो ढल्दाखेरिमा मान्छेहरू पर्नुभयो । हाम्रो त्यो क्षति पनि भएको छ । त्यो मन्दिरको निर्माणको निम्ति अहिले बजेट विनियोजन गरिएको छ । त्यो मन्दिरको निर्माण गर्न राखेको बजेटले त एउटा सिँढी पनि बन्दैन । मैले त्यहाँ यस्तो देखें बजेट हाम्रो त्यो, हामीले त्यतिकै बजेट नराखौं दश ठाउँमा राख्ने साटो बरु एकै ठाउँ राखौं । जुन कुराले हाम्रो उपलब्धि हुन सक्छ । त्यो अमरनारायण मन्दिर त्यहाँ विवाह, व्रतबन्ध पूजाआजा त्यहाँ नारानथान विवाह गरेको भनेपछि सम्बन्ध बिछोड हुँदैन । नारायण भगवानले रक्षा गर्छन् भन्नेसम्म विश्वास छ मान्छेलाई । धेरै पुरातात्विक हिसाबले पनि ठुलो मन्दिर हो हामीले त्यस्तो ठाउँमा हाम्रो ३ लाख बजेट देख्छु मैले यसले एउटा सिँढी पनि बन्दैन ।

पाल्पा जिल्लाको समग्र बजेटलाई मैले हेर्दा ३०/३२ लाख रुपियाँ छ । यसो हुँदाखेरिमा भर्खरै तालपोखरा रामपुरमा पर्छ । त्यो एउटा हाम्रो खाल्डो त्यहाँ पहिला भैंसीहरू आहाल बस्ने गर्थ्यो त्यो ठाउँमा मान्छेहरूले पानी जम्मा गरेर अहिले डुङ्गाहरू

तार्ने पार्कहरू बनाउने गर्नुभा'छ । एउटा त हाम्रो पर्यटकीय हिसाबले त्यो क्षेत्रका जनतालाई फाइदा हुँदै छ भने अर्को हिसाबले राज्यको सम्पत्तिको संरक्षण पनि भएको छ । हिजो हाम्रा थुप्रै जमिनहरू हाम्रो राज्यको सम्पत्तिहरू थियो आज राज्यको सम्पत्तिहरू नष्ट हुँदै जाँदा जहाँ पार्कको हिसाबले जहाँ बराजु मन्दिरकै हिसाबले जहाँ तालको हिसाबले हामीले संरक्षण गर्दै छौं त्यो भोलि हाम्रा छोरा नातिलाई हामीले सम्झेका हौं भनेर हामीले गर्व गर्नुपर्छ । त्यो हामीले आज सक्दै छैनौं भोलिका लागि सम्झिँदै छौं ।

त्यसो भएको हुनाले पनि त्यस्तो क्षेत्र संरक्षण गर्ने कुरामा र त्यहाँ पर्यटकीय हिसाबले आम्दानी गर्ने कुरामा हामीले ध्यान पुऱ्यायो भने देख्न लायक हुने छ । सबै ठाउँमा हामीले त्यस्तो गर्न पर्दैन । केही ठाउँहरूमा मात्र गऱ्यौं भने पनि कतिपय जनताले आफै पनि गर्ने छन् । हिजोको हामीलाई अनुभव छ हामीले ३ लाख रुपियाँ दिंदा मान्छेले ५० लाखको काम गऱ्या छ । अहिले पनि कतिपय ठाउँहरू त्यस्ता छन् थोरै बजेट दिंदा पनि धेरै काम गर्न सकिन्छ । कतिपय ठाउँमा जतिखेर वर्षैपिच्छे बजेट दिंदा पनि त्यो काम चाहिँ नभएको पनि मैले जिल्लाहरू देखेको छु । हाम्रै लुम्बिनीका पनि केही जिल्लाहरूमा काम गर्न गाह्रो छ । केही जिल्लाहरूमा असाध्यै सहज रूपमा काम गर्न सकिन्छ । मान्छेहरू तयार छन् यो हिसाबले पनि बजेट विनियोजन गरौं र आकर्षक रूपमा एउटा केन्द्र बनाएर काम गरौं भनेर म अनुरोध गर्न चाहन्छु । माननीय मन्त्रीको ध्यान आकर्षण गर्न चाहन्छु ।

र अर्को कुरा संस्कृतिसँगै जोडिएको कुरा हवाई क्षेत्रको कुरा गर्न चाहन्छु म । बाटोहरू बिग्रेको छ । मान्छेलाई घण्टौं लाग्ने भएपछि मान्छेहरू प्लेन चढ्न चाहिँ एयर्पोर्ट जाने गर्दछन् । त्यही मौका छोपेर हवाइसेवालाई यात्रुहरूको चाहिँ एयरलाइन्सहरूले भाडा चाहिँ बढाएको छ । एउटा साँच्चिकै घटना सुनाउँछु म माघ १२ गते निर्वाचित भएको नयाँ सांसद भैरहवा एयर्पोटमा बस्दै थिएँ । त्यो दिन राजेन्द्र लिङ्देल, बाबुराम भट्टराई, झलनाथ खनालहरूको पनि सवारी थियो, भिडभाड थियो । प्लेन डिले भएको छ, डिले भएको छ, डिले भएको छ । अनि डिले भा'छ भनेर म पनि भीआपी रूपमा आनन्दले बसें । त्यहाँ नेताहरू आइरहनुभा'थियो प्लेनले मलाई छोडेर गएछ । डिले त भएकै थियो छोडेरै गएछ । त्यसपछि त्यो डिले भएसी फेरि अर्को टिकट काटें अर्को टिकट काट्दाखेरिमा ७ हजार ६ सय ६५ रुपियाँ । अब म एउटा सांसद भएको मैले त्यहाँ पटक पटक त्यहाँ inquiry गर्दाखेरिको अवस्था त्यो छ भने

जनताको अवस्था अझै कस्तो होला ? र त्यो मौका छोपेर भाडाहरू बढी लिने गरेको लापरबाही गर्ने गरेको पनि हामीले त्यस्तो खालको देख्छौं । त्यस्तो भएको हुनाले यो बाटोलाई व्यवस्थित गर्दाखेरिमा सायद त्यो चाप पनि घट्छ होला र यो डिले हुने समस्या चाहिँ छ अझै तपाईंहरूलाई त कति समस्या परेको होला मन्त्रीज्यूहरूले कति ठाउँ सम्बोधन गर्न भनेर जानुहुन्छ होला प्लेन दुर्घटना भयो, त्यो नियमित चढ्ने प्लेनमा चढ्छु भन्नुभयो भने त तपाईहरूले कामै भ्याउनुहुन्न होला । त्यसो भएको हुनाले यो खालको समस्या छ हवाई क्षेत्रमा यसलाई सुधार गर्नुपर्छ भन्ने लाग्छ ।

र हामी अगि साथीहरूले भनेको कुरामा पनि मेरो के सहमति छ भने हाम्रा योजनाहरू हाम्रो संविधानले कुनै पनि क्षेत्रलाई, कुनै पनि जातिलाई विभेद नगरिकन समाजवादमा पुग्ने लक्ष्य राखेको छ भने त हामीले त्यो क्षेत्रलाई, त्यो ठाउँलाई हेर्नको निम्ति हाम्रो योजनाहरू त्यहीं उन्मुख हुनुपर्छ । त्यसो भएको हुनाले मैले समाजवादउन्मुख योजनाको रूपमा मैले एउटा सपना होइन यो साँच्चिकै हो already मान्छेहरू तयारी भएकै कुरा म तपाईंहरूको बिचमा राख्छु पहिला पनि राखेको थिएँ । बाटो चाहिँ, गेट चाहिँ दायाँबायाँहरू बनाउने होइन हामीले सानो बाटो बनाउने दायाँबायाँ फूलहरू रोप्ने ....खेती हाम्रो अमिस्रो र किवी खेतीलाई हामीले त्यसलाई राख्ने र वार्षिक रूपमा एउटा सानो गाउँको सय घरको चाहिँ ५ करोड जति हामीले आम्दानी गर्न सकिन्छ । आम्दानी सामूहिक तरिकाले खेती पनि सामूहिक गर्ने र तरकारी खेती पनि सामूहिक गर्ने । डाँडामा चाहिँ एउटा भ्युटावर राख्ने गाउँमा चाहिँ एउटा पाहुना घर बनाउने त्यहाँ पानी बत्ती सबै हुन्छ, धारा हुन्छ, बाथरुम हुन्छ । खाना जनताले अर्गानिक दिन्छन् गाउँहरू सुन्दर देखिन्छ ।

सहर खोज्न हामी सहर पस्ने होइन हामीले गाउँलाई नै सहर बनाउने हो र त्यस्तो खालको सपना देख्नको निम्ति त्यो गर्नको निम्ति स्थानहरू पनि हामीसँग छ, शक्ति पनि छ, जनशक्ति पनि छ, भावना पनि छ, काम गर्ने चाहना पनि छ । सुरु गरिएका उदाहरणहरू पनि छ यसलाई हामीले थोरै मात्रै बजेट विनियोजन गर्न सक्दा हामीले संस्कृति संस्कारहरूको त्यहाँ भएको रहनसहनहरूको त्यहाँ घाटु नाचहरूलाई त्यहाँको सोरठी नाचलाई त्यहाँको झ्याउरेलाई हामीले ती पर्यटकहरूलाई आकर्षण गर्न सक्छौं देखाउन सक्छौं र हामीले हाम्रो गाउँमा आकर्षण गर्नको निम्ति थुप्रै सम्भाव्यता ठाउँहरू छ त्यसो भएको हुनाले यो एउटा संस्कृतिसँग जोडेर कृषिसँग जोडेर पनि हामीले हाम्रो ठाउँहरूलाई हेर्न सकिन्छ । यो खालको सोच हामीले बनाएका छौं । जनताहरू अगाडि

बढिरहनुभएको छ । मैले मन्त्रिज्यूसँग पनि यो कुरा राख्या थिएँ । सोचौंला भन्नुभएको थियो नबिर्सिनुहोला सोच्नुहोला भनेर म यहाँको ध्यान आकर्षण गर्न चाहन्छु ।

र यस्तै गरी मैले अगि नै हाम्रो सन्ततिको निम्ति पनि चाहिन्छ भनिरहँदा प्रभास ताल पाल्पा जिल्लामै पर्छ । त्यो प्रभासमा एउटा ताल छ त्यो कमल पोखरीमा कमलको फूलहरू फुलेको छ । त्यो कमलको बियाँ जन्डिसको औषधि हुन्छ भनेर धेरै ठाउँहरूबाट मान्छेहरू किन्न आउँछन् । ५ रुपियाँको एक दान बिग्छ । त्यस्तो ठाउँ राज्यको सम्पत्ति छ । राज्यको त्यस्तो ठाउँमा हामीले त्यो तालको संरक्षण गर्न सक्दा तपाईंहरू धेरै जना पाल्पा जानुभा'छ होला प्रभासमा बगैंचा छ अहिले तपाईंहरू जानुभयो भने आधि घण्टा मात्रै के बस्नुहुन्छ तपाईंले ती बगैंचाका सबै आँपहरू चाख्न सक्नुहुन्छ । त्यहाँ पक्क पक्क आँपहरू झरेका छन् यात्रीहरूले खाएका छन् । नामै प्रभास प्रभासीहरू आएर बसेको ठाउँ भएको भएर प्रभास भनेको हुनाले त्यो एउटा धार्मिक र सांस्कृतिक क्षेत्र छ । त्यहाँ मैले पनि भने यो आँपहरूलाई हामीले बेचेर आम्दानी गरौं भन्नुभा'थियो त्यहाँको नेताज्यूहरूले मैले बेचेर आम्दानी नगरौं पक्क पक्क यो आँप झरोस् बाटो हिड्ने यात्रुहरूले खाओस् हिजो प्रभासीहरूको नामबाट रहेको ठाउँ अहिले पनि हाम्रो त्यहाँको मान्छेहरूले त्यो संस्कार छ आँपहरू त्यसरी खान पाइने प्रभास ताल छ ।

त्यस्तै गरी अगि हाम्रो माननीय खिमलाल भट्टराईले जुन कुराहरू उठाउनुभा' छ । smart city को कुरा मैले पहिला पनि उठाएको थिएँ । हाम्रो त्यो सम्भाव्य ठाउँहरूमा (**सम्माननीय अध्यक्षः** माननीयज्यू समय सकिएको छ ।) (मलाई आधि मिनेट मात्रै ।) अनि त्यो ठाउँहरूमा हामीले नालीहरू बनाऊँ त्यसपछि चाहिँ बजारहरू बाटोहरू बनाऊँ र फोहोर पानीहरूलाई व्यवस्थित गरौं भन्ने चाहिँ लाग्छ र यो भयो हाम्रो जिल्लाको समग्र समस्याको कुरा ।

योसित सँगै म काठमाडौंमा यहाँ बसिरहँदा यहाँ माननीय मन्त्री, प्रधानमन्त्री बस्ने ठाउँ धेरै टाढा हेर्न जान पर्दैन तपाईंहरूको अनुगमन त्यो बल्खुको फलफूल मन्डीमा गएर हेर्नुभयो भने पुग्छ । घुँडाघुँडासम्म आउने हिलो छ गन्हाएर त्यो फलफूलहरू कुहिएर डङ्गुर छ । त्यस्तो ठाउँमा बसेका मान्छेले भाउ नबढाइदिएर के बढाउँछन् । को हेर्न जान्छ त्यहाँ । कसले सोच्छ र उनीहरूले भाउ नबडाउन् उनीहरूले त यिनीहरूले त्यो खालको सजाय पाएँ जस्तो व्यपारीलाई (**सम्माननीय अध्यक्षः** माननीयज्यू थपिएको समय सकिएको छ ।) धन्यवाद ।

**<u>सम्माननीय अध्यक्ष</u>**ः- माननीय गोपी बहादुर सार्की आछामी । समय ८ मिनेट । यसपछि माननीय कृष्ण प्रसाद पौडेल ।

**<u>माननीय श्री गोपी बहादुर सार्की आछामी (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र)</u>**ः- सम्माननीय अध्यक्ष महोदय, म नेपाल सरकारको तर्फबाट ल्याइएको नीति कार्यक्रम, सिद्धान्त र प्राथमिकता, बजेट भाषणसहित आउँदाखेरि असाध्यै राम्रो विषयहरू आएका थिए र मैले त्यसलाई मनदेखि नै आँखा चिम्लेर समर्थन गरेको थिएँ, यही मञ्चबाट । अहिले यो विनियोजन विधेयक आइसकेपछि चाहिँ अलिकति सम्पूर्ण रूपमा समर्थन गर्नेभन्दा पनि अलि आलोचनात्मक हिसाबले समर्थन गर्नुपर्छ भन्ने मैले आफूले महसुस गरिराखेको छु । म त्यही राख्न चाहन्छु ।

सर्वप्रथम त नेपाल सरकारले एसपीपी सम्झौता नगर्ने भनेर निर्णय गरेको छ । यो स्वागतयोग्य नै निर्णय हो । म यसको लागि नेपाल सरकारलाई आफ्नो तर्फबाट हार्दिक धन्यवाद पनि ज्ञापन गर्न चाहन्छु । अब सिद्धान्त र प्राथमिकता भनेर १० ओटा प्राथमिकताका क्षेत्रहरू र आधारहरू भनेर १० ओटा आधारहरू तय गरिएको थियो । र त्यो आधारलाई हेर्दाखेरि अब हामीले चाहेको जस्तो समृद्ध नेपाल बन्छ भन्ने मैले महसुस गरेको थिएँ । अहिले यो विनियोजनसम्म आउँदाखेरि मैले के महसुस गरिराखेको छु भने यसले सङ्घीयताको मर्मलाई राम्रोसँग पक्डेको जस्तो मैले अनुभूति गरेको छैन ।

बजेट चाहिँ साना साना टुक्रा बजेटहरू त्यो चाहिँ गाउँपालिकास्तरमा, नगरपालिकास्तरमा गर्ने कामका स्तरका बजेटहरू तल छुट्याइएर पठाइएको छ । यसो हेर्दाखेरि त्यो बजेट उपयोगमा पनि आउँदैन । पुल बनाउने भन्या छ । त्यो केको पुल बनाउने भन्या हो ? बाँसको पुल बनाउने भन्या हो कि पक्की पुल बनाउने भन्या हो कि ? के बनाउने भन्या हो ? मोरङमा ५३ ओटा पुल रहेछ । २ लाखदेखि ३० लाखसम्म बजेट हालिएको छ । अब यसले पुल बन्छ कि बन्दैन ? त्यस्ता खालका मैले २०६४/६५ सालतिर प्रस्तावित गरिएका खानेपानीका योजनाहरू अहिलेसम्म सम्पन्न भा'का छैनन् । करिब करिब १५ वर्ष भइसक्या रहेछ । त्यो १५ वर्ष अगाडिदेखि नै ५ लाख, ७ लाख, ८ लाख बजेट नियमित गइराखेको छ । त्यो खानेपानी सम्पन्न पनि भइराख्या छैन । त्यसको बजेट इस्टिमेट हेर्दाखेरि करिब करिब २ करोड, ३ करोडको हुन्छ । यसरी साना साना, टुक्राहरू बजेट तल पठाउँदा छर्दा कनिका छरे जस्तो छर्ने

खालको बजेटले यो समग्र देशको दिगो विकास होइन । यसले दिगो विनाशतिर लाने हो कि ? त्यसतिर मन्त्रीज्यूहरूको अलि ध्यान जान जरुरी हुन्छ भन्ने मलाई लागिराखेको छ ।

अब यहाँ चाहिँ मैले यो खानेपानी मन्त्रालयले जुन एउटा उद्देश्य राखेको छ । संविधानले पनि मौलिक अधिकारको रूपमा स्वच्छ र सफा खानेपानीमा नागरिकको हक हुनेछ भनेर मौलिक अधिकारमै त्यसको व्यवस्था पनि गरिएको छ । र राज्यको अभिभारा एक घर एक धारा भनेर यो एउटा उद्देश्य यो राम्रो राखिएको छ । यो २०३० सम्म दिगो विकास लक्ष्यलाई पक्डिने गरी सबैलाई सरसफाई र स्वच्छ खानेपानीको उपलब्धता र दिगो व्यवस्थापनको प्रत्याभूति गर्ने र यो २०७९/८० भित्र ९७ प्रतिशत नेपाली नागरिकलाई आधारभूत खानेपानी व्यवस्था गर्ने भनिएको छ । यसलाई मैले स्वागत र सम्मान पनि गर्न चाहन्छु ।

मैले मोरङकै सन्दर्भमा हेर्दाखेरि करिब करिब २२, २५ ओटा खानेपानी आयोजनाहरू त्यहाँ भइराखेको छ । त्यो क्रमशः चलिराखेको छ । तर त्यसलाई छुट्याइएको बजेट ५ लाख, ७ लाख, अब यसले त सम्पन्न हुने कुरा भएन । त्यो चाहिँ बेकारमा खेर जान्छ जस्तो लागिराखेको छ र त्यस्ता खालका योजनाहरू जिल्ला तहमै मतलब गाउँपालिका र प्रदेश तहमै दिँदाखेरि अलि राम्रो होला । प्रभावकारी पनि होला । त्यसको अनुगमन पनि होला । मूल्याङ्कन पनि होला । अनि त्यहाँ त्यसको राम्रो सदुपयोग पनि होला । त्यतातिर अलिकति ध्यान दिनुपर्दछ भन्ने मलाई लागिराखेको छ र अब शिक्षा मन्त्रालयले जुन सोच, लक्ष्य र उद्देश्य भनेर एउटा दूरगामी महत्त्वको समाजलाई वैज्ञानिक र अग्रगामी रूपान्तरणको मार्गचित्रतर्फ अगाडि बढाउने एउटा असल शिक्षा नै असल नागरिक, असल शिक्षाले असल नागरिक जन्माउँछ र असल नागरिकले नै देश बनाउन सक्दछ भन्ने एउटा मुल उद्देश्य राखेर यो जुन कार्यक्रमहरू ल्याइराखेको छ । यो स्वागतयोग्य नै मैले मानिराखेको छु । यो सबै नागरिकको लागि निःशुल्क शिक्षा, वैज्ञानिक शिक्षा भनेर हामीले अनिवार्य शिक्षा भनेर हिजो भनेका थियौं ।

प्राथमिक तहमा जाँदाखेरि शिक्षा चेतनामूलक हुनुपर्दछ, माध्यमिक तहमा जाँदाखेरि शिक्षा सीपमूलक, रोजगारमूलक खालको हुनुपर्छ र उच्च तहको शिक्षा भनेको अनुसन्धानमूलक हुनुपर्छ भन्ने हामीले जे नारा हिजो दिएका थियौं । आन्दोलनको क्रममा पनि त्यो नाराको स्प्रिटलाई यसले पक्डेर नै अगाडि बढिराखेको मैले अनुभूत गरेको छु ।

विश्वविद्यालयका पाठ्यक्रमलाई अनुसन्धानमूलक बनाउने, विश्वविद्यालयलाई सेन्टर अफ एक्सिलेन्सको रूपमा अगाडि बढाउने भनेर जुन गरिएको छ र पूर्वाधारको क्षेत्रमा अरू क्षेत्रमा यसले सोचिएको जुन प्रोगामहरू छ । यो स्वागतयोग्य नै छ । शिक्षक हस्पिटल एउटा यो नयाँ कार्यक्रम हो । र शैक्षिक सत्रको सुरुवातमा सार्वजनिक विद्यालयहरूमा विद्यार्थीहरूको सम्पूर्ण स्वास्थ्य चेक जाँच गर्ने निःशुल्क रूपमा भनिएको छ । यसले एउटा राम्रो सन्देश दिन खोजेको छ भन्ने मलाई लागिराखेको छ र अब यसलाई पनि हामीले अलिकति नमुना विद्यालयहरू यो शिक्षा र स्वास्थ्यमा निजीकरण भइराखेको छ । निजीकरणले एउटा विकृति जस्तो नागरिकहरू स्वास्थ्यको लागि र शिक्षाको लागि र अनि भविष्यको लागि सोच्नुपर्ने, चिन्ता गर्नुपर्ने यो राज्यको चिन्ताको विषय हुनुपर्ने । यो राज्यको चिन्ताको विषय हुनुपर्ने विषय भ'को हुनाले यसतर्फ अलि ध्यान केन्द्रित गरेर स्थानीय तहले, प्रदेशले र सङ्घले हेर्ने विषय अलि प्रभावकारी ढङ्गले लगिनुपर्दछ भन्ने मलाई लाग्दछ । र यो सङ्घीय शिक्षा ऐन यो तुरुन्तै ल्याइनुपर्छ । यसले एउटा अन्यौलताजस्तो भइराखेको छ । र यसको समस्याको समाधान चाँडै गरियोस् ।

मैले एउटा पूर्वाञ्चल विश्वविद्यालयमा मेडिकल कलेज र हस्पिटलको प्रोगाम भनेर हामीले अगाडि बढाइराखेका थ्यौं । त्यो छुटेको जस्तो मैले महसुस गरिराखेको छु र पूर्वाञ्चल विश्वविद्यालयले पाउने अनुदान पनि घटेको रहेछ । यसले राम्रो भए जस्तो मलाई लागिराखेको छैन । शिक्षा मन्त्रीज्यूको यसतर्फ पनि ध्यान जाओस् भन्ने लाग्दछ र स्वास्थ्य मन्त्रालयको विषयमा माननीयज्यूले अगि धेरै विषय राखिसक्नुभ'को छ । मेरो अनुभूति के हो भने यो स्वास्थ्य मन्त्रालयमा कुल बजेटको छुट्याइएको प्रतिशत हेर्दाखेरि यो प्रतिशत असाध्यै थोरै छ । यसले शिक्षा र स्वास्थलाई हामीले निःशुल्क बनाउने यो संविधानले पनि ऊ गरेको विषय भा'काले ।

अब यो (अलिकति है माननीयज्यू) पर्यटन मन्त्रालयको विषयमा मेरो आफ्नो के छ भने अलि बेसी आलोचना छ । यहाँ मन्दिरहरूमा धेरै पैसा छुट्याइएको छ । अहिले देवता खुसी गराउने हो कि जनता खुसी गराउने हो ? मलाई लाग्छ देवता खुसी गराउने हैन, जनता खुसी गराउने हो । खास खास मुख्य रूपमा केन्द्रले नै हेर्नुपर्ने धार्मिक पर्यटकीय स्थलको लागि केन्द्रले लगानी गरोस् । अरू तहमा जाँदाखेरि त्यहाँको स्थानीय तह छ, प्रदेश छ । यो जनताको आस्थाको कुरा भ'को कारणले गर्दाखेरि जनताको सहभागिताको कुरालाई नै हामीले मुख्य प्राथमिकता दिनुपर्दछ र अब यहाँ विराटनगर विमानस्थलको विषय यो असाध्यै पेचिलो बनिराखेको छ । यो २०७७ मा क्षेत्रीयस्तरको

विमानस्थल बनाउने भनिएको थियो । र त्यहाँ जग्गा अधिग्रहणको लागि भनेर १४६ बिघा जग्गा अधिग्रहण गर्ने भनेर अहिले रोक्का राखिएको छ । त्यहाँ १४ सय कित्ता जग्गा रोक्का राखिएको छ । साढे तीन सय मान्छेहरू, जनसमुदायहरू पीडित भइराखेका छन् । दुई सालदेखि न अहिले बजेट छुट्याएको छ न हिजो थियो । न स्थानीय तहले, न प्रदेशले, न सङ्घले कसैले पनि नछुट्याएको कारणले गर्दाखेरि त्यहाँ मान्छेहरू पीडित भइराखेका छन् । त्यो जग्गा कि रोक्का फिर्ता गर्नुपर्यो कि मुआब्जा दिएर अब प्रादेशिकस्तरको जुन विमानस्थल बनाउने भनिएको छ । त्यो कार्यक्रम अगाडि बढाइयोस् भन्ने लाग्दछ र यति विषय राख्दै मेरो भनाइ अन्त्य गर्न चाहन्छु । हवस् त, अभिवादन । नमस्कार ।

**<u>सम्माननीय अध्यक्षः</u>-** माननीय कृष्ण प्रसाद पौडेल । समय १२ मिनेट । यसपछि माननीय उर्मिला अर्याल ।

**<u>माननीय श्री कृष्ण प्रसाद पौडेल (नेपाली काँग्रेस)</u>ः-** सम्माननीय अध्यक्षज्यू, यो बजेटको छलफलका क्रममा म आज शिक्षा, विज्ञान र प्रविधि मन्त्रालयका बारेमा आफ्ना केही भनाइहरू राख्न चाहन्छु । यो बजेट मूलतः उत्पादन र उत्पादकत्वमा वृद्धि गरी आत्मनिर्भर अर्थतन्त्र कायम गर्दै, बनाउँदै मुलुकलाई एउटा समृद्ध समतामूलक समाज निर्माण गर्न केन्द्रित हुने यसले जमर्को गरेको छ । यसको लागि कृषि रोजगारी अनि गरिबी न्यूनीकरण, उद्योग व्यवसायको विकास र विस्तार र पूर्वाधारमा बढी जोड दिएको पाइन्छ । र मैले यसलाई शिक्षासँग किन जोड्न खोज्या छु भने हामीले कृषिको उत्पादन र उत्पादकत्व बढाउने भन्या छौं । कृषिको उत्पादन र उत्पादकत्व बढाउनको लागि हामीसँग कृषि प्रविधिज्ञहरू, कृषि विशेषज्ञहरूको आवश्यकता कति हो ? त्यसको उत्पादन शिक्षाले नै गर्ने हो । त्यस्तै हामीले चाहिँ रोजगारीको कुरा गरेका छौं । जबसम्म हाम्रो विद्यालय र university ले उत्पादन गरेका विद्यार्थीहरू श्रम बजारले माग गरेअनुसार श्रम बजारमा सेल हुन सक्दैनन् । तबसम्म हामीले चाहिँ रोजगारी कायम गर्न सक्दैनौं ।

त्यस्तै गरिबी न्यूनीकरण गर्ने भनिया'छ जबसम्म हाम्रो विद्यार्थीहरू, हाम्रो जनशक्ति स्किल हुँदैन, ट्रेन हुँदैन उसले गरेको आम्दानीले चाहिँ गरिबी निवारण हुन सक्दैन ।

त्यस्तै अब हामीले उद्योगको विकास र विस्तार गर्ने भनेका छौँ । उद्योगको विकास र विस्तारको लागि आवश्यक वातावरण बनाउनको लागि उद्योगले उत्पादन गर्ने वस्तु तथा सेवाहरूको cost of production कम गराएर मार्केटमा चाहिँ esay competition गर्नको लागि दक्ष सिपमूलक र योग्य नागरिक उत्पादन गर्नुपर्ने हुन्छ ।

त्यस्तै हामीले विकासका पूर्वाधारहरू, उर्जाको कुरा गरेका छौं, यातायातको कुरा गरेका छौं, खानेपानीको कुरा गरेका छौं र हामीले चाहिँ अफिसहरूलाई paper less अफिस बनाउन खोजेका छौं । यी सबैको लागि हाम्रो शैक्षिक जनशक्ति हाम्रो university, हाम्रो विद्यालयहरूले एउटा स्तरीय शिक्षा दिन सकेन हाम्रो job market चाहे त्यो national होस् चाहे त्यो international होस् त्यो job market मा खरो उत्रिन सक्ने विद्यार्थी हामीले बनाउन सकेनौं भने यी सबै कुराहरू कागजी कुरा मात्रै बन्न जान्छ ।

तसर्थ अध्यक्ष, सम्माननीय अध्यक्षज्यूमार्फत म कृषि र शिक्षालाई जोड्न चाहन्छु । कृषि र उद्योगलाई जोड्न चाहन्छु । कृषि र व्यपारलाई जोड्न चाहन्छु । यी सबै चिजको विकासको समग्र आधार एउटा ब्याक बोन भनेको स्तरीय सिपमूलक र हाम्रो समाज, घर, परिवार, देशले चाहेअनुसारको जनशक्ति हामीले जबसम्म उत्पादन गर्न सक्दैनम् त्यतिबेलासम्म हामीले बनाउन खोजेको सुसंस्कृत समृद्ध, समतामूलक समाज बन्न सक्दैन । त्यसो भएर शिक्षाले एउटा म सानो यहाँ जोड्न के चाहन्छु भने एक जना अमेरिकन professor ले भन्नुभा थियो एक डलर उद्योगमा लगानी गर्दा जति उत्पादन बढ्छ शिक्षामा लगानी गर्न सक्यौं भने दश गुना बढ्छ । आज हाम्रो देशका नीति निर्माताहरूले १५ औं पञ्चवर्षीय योजना पास हुँदासम्म शिक्षाले कहिल्यै पनि first priority पाउन सकेन । यसमा म दुःख व्यक्त गर्न चाहन्छु । र आज साँच्चैको शिक्षाको विकास गर्ने देशलाई समुन्नत बनाउने हो भने सबै राजनीतिक दलहरूको बिचमा सहमति कायम गरेर राष्ट्रको minimum २० प्रतिशत बजेट हामीले शिक्षामा allocate गर्न सक्यौं भने मात्रै हामीले केही न केही शिक्षामा उन्नति गर्न सक्छौं ।

अब सम्माननीय अध्यक्षज्यू, आज १ कक्षादेखि १२ कक्षासम्म करिब करिब ८१ लाख विद्यार्थीहरू विद्यालयमा पढ्छन् । आज हामी काठमाडौंको सिटी सेन्टरको केही विद्यालयहरू छोडेर दुरदराजका विद्यालयमा हेर्न गयौं भने त्यो विद्यालयको झयाल ढोका नभएको हुन सक्छ, विद्यालयमा पुस्तकालय, प्रयोगशाला, खेल मैदान जो

teaching learning को लागि very basic र fundamental कुरा हो त्यो हुन सकेको छैन । यति मात्रै होइन । आज माननीय मन्त्रीज्यू यही होइसिन्छ आज शैक्षिक सत्र सुरु भएको करिब २ महिना भइसक्यो । करिब २ करोड थान पाठ्यपुस्तक छाप्नुपर्ने ठाउँमा अहिलेसम्म दूरदराजका विद्यार्थीले मात्र होइन यही काठमाडौंको वरिपरि सहरी क्षेत्रका विद्यार्थीले समेत झोलामा किताब राखेर ती नवोदित बाल प्रतिभाहरू विद्यालय जान पाएका छैनन् । म सोध्न चाहन्छु ती नवोदित बालप्रतिभाहरू कहिले झोलमा किताब राखेर विद्यालय जान पाउने हुन् भनेर ?

त्यस्तै अर्को के छ भने आज शिक्षा मन्त्रालयले गठन गरेको यो दरबन्दी मिलान जुन प्रतिवेदन हो त्यो प्रतिवेदनले के भन्छ भने प्रा.वि., मा.वि. अथवा अहिले दुई किसिमको भनौं न विद्यालयहरूमा ५३ हजार ४ सय जति शिक्षकहरूको दरबन्दी खाली छ । विद्यालयमा शिक्षक नभइकन विद्यालयमा पाठ्यपुस्तक नभइकन विद्यालयमा झयाल ढोका नभइकन विद्यालयमा पानी बत्ती नभइकन हामीले कस्तो विद्यार्थी पढाउन खोजेका छौं र त्यो विद्यार्थीमैत्री वातावरण कसरी बन्छ ? यी सबै कारणले गर्दा आज हाम्रो १ कक्षामा सय जना विद्यार्थी भर्ना भए भने १२ कलासमा ६८ जना १२ कलासमा ३२ जना विद्यार्थी पुग्छ । 68 percent नेपालको यो ड्रपआउट छ र यो 68 percent ड्रपआउटलाई हामीले जबसम्म त्यो 68 percent विद्यार्थी कहाँ जान्छन् उमेरको हिसाबले भन्ने हो भने तिनीहरू करिब १८, १९, २०, १२, १४ वर्षका हुन्छन् । उमेर बढ्दै जाँदा उनीहरूले कहाँ काम पाउँछन् ? उनीहरूसँग के योग्यता हुन्छ ? के क्षमता हुन्छ ? तसर्थ म के निवेदन गर्न चाहन्छु भने शिक्षामा अगि मैले भने जस्तै राष्ट्रिय सहमति कायम गरेर minimum २० percent, total बजेटको २० percent शिक्षामा लगानी गरेर यो जुन दुरा अवस्था छ यो जुन विकृतिहरू छन् विसङ्गतिहरू छन् त्यसको अन्त्य गर्नको लागि म हार्दिक निवेदन गर्न चाहन्छु ।

अब २०५२ सालमा अहिलेको सम्माननीय प्रधानमन्त्री शेरबहादुर देउवाज्यू प्रधानमन्त्री हुँदा ९ सय ३६ विद्यालय मा.वि. विद्यालयहरूले स्वीकृति पाएका थिएँ । आज २६ वर्ष हुँदासम्म कुनै दिन माध्यमिक विद्यालयले स्वीकृति पाएको मेरो हेक्कामा छैन मलाई जानकारी छैन र शिक्षा मन्त्रालयले त्यो गरेको जस्तो पनि लाग्दैन र आज ४२ हजार शिक्षकहरू त्यो राहात शिक्षकको रूपमा छन् । म माननीय मन्त्रीज्यूलाई के अनुरोध गर्न चाहन्छु भने ती ४२ हजार राहात शिक्षकहरूलाई नियम कानुन मिलाएर तिनीहरूलाई विज्ञापन गरेर त्यो दरबन्दी जहाँ खाली छ त्यहाँ पुऱ्याइदिन सक्नुभयो भने

कम्तीमा पनि बालबच्चाहरू कक्षा कोठामा शिक्षकहरू देख्न भेट्न पाउँथे भन्ने अनुरोध छ ।

अर्को म के भन्न चाहन्छु भने शिक्षाको स्तर quality of education भनेको शिक्षकको स्तरमा भर पर्ने कुरा हो । शिक्षकको स्तरीयता भएन भने हामीले शिक्षाको स्तर हामीले कल्पना गर्न सक्दैनौं । अब माननीय मन्त्रीज्यूलाई के भन्न चाहन्छु भने विभिन्न थरीका शिक्षकहरू स्थायी, अस्थायी, राहात, बालबिकास .... अनेकौं खालका टिचरहरू राखेर त्यो टिचरलाई कसरी motivation गर्न सकिन्छ । motivation नभएको शिक्षकले कसरी स्तरीय शिक्षा दिन सक्छ ? त्यसकारणले शिक्षक पेसालाई साँच्चैको मर्यादित, साँच्चैको प्रतिष्ठित बनाउने हो भने आज अब्बल विद्यार्थी SLC मा SEE मा प्लस A ल्याएको विद्यार्थी जहिलेसम्म हामीले स्कुलमा शिक्षकको रूपमा ल्याउन सक्दैनौं । आज A ल्याएको विद्यार्थी, B ल्याएको विद्यार्थी, C ल्याएको विद्यार्थी शिक्षामा आउन हुँदैन । टिचर नै हो ऊ पनि कोही काम नपाए शिक्षक हुने जुन हाम्रो अब मैले यो नराम्रो भनेजस्तो त लाग्दैन रियल Fact हो आज शिक्षामा हामीले cream student लाई ल्याउन सकेका छैनम् । किनभने शिक्षण पेसालाई आकर्षित, मर्यादित र प्रतिष्ठित बनाउन नसकेको कारणले अहिले education मा माननीय मन्त्रीज्यूलाई थाहा होला अहिले education पढ्नको लागि D grade ल्याएको विद्यार्थी पनि शिक्षा पढ्न पाउँछ । शिक्षा पढिसकेपछि उसले teaching licience पाउँछ । आज प्लस A ल्याएको विद्यार्थी science पढ्छ । ऊ I.Sc. गर्छ, B.Sc गर्छ, M.Sc. गर्छ र ऊ teaching मा आउन पाउँदैन । किनभने teaching मा आउनको लागि उसलाई छुट्टै licience चाहिन्छ । त्यस्तै आज humanity social science पढ्ने विद्यार्थी जसले major English पढेको हुन्छ त्यसमा literature पढेको हुन्छ धेरै English को ज्ञान भएको हुन्छ तर ऊ सिधै teaching मा आउन पाउँदैन । त्यसकारणले जबसम्म हामीले यो देशका योग्य नागरिकलाई, योग्य विद्यार्थीलाई ए वान् विद्यार्थीलाई teaching मा ल्याउन सक्दैनम् त्यतिबेला सम्म शिक्षाको विकास हुन सक्दैन ।

अब यहाँ खाजाको कुरा छ । खाजाको कुरा के छ भने हाम्रो शिक्षा नियामावलीले के भन्छ भने २ सय २० दिन विद्यालय खोल्नुपर्छ भन्या छ । त्यो विद्यार्थीलाई स्कुलमा motivation गर्नको लागि खाजा भत्ताको व्यवस्था गर्‍या छ त्यो १८० दिनको लागि गर्‍या छ । यति त हिसाब हेक्का राख्नुपर्थ्यो होला जस्तो मलाई लाग्छ । त्यस्तै त्यो खाजा कति छ भने १५ रुपियाँ छ । हामी सबैले बुझेका छौं ।

१५ रुपियाँमा black tea एउटा आउँला ...., नम्बर १ । नम्बर २ त्यो खाजा भत्ता विद्यालयको headmaster को छोराले पनि निःशुल्क खाने, एउटा गिट्टी कुटेको नागरिकको छोराले पनि निःशुल्क खाने ? संविधानले परिकल्पना गरेको समाजवादउन्मुख अर्थनीति र न्यायिक सिद्धान्तको हिसाबले पनि के छ भने यो justice छैन । र विदेशतिर पनि के चलन छ भने खाजा सबै विद्यार्थीलाई स्कुलमा दिइन्छ तर सक्निले contribute गर्छन् नसक्निले निःशुल्क खान्छन् ।

र म अर्को के भन्न चाहन्छु भने यो जुन परिस्थिति छ । यो राष्ट्रपति शैक्षिक सुधार कार्यक्रमअन्तर्गत ८ अरब ८८ करोड र अर्को चाहिँ प्राविधिक शिक्षा व्यवसायिक तालिममा ८ करोड ३० लाख, ८ अरब ३० लाख रकम छुट्याइएको छ । यो रकम करिब १७ करोड, १७ अरब १८ करोड जति हुन्छ । यो रकम मैले दुरुपयोग भयो भन्न खोज्या होइन । यसको बढी प्रयोग गर्नको लागि सदुपयोग गर्नको लागि ७ सय ५३ पालिकामा सिधै हामीले यो रकम पठाउन सक्यौं र त्यहाँको स्थानीय तहको आवश्यकता, स्थिति, स्थानीय स्रोत साधनलाई ध्यानमा राखेर आवसीय टाइपको विद्यालय खोलेर त्यो ड्रपआउट भएको जुन 68 percent विद्यार्थी छ । उमेरले १२, १५, १८, २० वर्षको होला उसलाई व्यवसायिक सिपमूलक तालिम दिएर कम्तीमा पनि उसलाई कुनै न कुनै economic activities मा आयमूलक काममा envelope गर्न सक्यो भने यो राम्रो हुन्छ र मन्त्रीज्यूलाई म अनुरोध पनि गर्न चाहन्छु । आज निजी विद्यालयको पनि कुरा आइरा'छ । (**सम्माननीय अध्यक्षः** माननीयज्यू समय सकिएको छ, छोट्याउनुस् ।)

अब खास धेरै भन्नुभन्दा नि म अन्तिममा के दोहोऱ्यान चाहन्छु भने अगि भनेकै अमेरिकन एउटा professor जीले भनेको कुरा एक डलर शिक्षामा लगानी गर्दा एक डलर उद्योगमा लगानी गर्दा जति उत्पादन हुन्छ त्यसको 10 times more उत्पादन शिक्षामा गऱ्यो भने हुन्छ । यो कुरो माननीय शिक्षा मन्त्रीज्यू सबै राजनीतिक दलका शीषर्थ नेताहरूले बुझेर मन्त्रीज्यूले सबैलाई बुझाएर minimum 20 percent बजेट शिक्षामा राख्न सकौं, राखौं त्यो भने मात्रै त्यति भयो भने मात्रै आजका नवोदित बाल प्रतिभाहरू भोलिका देशको lability बन्ने छैनन् । तिनीहरू देशको सम्पत्ति बन्ने छन् र देशको विकास उन्नति प्रगतिमा उनीहरूले contribute गर्न सक्ने छन् भन्दै मेरो सानो भनाइ यहीं टुङ्ग्याउँछु । धन्यवाद । जय नेपाल ।

**सम्माननीय अध्यक्षः**:- माननीय उर्मिला अर्याल । समय ८ मिनेट । यसपछि माननीय सुरेश कुमार आलेमगर ।

**माननीय श्री उर्मिला अर्याल (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र)**:- सम्माननीय अध्यक्षज्यू, म शिक्षाकै त होइन । तर आज शिक्षामै अलिकति बोलुँ जस्तो लाग्यो । केही नीतिगत कुराहरू राख्छु । धेरै डिटेलमा होइन फेरि । र यसमा मैले यसो पन्ध्रौं योजना अनि त्यसपछि यो आर्थिक सर्वेक्षण आदि इत्यादि यसो हेरें । दुई/चार ओटा कुरा यहाँ राख्न मन लागेको छ ।

शिक्षा क्षेत्रबाट जीडीपी, कुल ग्रार्हस्थ उत्पादनमा १ रु. बराबर प्राप्त गर्नको लागि ४ रु. बराबरको पुँजी लगानी गर्नुपर्दो रहेछ । यो क्षेत्रबाट प्रतिवर्ष जीडीपीमा ९.९ प्रतिशत योगदान गर्ने लक्ष्य लिइएको रहेछ । विगत ३ वर्षको उपलब्धिको दर हेर्दा ३.७ प्रतिशतको वर्षको दरले मात्र वृद्धि भएको देखियो । त्यो ग्याप चाहिने अलि धेरै ठुलो देखिएको छ । तसर्थ बाँकी लक्ष्य कसरी पूरा गर्ने योजना र कार्यक्रमको खाका ल्याउन जरुरी देखेको छु ।

पन्ध्रौं योजनामा शिक्षा क्षेत्रमा कुल पुँजी लगानी रु. ५३ अरब विनियोजन गरिएको थियो । त्यसअनुसार प्रत्येक वर्ष ५.३ अरब पुँजीगत लगानी गर्नुपर्नेमा विगत तीन आर्थिक वर्षमा त्यसअनुसारको लगानी हुन सकेको छैन । अधिकांश बजेट विनियोजन गैरपुँजीगत अर्थात् चालु खर्चमा मात्र जाने गरेको छ जसले गर्दा शिक्षा क्षेत्रमा पुँजीगत लगानी अभिवृद्धि हुन सकेको छैन । यसको समाधान कसरी हुन्छ ? थप प्रष्टीकरणसहित समाविष्ट गर्नुपर्ने देख्छु । पाँचौं । शिक्षा क्षेत्रमा पुँजी विनियोजन गर्दा विविध तीन प्रकारका संस्थाहरूको जिम्मेवारी रहेको छ । जसमा सरकारी निकायले ५६ प्रतिशत, निजी क्षेत्र ४१ प्रतिशत र सहकारी क्षेत्रले ३ प्रतिशत । यसमा सरकारी लगानी र निजीले उत्प्रेरणा दिनुपर्ने हुन्छ । तर सरकारी निकायको मात्र पुँजी विनियोजनको प्रकृति नै यस प्रकारको उत्प्रेरणा दिन चुकेको जस्तो देखिन्छ । निजी र सहकारी क्षेत्रको पुँजी लगानी अपेक्षा गरेको परिणाम र दिशामा भए नभएको खुलेको छैन । त्यसको जानकारी चाहिन्छ । यस सम्बन्धमा लक्ष्य र प्राथमिकता किटानी गर्न सो पुँजी व्यवस्था हुने प्रत्याभूति हुनुपर्छ । शिक्षामा भुक्तानी सन्तुलनको स्थिति हेर्ने हो भने गत वर्ष मात्रको हेर्दा ४३ विलियन डलर विदेश गएको देखिन्छ । यो ठुलो रकम

हो । यसलाई रोक्न र गुणस्तरीय शिक्षाको प्रत्याभूति गर्नु जरुरी देखिन्छ । विश्व विद्यालयहरूमा उत्कृष्ट नेतृत्व छनोट र व्यवस्थापकीय कुसलताको अभाव देखिन्छ ।

त्यस्तै मैले अरू कुरा राखें । हालसम्म शिक्षा ऐन बनेको छैन । लाजमर्दो कुरा हो यो । पञ्चायतकालीन शिक्षा ऐनलाई अहिलेसम्म हामी बोकेर त्यसको दशौं संशोधन गरेर हिंडिराखेका छौं । त्यसकारणले अर्को ध्यानाकर्षण गर्नुपर्ने विषय यो हो र २०२८ सालमा बनेको शिक्षा ऐन दशौं पटक संशोधन गरेर काम चलाइएको छ । यो ऐन पञ्चायतकालीन शिक्षा ऐन हो । २०७२ गणतन्त्रात्मक हालको संविधानको प्रावधानसँग बाझिएर काम गर्न नलाग्ने भइसकेको छ, अहिले यो । शिक्षा ऐनको मस्यौदा बने पनि बारम्बार कानुन बन्न सकेको छैन । २०७५ फागुनमा शिक्षा मन्त्री गिरीराज मणी पोखेलको पालामा उच्चस्तरीय शिक्षा आयोग गठन गरेर शिक्षा विधेयकको तीन ओटा मस्यौदा बने पनि ऐन जारी हुन सकेन । त्यो ऐन जारी हुन नसक्नुमा तत्कालीन प्रधानमन्त्रीलाई शिक्षा स्वार्थका समूहले शिक्षा स्वार्थमा रहेका समूहहरूको प्रभावले त्यो ऐन पास हुन सकेन । यसकारणले २०७८ मा फेरि प्रयास भयो केही ऐन संशोधन तर सरकार परिवर्तनले असफल भयो ।

ऐन नबन्नाले स्थानीय, प्रदेश र सङ्घबिच अधिकार क्षेत्र बाँटफाँटको विषयमा द्वन्द्व छ । त्यसकारण यसलाई अविलम्ब शिक्षा ऐन बनाउनु जरुरी देख्छु । शिक्षा क्षेत्रका निकायको अविलम्ब पुनः संरचना गरिनु जरुरी छ । प्राविधिक शिक्षालाई प्रभावकारी हुन सकेको छैन । त्यसलाई कसरी प्रभावकारी बनाउने हिसाबले जानुपर्छ । स्वार्थ समूहको दबाब र राजनीतिक दलको प्रुमख नेताहरूलाई प्रभाव पार्ने कार्यले असफल भएको छ । यसलाई कसरी रोक्ने ? हामी आफैबाट प्रस्तुत हुन जरुरी देख्छु । निजी शिक्षण संस्थालाई केही हदसम्म पछि गैरनाफामूलक बनाउनुपर्ने प्रावधानले गर्दा अप्ठ्यारोमा परेको छ । र यसलाई कार्यान्वयन गर्न जरुरी देख्छु । सरकार र संसदमा निजीहरूको स्वार्थको हालीमुहाली छ । यसलाई यसबाट हामी सबै मुक्त हुन जरुरी देख्छु ।

संविधानको अनुसूची- ८ र ९ कार्यान्वयन गर्ने विषयमा स्थानीय विवाद छ । स्थानीय तह अनुसूची- ८ समातेर अगि बढेका छन् भने सङ्घ, सरकार, शिक्षक, महासङ्घ, निजी क्षेत्र अनुसूची- ९ अनुसार अगि बढ्न चाहन्छ । यसभित्र कसरी सन्तुलन गर्ने ? अनुसूची- ८ समातेर हिड्ने आँट सरकारसँग छैन । सरकारले त्यो अनुसूची- ८ समाएर जाने आँट गर्नुपर्यो । नयाँ शिक्षा ऐन बन्दा अनिवार्य र निःशुल्क शिक्षा ऐन, २०७५ को

कार्यान्वयन जसले ८ कक्षासम्म अनिवार्य शिक्षा र १२ कक्षासम्म निःशुल्क शिक्षाको व्यवस्था गरेको छ । स्वार्थ समूहबाट मुक्त भएर गर्नुपर्यो । विदेशी शिक्षण संस्थालाई टिकाइ राख्ने, थप त्यस्ता स्कुल विस्तार गर्ने, नयाँ शिक्षा ऐन बन्दा नाफा कमाउन पाइन्न कि भन्ने गलत दृष्टिकोणहरू जुन हाबी भइरहेको छ । त्यसलाई तुरुन्तै हामीले रोक्नुपर्ने देखिन्छ । नेताहरूलाई निजी स्कुलमा दिइने कोटा र तिनका छोराछोरीलाई निःशुल्क शिक्षा व्यवस्था गर्ने परिपाटिको अन्त्य गरिनुपर्छ । निजी क्षेत्रको स्वार्थ समूह सरकार शिक्षण संस्थाको लागि मात्रै ऐन आउने भएकोले पनि अलमलमा परेको छ । शिक्षा ऐन तुरुन्त ल्याउनुपर्छ भन्ने मुख्य हो ।

र म भन्न चाहन्छु एउटा उदाहरण पनि यहाँ दिएँ । अस्ति गोरखापत्र हेर्दा यसो देख्या थिएँ कर्णाली माध्यमिक विद्यालयमा विद्यार्थी थेग्न नसकेपछि प्रवेश परीक्षामा प्राविधिक शिक्षा शिक्षकले नियमित पढाउनेले आकर्षण बढेको छ । त्यस्तै अर्को म प्युठान बागदुराको जनता माध्यमिक विद्यालय भन्छु । अहिले पनि राम्रो स्कुलहरू, सार्वजनिक स्कुलहरू हामीले बनाउन सकेको ठाउँमा त्यहाँ आकर्षण बढ्छ । मैले त्यो केजरीवालको पनि एउटा हेरिराख्या थिएँ । अहिले त्यहाँ निजी स्कुलहरू छोडेर सरकारी स्कुलमा विद्यार्थीहरू आकर्षित भ'को छ र राम्रो 97 point something percent सरदर त्यहाँ मार्किङ उनीहरूले पाइराखेको अवस्था छ । त यो हामी सबै ठाउँबाट यसलाई सिक्नुपर्ने देखिन्छ । नेपालमा ओपन युनिर्भसिटीको धेरै आवश्यकता छ । त्यसले एउटा टाढा दूरदराजमा रहेकालाई पनि एउटा distance learning को अवसरबाट उहाँहरूले डिग्री हासिल गर्ने एउटा मौका मिल्छ । एउटा ओपन युनिभर्सिटी नेपालमा छ । त्यसको पनि रिजल्ट नभएको नौं महिना भइसकेको छ । यो स्थिति साह्रै लाजमर्दो स्थिति हो ।

पन्ध्रौं योजनाको चौथो वार्षिक योजना र पाँचौं वार्षिक योजनाको पूर्णतापछि हामीले राखेको लक्ष्यअनुसारको शिक्षा, विज्ञान र प्रविधिको क्षेत्रमा अपेक्षित उपलब्धि हासिल गर्न सक्छौं ? ठुलो प्रश्न चिह्न छ हाम्रो बिचमा । ठुलो प्रश्न छ । त्यसकारणले शिक्षा मन्त्रालयले समग्रतामा योजनाले बृहतमा समेटेको छ । वास्तवमा यो पन्ध्रौं योजनालाई हामीले हेर्ने हो भने अपेक्षित उपलब्धिहरू के हुने छन् ? कस्तो छ ? कुनै छुटेको छैन । तर अब हामीले साँच्चिकै मूल्याङ्कन गर्ने बेला त यो योजना र त्यसपछि एक वर्षपछिको योजनापछि हेर्दा हामी कहाँ पुग्छौं भन्ने कुरो निर्क्योल छैन । त्यसको सामञ्जस्यतालाई कसरी हामीले पूरा गर्ने भन्ने यो तीन वर्षको अवधिमा तदारुक्ताका जानुपर्यो भन्ने कुरो छ ।

र यसबाहेक मैले शिक्षाहरूको अरू समस्याहरूमा विशेष गरी यो महिला विद्यार्थीहरू, छात्राहरू एसएलसी दिन जाँदाखेरि कतिपय ठाउँमा यौन दुराचारमा ज्यानै गएको छ उनीहरूको । सामूहिक बलात्कार भएर मारिएको अवस्थाहरू छ । त्यसकारण त्यस किसिमको परीक्षा दिन जाँदाखेरि छात्राहरूको लागि विशेष आवासको व्यवस्था सदरमुकामहरूमा गर्दिनुपर्ने र अर्को अपाङ्गता क्षेत्र भएको विद्यार्थीहरूको लागि आवासीय हिसाबले सम्पूर्ण सुविधा दिने गरी शिक्षाले व्यवस्था शिक्षा मन्त्रालयले निःशुल्क आर्थिक स्थिति हेरिकन निःशुल्क अटिजम, यो मानसिक अपाङ्गता भएका, अरू हिसाबले र दुर्गम क्षेत्रको र विशेष गरी अलिकति तल्लो समुदायमा हाम्रो यो मधेसतिर मसुहर, धाँगड, डोमको बच्चाहरूलाई अझै पनि त्यो स्कुलमा स्वीकार्य हुँदैन । त्यसकारण उनीहरूको लागि विशेष स्कुलको व्यवस्था गर्नुपर्ने देखिन्छ ।

अब मैले अलिकति सडकमा पनि भन्न खोज्या थैं । अब अरूमा पनि भन्न खोज्या थैं । समय कम भो । थोरै समय मलाई थपिदिनुहुन्छ होला भन्ने आस गऱ्या छु र यो अहिले यो रोड निर्माणमा, निर्माण यातायात मन्त्रालय सबभन्दा ध्यान दिनुपर्ने कुरा के हो भने सबै वडालाई जोडेर रोड बनाउने काम पालिकास्तरलाई दिनुपर्ने, प्रदेशस्तरकोले हरेक पालिकाहरूलाई जोड्ने सडक त्यो प्रदेशस्तरको उनीहरूलाई दिनुपर्ने र केन्द्रले राष्ट्रिय, अन्तर्राष्ट्रियस्तरको सडक निर्माणको ठुलो आयोजना, पुलहरू आदि इत्यादिलाई लिनुपर्ने र अर्को एउटा के भने (**सम्माननीय अध्यक्षः** माननीयज्यू, समय सकिएको छ ।) (सिद्धिगयो एकैछिन अब एउटा मात्र भन्छु ।) एउटा पुल भत्क्या छ, त्यो बिग्र्या छ । अर्को बन्ने ठाउँ, सबै ठाउँ सुन्दै आयो । पप्पु कन्ट्रक्सन, पप्पु कन्ट्रक्सन, यस्तै यस्तै कन्ट्रक्सन छानेर जुन मन्त्रालय जुन सरकार हुँदा पनि त्यस्तैलाई दिने परिपाटि चाहिँ लाजै मर्नुभयो । यसलाई रोक्नुपर्यो र नयाँ तरिकाले जानुपर्यो । धेरै कुरा थियो । मैले भन्न पाइनँ । धन्यवाद ।

**सम्माननीय अध्यक्षः**- माननीय सुरेश कुमार आलेमगर । समय ७ मिनेट । यसपछि माननीय जगत प्रसाद शर्मा।

**माननीय श्री सुरेश कुमार आलेमगर (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र)**:- सम्माननीय अध्यक्ष महोदय, म विनियोजन विधेयकमाथि बोल्नुभन्दा पहिले केही कुरा

राख्न चाहन्छु । state partnership program बाट हाम्रो सरकारले फिर्ता हुने त्यसमा सहभागिता नजनाउने जुन आँट गर्‍यो म पनि त्यसको सरहाना गर्न चाहन्छु र त्यसको लागि सरकारलाई धन्यवाद दिन चाहन्छु । state partnership program को सन्दर्भमा कतिपय नेताहरूले विभिन्न व्यङ्ग्य वर्णन कटाक्ष गर्दै विभिन्न भनाइहरू राखेका थिए । तर परिस्थिति कस्तो देखियो भन्दाखेरि एक जना उहाँकै प्रधानमन्त्रीत्व कालमा सेनापतिले पत्र लेखेको रहेछ । तर उहाँलाई थाहा नै रहेन छ । थाहा छैन यो अर्को झुट हो वा यो उम्कने बाटो हो थाहा छैन । जे होस् यो कदमपछि, सरकारको यो कदमपछि केही प्रतिधक्काहरू हुन सक्छन् । केही असरहरू पर्न सक्छन् । चुनौतीहरू आउन सक्छन् । त्यसको लागि सरकार तयार रहनुपर्छ । देशभक्त जनताले निश्चित रूपमा साथ दिने छन् । र यो सन्दर्भमा ती नेताको मलाई लाग्छ बोल बोल मछली मुखमरी पानी भएजस्तो लाग्छ ।

अध्यक्ष महोदय, तनहुँ जिल्लाको भानु ६ मा अवस्थित चुधिभरा कुलोमा अस्ति भर्खर पानीले बाढी आएर कुलो, बाँध भत्काएको छ, खेत पनि बगाएको छ । त्यसै गरी आँबु खैरनीमा मस्याङ्दी जलविद्युत् परियोजनाको छेउको जग्गा पनि बाढीले असर पुर्‍याएको छ त्यसतर्फ म सम्बन्धित निकायको ध्यान जाओस् भन्ने कुरा सम्माननीय अध्यक्ष महोदयमार्फत राख्न चाहन्छु ।

अब यसपछि म यो विनियोजन विधेयकमा प्रवेश गर्न चाहन्छु । यस सन्दर्भमा सर्वप्रथम शिक्षा, विज्ञान, प्रविधि मन्त्रालय । यो, यो शिक्षा क्षेत्र सिङ्गो राज्यले जिम्मा लिनुपर्ने क्षेत्र हो तर बजेट १०.९५ प्रतिशत मात्रै जुन विनियोजन भएको छ यो धेरै कम भयो । यो कुरा म राख्न चाहन्छु र शिक्षा, विज्ञान, प्रविधि यसमा तीनटा क्षेत्रहरू छन् पहिला विज्ञान र प्रविधि मन्त्रालय अलग्गै थियो शिक्षामा जोडिएको थिएन । त्यसैले ठ्याक्क बजेट कति पर्‍यो थाहा हुन्थ्यो विज्ञान र प्रविधिमा । अहिले थाहा छैन विज्ञान प्रविधि क्षेत्रमा कति बजेट पर्‍यो थाहा छैन । विज्ञान प्रविधि क्षेत्र यस्तो क्षेत्र हो जुन क्षेत्रविना कुनै पनि देशको विकास हुन सक्दैन । कृषिको आधारहरू केही हुन सक्छ तर हामीले विज्ञान, प्रविधिमा जानैपर्ने हुन्छ । उद्योग धन्दामा जानैपर्ने हुन्छ । यो क्षेत्र यस्तो क्षेत्र थियो जुन जतिबेला मन्त्रालय हुँदाखेरि कुनै पनि मन्त्री त्यहाँ मन्त्री बनेर जान नचाहने, कर्मचारी पनि जान नचाहने क्षेत्र थियो । त्यसैले यसमा ध्यान दिनुपर्ने हुन्छ र सिङ्गो शिक्षामा नै कम परेको छ भने विज्ञान, प्रविधिमा झनै कम परेको होला त्यता ध्यान दिनुपर्ने चाहिँ हुन्छ ।

र पर्यटन मन्त्रालयअन्तर्गत, संस्कृति, पर्यटन मन्त्रालयअन्तर्गत म पनि के भन्न चाहन्छु भने जोड दिनुपर्ने थियो पर्यटनमा । किन पर्यटन नेपालको आर्थिक स्रोतको एउटा प्रमुख स्रोत हो । तर संस्कृततर्फ धेरै जोड दिइएको छ । जुन अनुउत्पादक छ । त्यसैले यतातिर ध्यान दिनुपर्ने हुन्थ्यो यता ध्यान दिइएको छैन । म बजेटमा चाहिँ प्रवेश गरिन मैले । समय पनि कम छ तर नीतिको हिसाबले के भन्न चाहन्छु भने यो पर्यटन क्षेत्रमा हामीले ध्यान दिनुपर्ने हुन्छ । राज्यले, देशले, सरकारले ध्यान दिनुपर्ने हुन्छ । र यो सन्दर्भमा नैरवी विमानस्थल जसरी पनि बन्नैपर्ने हुन्छ भन्ने कुरा म पनि राख्न चाहन्छु । यद्यपि सर्वोच्च अदालतको एउटा फैसला आएको छ यसलाई पनि तालमेल मिलाएर त्यो निर्माण चाहिँ रोकिनुहुन्न भन्ने कुरा पनि म राख्न चाहन्छु ।

साँच्चै यो शिक्षा मन्त्रालयकै सन्दर्भमा यो कुनै पनि document मा शिक्षा मन्त्रालयको समेत आदिवासी जनजाति भन्ने शब्द राखिएका छन् किन कन्जुस्याइँ गरियो मलाई थाहा छैन र मातृभाषा पठनपाठनको विषयमा चाहिँ राज्यले यसको अलिकति दायित्व लिनुपर्ने हुन्छ ।

अब यो उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयअन्तर्गत म पनि यो बजेटमा यसमा पनि म धेरै पसिनँ । नीतिगत हिसाबले के भन्न चाहन्छु भने उद्योग धन्दा कलकारखानामा पनि विकास नगरिकन देशले विकास गर्न सक्दैन तर यहाँ उद्योगलाई त्यति धेरै ध्यान दिएको यो बजेटमा चाहिँ पाइनँ । उद्योगलाई प्रोत्साहित गर्ने कुराहरू हुनुपर्थ्यो झन् यहाँ त कस्तो छ भन्दाखेरि उद्योगलाई निरुत्साहित गर्ने त्यस्तो नीतिले पनि कर्मचारीतन्त्रले पनि, प्रहरी प्रशासनले पनि उल्टै हैरान परेसान गर्ने खालका नीतिहरू छन् यसमा चाहिँ सच्याइनुपर्ने हुन्छ ।

र यो स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयको बजेटमा आउँदाखेरि यसमा नीतिगत हिसाबले मात्रै म पनि के भन्न चाहन्छु भन्दाखेरि यसमा यो जुन यो क्षेत्र पनि सिङ्गो राज्यले जिम्मा लिनुपर्ने क्षेत्र हो । शिक्षा र स्वास्थ्य सिङ्गो राज्यले जिम्मा लिनुपर्ने क्षेत्रमा जम्मा बजेट ६.८७ प्रतिशत छुट्याएको रहेछ । यो धेरै कम भयो । यो स्वास्थ्य क्षेत्रलाई एक प्रकारले धेरै उपेक्षा गरेको कटु अनुभूति मलाई भयो यसमा चाहिँ सच्याउनुपर्ने हुन्छ । सायद यो बजेटमा सकिन्छ भने अझै बढाउनुपर्ने हुन्छ । किन स्वास्थ्य धेरै गम्भीर र महत्त्वपूर्ण क्षेत्र हो । यदि सकिँदैन भने पनि आगामी वर्षदेखि यो क्षेत्रमा धेरै बजेट विनियोजन गर्नुपर्ने हुन्छ ।

र परराष्ट्र मन्त्रालय, परराष्ट्र मन्त्रालयमा यो बजेट जुन आएको छ त्यो करिब करिब ठिकै जस्तो लाग्या छ । तर म चाहिँ भाषाको विद्यार्थी भाको हुनाले यसको नामतिर म गएँ । परराष्ट्र मन्त्रालय । वरराष्ट्र मन्त्रालय कुन रहेछ फेरि ? परराष्ट्र मन्त्रालय त रहेछ तर वरराष्ट्र कुन हो त ? यो शब्द नै धेरै अगाडिबाट नै यो शब्द प्रयोग भा'छ तर यो शब्द बेठिक छ जस्तो मलाई लाग्छ । के को परराष्ट्र मन्त्रालय ? विदेश मन्त्रालय भन्नुपर्ने हुन्छ । विदेश हाम्रो स्वेदश । परराष्ट्र हो भने वरराष्ट्र कुन हो त ? यो शब्द गलत भयो एउटा कुरा । अर्को चाहिँ के छ भने राष्ट्र भनेको देश मात्रै होइन । राष्ट्र भनेको nation, यो जाति पनि हो । देश भनेको देशै हो जाति होइन । तर राष्ट्र भनेको देश पनि होला जाति पनि हुन्छ, समुदाय पनि हुन्छ । त्यसैले यो शब्द यो शब्द फेर्नुपर्ने हुन्छ । म संविधान सभा, प्रथम संविधान सभामा म त्यसको सदस्य भएको बेलामा त्यतिबेला अन्तर्राष्ट्रिय सम्बन्ध समितिमा म थिएँ । त्यो अन्तर्राष्ट्रिय सम्बन्ध समितिले एउटा टास्कफोर्स बनाएर विज्ञहरूले एउटा टास्कफोर्स बनाएर त्योबारेमा एउटा नीति ल्याएको थियो त्यसले के भनेको थियो भन्दाखेरि परराष्ट्र मन्त्रालयको नाम फेरेर विदेश मन्त्रालय बनाउनुपर्ने हुन्छ । अनि विदेश, परराष्ट्र मन्त्री होइन विदेश मन्त्री भनिनुपर्ने हुन्छ भन्या थियो तर त्यो राख्या छैन यसैको निरन्तरता छ । हुनत आज यो कुरा नीतिगत हिसाबले बोल्ने कुरा त होइन बजेटमा बोल्नुपर्ने हुन्थ्यो तर परराष्ट्र मन्त्रालयको कुरा आएको हुनाले मैले फेरि दोहोऱ्याएर भन्न चाहेँ परराष्ट्र मन्त्रालय त त्यो रहेछ वरराष्ट्र मन्त्रालय कुन रहेछ ? सम्माननीय अध्यक्ष महोदय धन्यवाद ।

**पुनःपीठासीनः**- सम्माननीय अध्यक्ष श्री गणेश प्रसाद तिमिल्सिना ।

**सम्माननीय अध्यक्षः**- माननीय जग प्रसाद शर्मा । समय ९ मिनेट । यसपछि माननीय विमला घिमिरे ।

**माननीय श्री जग प्रसाद शर्मा (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र)**:- सम्माननीय अध्यक्ष महोदय, माननीय सदस्यहरू, यस वर्षको विनियोजन विधेयकबारेमा छलफल चलिरहेको छ । यो छलफलमा मैले पनि संक्षिप्त रूपमा भाग लिन चाहन्छु । सबभन्दा पहिला सङ्घीय लोकतान्त्रिक गणतन्त्रको संविधान बनेपछि गएको करिब ५

वर्षमा ५ ओटा नीति कार्यक्रम, ५ ओटा बजेट, ५ ओटा विनियोजन विधेयकहरू आए । यो पाँचौं विनियोजन विधेयकमा यहाँ छलफल चलिरहेको छ । विगततिर फर्केर हेर्दाभन्दा पनि २०७४ साल जहाँ हामीले नयाँ संविधान बनाएर पुरानो अध्याय समाप्त गरेर नयाँ अध्यायको सुरुवात गर्यौं । नयाँ संविधानअनुरूप राज्यको पुनर्संरचना गरेर नयाँ ढङ्गले अगाडि आइसकेपछि हाम्रा छलफल बहसहरू नयाँ सिराबाट, नयाँ ढङ्गले स्वभावैले भइराखेका छन् । भलै पुराना हेङ्ओभरहरू, अवशेषहरू व्यक्त हुने बेला मौकामा स्वभाविक हो । त्यसलाई मैले त्यति धेरै अन्यथा लिइराखेको छैन ।

खास गरी बजेट जुन ढङ्गको नीति कार्यक्रम आयो । त्यो निकै उत्साहप्रद थियो । त्यसकै स्प्रिटमा बजेट वक्तव्य जे वाचन भयो । त्यो झनै उत्साहप्रद थियो । अलि त्यही उत्साहको स्प्रिटमा यो विनियोजन विधेयकका शीर्षकहरूमा जो छलफल चलिराखेको छ । सङ्घीयताको स्प्रिटलाई कार्यान्वयन गर्ने गरी यो स्प्रिटलाई समात्ने गरी यो विनियोजन विधेयकहरू हुन सकेन कि भन्ने छलफल पनि यहाँ चलिराखेको छ । भलै यसलाई आजै परिमार्जन गर्ने, यसलाई परिष्कृत गर्ने कति ठाउँ छ ? सम्बन्धित निकायले यसलाई सोचोस् भन्ने म व्यक्त गर्न चाहन्छु । र अहिलेको नीति कार्यक्रम, बजेट वक्तव्य र यो विनियोजन विधेयकहरूमा आएका विषयहरू जो छन् । यसमा खास गरी सिङ्गो देशको राष्ट्रलाई यो देश सिङ्गो राष्ट्रलाई नयाँ ढङ्गले अगाडि लिने, उत्पादन वृद्धि गर्ने, उत्पादकत्व बढाउने, रोजगारी सृष्टि गर्ने र बेरोजगारी अन्त्य गर्ने एउटा स्प्रिटमा आगामी वर्ष झन्डै ८ प्रतिशतको आर्थिक वृद्धिदर गर्ने लक्ष्यका साथ यो जुन स्प्रीटमा आएको छ । यो अर्थमा मैले यसको मूल स्प्रिटलाई समर्थन गर्न चाहन्छु सबभन्दा पहिले ।

थोरै मेरा केही सुझावहरू, मैले राख्न चाहन्छु । खास गरी यो विनियोजन विधेयकमा जुन ढङ्गको एउटा छलफल चलिरहेको छ । सकारात्मक ढङ्गले, सृजनात्मक ढङ्गले, महत्त्वपूर्ण सल्लाह सुझावहरू पनि यहाँ व्यक्त भएका छन् । खास गरी तीनटा समस्यामा केन्द्रित भएर यी समस्या, यी चुनौतीहरूको सामना गरेर यसलाई ठिक ढङ्गले अगाडि लैजान सक्छौं र समस्या समाधान गर्न सक्छौं भन्ने म आफूलाई लागेको छ ।

खास गरी हाम्रा नीतिमा, विचारमा हामीले हाम्रो नियत इन्टेनसनमा राम्रो गर्न खोज्दा खोज्दै पनि हाम्रा केही समस्याहरू छन् । ती समस्याहरू भनेका एउटा सोचमा समस्या छ । एउटा संरचनामा समस्या छ र एउटा शैलीमा समस्या छ । सोचमा, संरचनामा र शैलीमा समस्या भएका कारण नयाँ गर्न खोज्ने अथवा नीति विधिअनुरूप,

नीतिअनुसार, विचारअनुसार अगाडि जान खोज्दा खोज्दै पनि समस्याहरू त्यहाँ छन् भन्ने कुरा एउटा देखिन्छ । कि लामो समय एउटा पुरानो सोचबाट एकात्मक राज्य प्रणालीको सोच, एउटा परम्पराबाट गुज्रेर आइसकेपछि त्यसका आदत, संस्कारहरूका कारण यो राज्यको पुनर्संरचनापछि नयाँ ढङ्गले जाने कुरामा कतै बाधा, व्यवधानहरू त्यसले पारिरहेको एकातिर देखिन्छ ।

अर्कोतिर जुन संरचना छ, यो देशमा जुन चाहे न्यायालयका कुरा गर्दा, चाहे ब्युरोक्रेसीका कुरा गर्दा, कर्मचारीका कुरा गर्दाखेरि पुरानो संरचना छ । जुन संरचनाले अगाडि बढ्ने सवालमा यो सङ्घीयताको स्प्रीटलाई कार्यान्वयन गर्ने र देशलाई नयाँ ढङ्गले अगाडि लैजाने सवालमा बाधक हुन त्यो पुगिराखेको आभास हुन्छ । यो अर्थमा यसलाई बदल्ने कुरा, सोचको कुरा नियम कानुनमा पनि व्यक्त होला । संरचनाको कुरा । विभिन्न निकायहरूमा पनि व्यक्त होला । यो सबैलाई बदल्ने कुरा, यो सबैलाई अहिले परिवर्तन गर्ने कुरा र रूपान्तरण गर्ने कुरा, शैलीका कुरा गरिरहँदा हामीले जतिसुकै राम्रो कुरा गर्ने, राम्रो बनाउने, सोच्ने, व्यक्त गर्ने भन्ने कुरा एउटा छ । तर गराइमा जाँदा हाम्रो गर्ने तरिकामा जाँदाखेरि त्यो समस्याबाट हामी माथि उठ्न सकिराखेका छैनौं । कैयौं पछि परेका देशहरू अगाडि बढ्दा रुसको एउटा कुरा रुसी इमान्दारिता र अमेरिकन दक्षताको फ्युजन गरेर अगाडि बढेको इतिहास रुसको हामी पाउँछौं ।

त्यस्तै नेपालको इमान्दारिता, नेपालका साधन स्रोतहरूलाई उपयोग गर्दै यसलाई ठिक ढङ्गले जस्तो सदुपयोग गर्दै विदेशी प्रविधि र क्षमताहरू केन्द्रित गर्ने शैली अथवा त्यो ढङ्गको सोच अपनाएर जस्तो यो देशलाई उठाउने कुरा, समृद्धिको बाटोमा अगाडि लैजाने कुरा सायद एउटा महत्त्वपूर्ण कुरा हो जस्तो लाग्छ । यो अर्थमा सम्माननीय अध्यक्ष महोदय, कि यहाँ यी समस्याहरू जो ढङ्गले जस्तो देखा पर्ने गरिराखेका छन् । अझै पनि हिजोका दिनहरूमा जस्तो आउँदा हिजोको समयमा जस्तो हाम्रो छलफल र बहस हुने गर्थ्यो । जुन परिवर्तनको आन्दोलन परिवर्तनको एउटा मुद्दा अगाडि बढिराख्ने क्रममा त्यसमा स्वामित्व, त्यसमा वर्चस्व लिने सवालमा सायद बहस केन्द्रित हुन्थ्यो । आज हामी सिङ्गो नेपालीको एउटा सबै नेपालीहरूलाई एक ठाउँमा बाध्ने एउटा चिज छ । त्यो संविधान हो । त्यस्तै अर्को सिङ्गो नेपालीलाई एक ठाउँमा बाँध्ने अर्को चिज छ त्यो राष्ट्रियता हो । संविधान, राष्ट्रियता यस्ता चिज हुन जुन पूर्व मेचीदेखि पश्चिम महाकालीसम्म, तराईदेखि हिमालसम्म सिङ्गै नेपाललाई सिङ्गै नेपालीहरूलाई एक ठाउँमा बाँध्छ त्यसले । योबाट अगाडि बढेर अबको साझा एउटा मुद्दा विषय भनेको समृद्धिको

कुरा हो, विकासको कुरा हो, जनताको जीवनस्तर बदल्ने कुरा हो । सायद यसमा कसैको विमति छैन । यसका स्वरुप, यसका मोडेलहरूका बारेमा बहस हुन सक्छ । आआफ्ना जोड र कोण हुन सक्छन् । राजनीतिक दलहरूका जोड, कोणहरूमा फरक भिन्नता हुन सक्छ । जे होस् हामीले अबको बहस, अबको छलफल नेपालको समृद्धि, नेपाली जनताको जीवनस्तर बदल्ने कुरामा केन्द्रित गर्ने कुरामा, समृद्धिको मोडेल, समृद्धिको स्वरूपको बारेमा जस्तो बहस केन्द्रित हुन सक्छ । अगि पूर्ववक्ता एक जना माननीयले एउटा लुम्बिनी केन्द्रित त्यहाँको विकासको एउटा कन्सेप्ट, त्यहाँको एउटा विकासको बहस उठान गर्न जे खोज्नुभयो । त्यो स्वागतयोग्य कुरा हो । त्यसलाई म स्वागत गर्न चाहन्छु ।

र अहिले खास गरी एउटा बहस यो विनियोजन विधेयकको सन्दर्भमा आउँदा कुनै एउटा निश्चित विषयमा म प्रवेश गर्न चाहिनँ । खास गरी साना साना बजेटहरू दिने पुरानै तरिका जे ढङ्गको व्यक्त भ'को छ । यसलाई थोरै करेक्सन गर्न ठाउँ छ कि छैन ? करेक्सन गर्न हामी सक्छौं कि सक्तैनौं ? यो हाम्रो चुनौतीको विषय हो । किनकि तीन तहका सरकारहरू बनिसकेपछि तलका तीन लाखसम्मका योजना सङ्घीय सरकारले दिंदाखेरि प्रदेशले के गर्ने ? स्थानीय निकायले के गर्ने ? यो समस्याहरू उठ्न सक्छन् । यो अर्थमा मैले के कुरा जस्तो ध्यान केन्द्रित गराउन चाहन्छु भने कि हामीले करेक्सन गर्न सक्ने, यसलाई परिमार्जन गर्न सक्ने ठाउँहरू हुँदासम्म हामीले जोड बल गर्ने कुरा हाम्रा सोचमा, हाम्रो संरचनामा र हाम्रो शैलीमा परिवर्तन गरेर यो अहिलेको अभिभारालाई पूरा गर्ने कुरामा हामी अगाडि बढ्न जरुरी हुन्छ भन्ने कुरा लाग्छ ।

मैले अर्को कुरा खास गरी एउटा पर्यटन मन्त्रालयसँग एउटा विषय केन्द्रित भएर म राख्न चाहन्छु । मैले अध्ययन गर्दा झन्डै २१ अरब संस्कृति तथा पर्यटन मन्त्रालयअन्तर्गत छुट्टिएको छ । त्योअन्तर्गत ९ अरब संस्कृतितर्फ, पर्यटनतर्फ र १२ अरब हवाई प्राधिकरणतर्फ अथवा हवाई पूर्वाधारतर्फ छुट्टिएको छ । मैले दाङको तुल्सिपुरको मतलब टरिगाउँ एयरपोर्टमा केन्द्रित हुन चाहन्छु । त्यो पहिल्यैदेखि जो २००८ सालमा सुरु भएर २०११ सालमा हवाइजहाज/प्लेन बसेको ठाउँ हो । अहिले त्यसलाई विस्तार गर्ने कुरा ८ सय झन्डै ८ सय मिटर त्यो रनवे पिच छ, प्लेन बसिराखेको छ । त्यसलाई १५ सय बनाउने कुरा वर्षौंदेखि कोसिस भइराखेको छ । तर त्यो हुन सकेको छैन ।

कतिपय कर्मचारीबाट त्यहाँ ठुलो खाडल छ । सल्यान जाजरकोटको सिङ्गै एउटा डाँडा उठाएर ल्याएर पनि त्यहाँ पूरा हुन्न भन्ने कुरा व्यक्त हुने (अध्यक्ष महोदय, म एक मिनेट थप्न चाहन्छु, माग गर्न चाहन्छु ।) र यो समस्या देखिराखेको छ । जब कि १५ सय मिटर रन वे बनाउनका निम्ति सरकारको आफ्नै जग्गा छ । कपास खेतीको जग्गा छ । सामुदायिक वनको जग्गा छ । यो सरकारकै आफ्नो जग्गा हो । साढे सात सयदेखि आठ सय मिटर पिच छ । त्यसलाई थप सात सय, आठ सय मिटर विस्तार गर्नका निम्ति कुनै जग्गा अधिग्रहण गर्न पर्दैन । यो अर्थमा अहिले जुन जोड बल गरेर पहिलेदेखि माग गरेर विभिन्न डेलिगेसन गरेर जे कोसिस गरियो अहिले यो पर्यटन मन्त्रालयले जम्मा २ करोड सवा २ करोड मात्रै छुट्याएको छ । म अनुरोध गर्न चाहन्छु सम्भव हुन्छ यसमा बजेट थपेर भएन भने पनि यही बजेट १५ सय मिटर रनवे बनाउने एउटा डीपीआरसहित यो योजना अगाडि बढाइदिनका निम्ति म पर्यटन मन्त्रालयलाई हार्दिक अनुरोध गर्न चाहन्छु । किन यो सिङ्गो दाङबासी, सिङ्गो पुरानो राप्तीबासीहरूको एउटा आकाङ्क्षा हो । लामो एउटा वर्षौंदेखिको दशकौं सात दशक अगाडिदेखिको एउटा सपना हो । यो पूरा होस् भन्ने कुरा म सम्माननीय अध्यक्षमार्फत सम्बन्धित निकायको ध्यान आकर्षण गराउन चाहन्छु, धन्यवाद ।

**सम्माननीय अध्यक्षः**- माननीय विमला घिमिरे । समय ९ मिनेट । यसपछि माननीय कृष्ण प्रसाद पौडेल । युवराज शर्मा । यसपछि माननीय युवराज शर्मा ।

**माननीय श्री विमला घिमिरे (नेपाल कम्युनिष्ट पार्टी, एमाले)**ः- सम्माननीय अध्यक्षज्यू, सरकारले प्रस्तुत गरेको बजेटको सिद्धान्त, प्राथमिकता नीति तथा कार्यक्रम बजेट वक्तव्य र विनियोजित बजेट हेर्दा यसको कुनै तारतम्य मिलेको देखिँदैन । प्रदेश र स्थानीय तहमा वित्तीय हस्तान्तरण गर्ने भन्छ तर १ लाखसम्मका टुक्रे योजना केन्द्रबाटै विनियोजन गरेको देखिएको छ । योजना आयोगको छनौटमा परेका योजना मात्र बजेटमा राख्ने भनियो तर ती योजना हेर्दा लाग्छ योजना आयोगले यी योजनाहरूको बारेमा पत्तै पाएन । स्वदेशी उद्योगलाई प्रोत्साहन गर्ने कुरा लेखिएको हुन्छ नीति तथा कार्यक्रममा तर विनियोजित बजेटमा हेर्दा लाग्छ स्वदेशी उद्योगहरूलाई धारासायी हुने गरी भन्सार दरको रेट कायम गर्न खोजिएको छ । विद्युतीय गाडीको प्रयोग गर्ने कुरा

गरिन्छ तर त्यसमा कर बढाइन्छ । पर्यटन भित्र्याउने कुरा गरिन्छ पर्यटनसित सम्बन्धित कुनै आकर्षण खालका योजनाहरू बनाएको देखिँदैन । व्यवहारमा एउटा बजेटमा एउटा कुरा छ नीति तथा कार्यक्रममा अर्को कुरा छ । त्यसैले यो आफैमा विरोधाभास भएको कुरा म यहाँ राख्न चाहन्छु । ध्यान आकर्षण गराउन चाहन्छु । यस्ता थुप्रै यस्ता अनगिन्ती कुराहरू छन् जो यहाँ व्याख्या गरेर साध्य छैन । जनताको मनमा उठेका यस्ता प्रश्नहरू सायद जनताले यो अध्ययन गरिसकेपछि यस्ता प्रश्नहरू उठ्ने गर्छन् । उठ्छन् ती कुराहरू हामी यहाँ सदनमा उठाइरहेका छौं । तर सत्तापक्षले खास गरी सरकारले यसको बारेमा जवाफ दिन पर्ने कुराहरू पटक पटक हामीले उठाउँदा पनि खासै मन्त्रीज्यूहरूलाई त्यसको बारेमा चासो, त्यसको बारेमा जवाफ दिने जाँगर चलेजस्तो मलाई लाग्दैन । त्यसैले होला सत्तापक्षका माननीयहरूले नै त्यसको बारेमा बेलाबेलामा जवाफ दिने गर्नुहुन्छ । हामीले चाहेको माननीयहरूबाट होइन । हामीले मन्त्रीहरूबाटै यसको जवाफ खोजेका छौं ।

सम्माननीय अध्यक्षज्यू, मैले यो थोरै यो विनियोजन विधेयकको आजका विषयहरूमा केही कुराहरू राख्न चाहन्छु । स्वास्थ्य मन्त्रालय र योसित सँगसँगै श्रम मन्त्रालय पनि जोडिएको छ एउटा विषय अहिले चर्चामा पनि आएको छ । कोभिडका कारणले थुप्रै बिरामीहरूलाई हामीले सेवा दिन पर्दा त्यो अवस्थामा त्यो अत्यन्तै व्यापक कोभिडको समस्या भइरहेको बेलामा हामीले आइसोलेसन केन्द्रहरू बनाऊँ स्वास्थ्य संस्थाहरूबाट छिटो छरितो सेवा दिऊँ भन्दा हामीसँग प्राविधिक ज्ञान भएका स्वास्थ्यकर्मीहरू कम हुनुहुन्छ किनकि यसको उत्पादन गर्ने समय निकै लामो समय लाग्छ । तत्कालको तत्काल हामीले चाहेर पनि त्यस्ता आइसोलेसन सेन्टरहरू सञ्चालन गर्न सक्दैनौं भन्ने कुरा हामी सबैले बुझेका थियौं र हामीलाई धेरैभन्दा धेरै स्वास्थ्यकर्मीहरू नेपालमै उत्पादन गर्नुपर्छ भन्ने लागेको थियो । तर अहिले कता कता यहाँ सुनिँदै छ । श्रम मन्त्रालयले स्वास्थ्यकर्मीहरूलाई महिलाहरूलाई विशेष गरी नर्सहरूलाई विदेशमा पठाउने कुरा गर्दै छ र त्यसको तारतम्य मिलाउँदै छ भन्ने कुरा आइरहेको छ । मैले नीति तथा कार्यक्रममा हामीले स्वास्थ्य सेवा जनतालाई सहज र सुलभ ढङ्गले पुऱ्याउने कुरा गर्दै गर्छौं त हामी कहाँ भएका त्यो जनशक्तिलाई फेरि विदेश पलायन गराएर त्यो विदेश जानु एउटा बाध्यता होला व्यक्तिगत हिसाबले अलि धेरै पैसा कमाइएला तर राष्ट्रको हिसाबले यहाँ जनताको सेवाको हिसाबले के त्यो हामीसँग हाम्रो नीति तथा कार्यक्रमसित या हामी जनताको मागसित आवश्यकतासित के मिल्दोजुल्दो छ

त ? म प्रश्न गर्न चाहन्छु यस्तो किन हुँदै छ ? नेपालमा भएको त्यो जनशक्तिलाई त्यो दक्षजनशक्तिलाई यहीं कति पैसा दिनपर्ने हो ? कति सेवा र सुविधा दिनपर्ने हो ? हामीले आफै आफ्नै देशमा त्यसलाई सदुपयोग गरौं र अझ धेरै उत्पादनतिर लागौं ती प्राविधिक शिक्षातिर हामी अझै बढी जोड दिऊँ । म यो आग्रह गर्न चाहन्छु र यो के हो मन्त्रीजीबाट यसको जवाफ पनि चाहन्छु ।

यता पर्यटनतिर हेर्दा लाग्छ यो १० लाख थप पर्यटन भित्र्याउने भनेर सङ्ख्यामा उल्लेख गरिएको छ तर बजेट विनियोजन अगि नै पनि यहाँ कुरा उठ्यो साना साना मन्दिरहरूमा मलाई लाग्छ यो just कसैले फोनबाट टिपाएकै भरमा पनि यी बजेटहरू राखिएका छन् । यसको कुनै अध्ययन, अनुसन्धान, आवश्यकता पर्यटनलाई आकर्षण गर्ने खालको कुनै खालको योजना यो मन्त्रालयअन्तर्गत रहेको देखिँदैन । यो विनियोजन बजेटमा यो देखिँदैन । त्यसैले म यो सङ्ख्यामा मात्रै सीमित गरेर हामीले पर्यटन भित्र्याउँछौं भन्ने कुराको कुनै अर्थ रहँदैन र पर्यटनको हिसाबले सङ्ख्या बढाएर पनि हुँदैन । मलाई लाग्छ सङ्ख्या बढाउँदैमा हामीसँग त्यो हाम्रो आयस्रोत बढ्छ । त्यो नेपालले फाइदा लिन सक्छ भन्ने हुँदैन । हामीले पर्यटकलाई कति समय यहाँ राख्न सक्छौं उसले खर्च कति दिनसम्म यहाँ बसेर गर्न सक्छ । त्यसको व्यवस्थापन हामीले गर्न सकेका छौं कि छैनौं ? त्यसमा बजेट छुट्याएका छौं कि छैनौं भन्ने कुराको निकै ठुलो अर्थ छ । त्यसैले मैले यतापट्टी मन्त्रीज्यूलाई ध्यान आकर्षण गराउन चाहन्छु ।

र एउटा ऐतिहासिक हिसाबले हेर्दा अगिनै यहाँ लुम्बिनीको धेरै चर्चा भयो हाम्रो माननीयज्यूले गर्नुभयो त्यसमा म पूरै सहमत हुँदै लुम्बिनी भन्नबित्तिकै लुम्बिनीलाई मात्रै बुझिँदैन । लुम्बिनी भन्नबित्तिकै रामग्रामलाई पनि बुझ्नुपर्छ र तिलौराकोटलाई पनि बुझ्नुपर्छ । कपिलवस्तुमा रहेको तिलौराकोट जो गौतम बुद्धले धेरै वर्ष बिताएको ठाउँ र एउट त्यो दरबार भएको ठाउँ हो । त्यसको उत्खनन्, त्यसको अध्ययन अनुसन्धान भइरहेको छ । विश्वसम्पदा सूचीमा सूचीकृत गर्ने भनेर विगत केही वर्षदेखि प्रत्येक वर्षको नीति तथा कार्यक्रम हामीले देखेका छौं र त्यसको निरन्तरता अहिले पनि छ । तर त्यसको लागि आवश्यक बजेटहरू विनियोजन गरिएको छ कि छैन ? भन्दा अहिलेको यो बजेटमा कतै देखिएको छैन । एउटा वाल लगाएर त्यसको संरक्षण हुन सक्दैन । त्यहाँको आवश्यकता भनेको यो बजेट छुट्याउनभन्दा अगाडि नै सायद हामीलाई त्यो सल्लाह लिएको भए हामीले सल्लाह दिन सक्थ्यौं होला । बजेट

छुट्याइसकेपछि दिनुको सल्लाहको यो छलफल मात्रै हो । हामीले त्यो पनि बुझेका छौं ।

तिलौराकोटमा खास गरी अहिले जग्गा अधिग्रहण नगरिकन हामीले तिलौराकोटलाई व्यवस्थित बनाउन सक्दैनौं । थोरै एरियामा मात्रै अहिले जग्गा अधिग्रहण भएको छ र त्यहाँका जनताले अहिले पनि जग्गा अधिग्रहण, हाम्रो छिटोभन्दा छिटो जग्गा अधिग्रहण होस् भन्ने चाहेका छन् । जनताले नदिएको होइन । त्यो राज्यले लिन नसकेको अवस्था छ । यो जतिपछि गयो त्यति त्यसको जग्गाको भाउ बढ्छ र राज्यले लिन नसक्ने अवस्था हुन्छ । त्यसैले तिलौराकोटको साँच्चै गरी कपिलवस्तुलाई विश्वमै चिनाउनका निम्ति लुम्बिनी भनेर मात्रै होइन लुम्बिनीमा आएका पर्यटकहरूलाई कपिलवस्तुसम्म लाने योजना हामीसँग हुनुपर्छ र त्यसका निम्ति पहिलो बाटो भनेको त्यहाँभित्र छिर्ने पहिलो बाटो भनेको जग्गा अधिग्रहण नै हो । त्यसका निम्ति पर्याप्त बजेट त्यसको आवश्यकताका आधारमा बजेट विनियोजित गर्नका निम्ति म ध्यान आकर्षण गराउन चाहन्छु ।

र कपिलवस्तु जिल्लामा त्यति मात्रै होइन कपिलवस्तु जिल्लामा अन्य पर्यटकीय स्थलहरू पनि थुप्रै छन् । यो कपिलवस्तु जिल्ला अलिकति ओझेलमा पनि परेको छ म त्यसैले केही यहाँ ध्यान आकर्षण गराउन चाहन्छु । पर्यटकीय स्थलको हिसाबले यो विश्वमै चर्चित त एउटा तिलौराकोटको हिसाबले हो । दुइटा मात्रै सात ओटा स्थलहरूमध्ये जम्मा दुइटा स्थलमा (थोरै समय माग गर्न चाहन्छु ।) दुइटा स्थलमात्रै अरू जिल्लामा रुपन्देही र परासीमा पर्छन् भने सातओटा स्थलहरू बुद्धका कपिलवस्तुमा पर्छन् । म यो जानकारीको लागि पनि यहाँ राख्न चाहन्छु ।

र मैले सँगसँगै एउटा शिक्षा मन्त्रालयसित सम्बन्धित कुराहरू म राख्न चाहन्छु । (थोरै समयको लागि म अनुमति चाहन्छु ।) सामुदायिक क्यापसहरू देशमा थुप्रै सामुदायिक क्यापसहरू सञ्चालित छन् । र सिधैं मन्त्रालयले शिक्षा मन्त्रालयले यसको लागि बजेट छुटाउँदैन । यो विश्वविद्यालय अनुदान आयोगमार्फत यसको बजेट छुटिने गर्छ । र त्यहाँ ३३ प्रतिशत सम्बन्धित सामुदायिक क्यापसहरूले हाल्नपर्ने हुन्छ त्यसमा । सामुदायिक क्यापसहरूले त्यसमा बजेट ३३ प्रतिशत आफै लगानी गर्नपर्ने हुन्छ । सामुदायिक क्यापसहरू आफै लगानी गरेर भवन निर्माण गर्न सक्ने अवस्थामा छैनन् । यो सिङ्गो देशको समस्या हो । सिङ्गो सामुदायिक क्यापसहरूको समस्या हो ।

यसमा यो शिक्षा मन्त्रालयले के सोचेको छ म त्यतापट्टि ध्यान आकर्षण गराउन चाहन्छु ।

र सँगसँगै एउटा अर्को विषय एकदमै गम्भीर विषय पनि छ । चीन गएर MBBS पढेका विद्यार्थीहरू जो कोरोनाका कारणले नेपाल फर्के र उनको पढाइ पूरा नहुँदै खास गरी internship को काम बाँकी हुँदै नेपाल फर्केका विद्यार्थीहरूमध्ये सन् २०१४ का विद्यार्थीहरूलाई नेपालमै internship गर्ने अनुमति दिइयो र त्यसपछाडि १७ पछिका विद्यार्थीहरूलाई फेरि चीन जाने पनि अनुमति दियो । तर १५ र १६ सन् २०१५ र १६ का विद्यार्थीहरू अहिले अलपत्र अवस्थामा करिब २ सयको सङ्ख्यामा छन् । यसको बारेमा सरकारले के सोच बनाएको छ म शिक्षा मन्त्रीको ध्यान आकर्षण गराउन चाहन्छु र कपिलवस्तु जिल्लाको मैले एउटा थप कुरा गरेर म बिदा हुने अनुमति चाहन्छु । कपिलवस्तु जिल्लामा बुद्ध शिक्षा सञ्चालन गरेका छौं हामीले । बुद्ध शिक्षाका ६ र ७ कक्षाको पाठ्यक्रम निर्माण गरेर गत वर्षदेखि नै विद्यालयहरूमा पढाइ भइरहेको छ भने ८ कक्षाको पाठ्यक्रमको तयारीमा छौं । मैले यो किन यहाँ जोडें भने एकातिर त शिक्षा मन्त्रालयले यसमा ध्यान दिएर त्यसको निम्ति विशेष बजेटको पनि व्यवस्था गर्नुपर्छ । अन्य जिल्लाहरूले पनि बुद्ध शिक्षालाई लागु गर्नुपर्छ र खास गरी बुद्ध शिक्षा भनेको हामीको, हाम्रो नैतिक शिक्षासित सम्बन्धित विषय भएको हुनाले ......(समय सकिएको) ।

**<u>सम्माननीय अध्यक्षः</u>**- माननीय युवराज शर्मा । समय ७ मिनेट ।

**<u>माननीय श्री युवराज शर्मा (नेपाली काँग्रेस)</u>**:- सम्माननीय अध्यक्ष महोदय, म अलिकति शिक्षातर्फ जान चाहन्छु र लिखित रूपमै केही प्रस्तुत गर्दछु । नेपालमा २०० सालदेखि, २००७ सालको क्रान्तिपछि विद्यालयहरू खुले । जुन समाजसेवी दाताहरूको जग्गादान भवन निर्माण गरिदिने परम्पराबाट सुरु भो । स्वतःस्फूर्त थियो त्यो प्रयास । तर संवत् २०१८ सालमा विदेशी सहायतामा आधारित नयाँ शिक्षा नीति आयो । त्यसपछिका दिनहरूमा विकृति झाङ्गिएर आयो । पूर्वाधारसमेत नभएका विद्यालयहरूले स्वीकृति पाउँदै गए । जाली, साठफिकेटहरू पनि चल्न थाले । दरबन्दी विषय शिक्षकको अभाव, सामुदायिक विद्यालयमा बढ्दो राजनीतिक हस्तक्षेप, पञ्चायती

व्यवस्थाका प्रधानपञ्चको विद्यालयमा हालीमुहालीले एकातर्फ शिक्षकले आफूलाई कर्मचारी ठान्न थाले र जनताबाट टाढा हुँदै गए । आजसम्म घुमाएर .....शिक्षा पद्धति चलिरहेको देखिन्छ । पहिले इष्ट इन्डिया कम्पनीका लागि ...तयार हुन्थे । आज ठुला ठुला कम्पनी जो सरकारसँग ठुलो प्रभाव राख्दछन् । त्यस्ता कम्पनीमा काम गर्न पाउनको लागि हाम्रा टेलेन्ट तछाडमछाड गर्दछन् । ठुला ठुला नाम कमाएका कर्पोरेटहरूका इसारामा नीति बन्ने गर्दछ । अनि त आफ्नो राष्ट्रिय हित अनुकूल काम गर्न त के बोल्न पनि अप्ठेरो पर्दछ । आज विषय शिक्षकको जोहो गर्न र विद्यालयमा दरबन्दी मिलान गर्नसमेत गाह्रो पर्दै छ । त्यसैले होला शिक्षा ऐन आउनसमेत सकेको छैन । आज नीति कार्यक्रम र बजेट विनियोजन सबै नयाँ बोतलमा पुरानो रक्सी झैं लाग्ने गर्दछ । उही पञ्चायतकालीन व्यवस्थापन र स्थानीय राजनीतीकरण । कार्पोरेटिजम, ब्युरोक्रेसिजम र ब्युरोक्रेसिजमको प्रभावदेखि हामी बच्न सक्नुपर्दछ, जुन देखिँदैन ।

संविधान समाजवादउन्मुख निःशुल्क शिक्षाको कुरा गर्दछ । शिक्षाको व्यवसायिकीकरण बन्द होस् भनिन्छ । तर व्यवहारमा त्यो देखिँदैन । आज सबै समाजवादी नेताहरू एक पटक .....शिक्षाको राष्ट्रियकरण गर्नतर्फ विचार गरौं । के शिक्षाको राष्ट्रियकरण नेपालमा सम्भव छ कि छैन ? यदि हुन सक्दैन भने एसएलसी र आइएका जिल्ला, प्रदेश र केन्द्रमा उत्तीर्ण टप टेन विद्यार्थीको निःशुल्क शिक्षा र आवासको व्यवस्था गरी स्वतन्त्र चेत भएका बौद्धिक असल विषय विज्ञ तयार गर्ने आँट गरौं । टियु बिग्रिसक्यो । विद्यार्थीलाई र राजनीतिक हतियार र कर्मचारी र शिक्षकलाई सङ्घ सङ्गठनमा आबद्ध गरी राजनीतिक छाता ओडाएर सबै ठाउँमा वर्गीकरण गरी अब देश उँभो लाग्दैन । पेसागत सङ्घ सङ्गठनको अधिकार भने छ सबैलाई । मात्र बजेट वृद्धिले केही हुँदैन । सोच बदल्नुपर्दछ ।

अन्तमा बाँकेमा कृषि विश्व विद्यालयको प्रचुर सम्भावना छँदाछँदै कार्यक्रममा परेन र बजेट विनियोजन हुन सकेन । कम्तीमा बालविकास शिक्षक र विद्यालयका कर्मचारीको हित संरक्षणमा ध्यान पुग्न सकोस् । जुन देखिँदैन । विद्यार्थीहरूको विदेशगमन कसरी रोक्ने ? त्यो नीति बन्नुपर्यो । मेरो यही र उच्च जनघनत्व भएका जिल्लाका सदरमुकाममा सायद नेपालगञ्ज पर्दैन । पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयले बागेश्वर मन्दिरको गुरुयोजना तयार गरेर विनियोजन गरेको छ । तर बागेश्वरीसम्म जाने जुन ढल छ बुद्धको गुम्बादेखि त्यो दुर्गन्धित छ । यसरी कसरी पर्यटनको विकास हुन्छ ? यसतर्फ म सम्बन्धित मन्त्रालयको ध्यान आकर्षित गराउन

चाहन्छु । र दुवै मन्त्रालयको उचित तालमेलमा यो काम हुनुपर्यो भन्ने मेरो भनाइ छ । वैद्यनाथ गाउँपालिका १ देखि ८ सम्म विगत २० वर्षदेखि आर्सनिकयुक्त पानी जनताले खाँदै छन् । त्यो सब कम से कम विचार होस् भनेर मैले राखेको थिएँ । त त्यो पनि पूरा हुन सकेन । त्यो पनि दुर्भाग्यपूर्ण छ ।

र स्वास्थ्यको विषयमा र अहिले म फेरि उद्योग, वाणिज्यतिर जान चाहन्छु । नेपालमा उन र रेसमजन्य निर्यातयोग्य उद्योगको प्रचुर सम्भावना छ । कृषि, वन, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयको तालमेलमा योजना बनाई कार्यान्वयनतर्फ जानुपर्दछ । यो मेरो म आवश्यक देख्द छु । त्यस्तै, म स्वास्थ्य मन्त्रालयको विषयमा, स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय एउटा महत्त्वपूर्ण मन्त्रालय हो । कृषि, स्वास्थ्य, शिक्षा, रोजगार जीवनका यी चार आधारमा सबभन्दा बढी परसेन्टमा बजेट विनियोजित हुनुपर्थ्यो । त्यो देखिँदैन । स्वास्थ्य सम्बन्धमा धेरै अन्तर्राष्ट्रिय दिवसहरू मनाइन्छ नेपालमा । तर ती दिवस अनुकूल कार्यक्रमहरूको तर्जुमा र बजेट विनियोजन गरेको देखिँदैन । परिवार कल्याणको कार्यक्रममा बजेट विनियोजनको साथ परिवार नियोजन कार्यक्रमहरू पनि पुनः सञ्चालित गर्न आवश्यकता अवस्था आउँदै छ । नेपालमा बाल मृत्युदर घट्नु र औसत आयु बढ्नुले भविष्यले अर्कै किसिमको समस्या उत्पन्न गर्दै छ । फ्युचर प्लान आवश्यक छ । आज परिवार नियोजनका साधन किशोर किशोरीहरूले दुरुपयोग गरेको समाचार प्रकाशित हुने गर्दछ, यसतर्फ ध्यान गर्नु आवश्यक छ । डायलेसिस सेवाको विस्तार, स्वास्थ्य बिमाको प्रभावकारिता र ड्रगको रोकथाम र बिग्रेका उपकरणहरूको पुनर्व्यवस्थापन केन्द्रको निर्माणहरू, तराईका प्रत्येक स्वास्थ्य चौकीमा सर्प दंशको उपचार र बजेट विनियोजन, क्यान्सर रोगको प्रभावशाली उपचार, सुशिल कोइराला प्रखर क्यान्सर अस्पताललाई सक्षम र स्तर उन्नत गर्न बजेट विनियोजन भएको देखिँदैन । होमियोप्याथी र प्राकृतिक चिकित्सालयसमेत अगाडि बढाउनुपर्दछ । जिराटिक वार्डको प्रत्येक जिल्ला र प्रदेशस्तरका अस्पतालमा विस्तार गर्नुपर्दछ । र त्यसको लागि कार्यक्रम र बजेट विनियोजन हुनुपर्दछ । कोरोनास्कोपी सेवाको पहुँच विस्तार गर्न प्रत्येक प्रादेशिक अस्पतालमा त्यस्तो साधन पुर्‍याउनुपर्दछ ।

अन्तमा म अगि नै जुन साथीले भन्नुभयो । साना सानो मठमन्दिरमा बजेट विनियोजन नगरेर पर्यटन मन्त्रालयले बरु एतिहासिक, पुरातात्त्विक क्षेत्रमा बढी बजेट विनियोजित गर्नुपर्ने म आवश्यकता देख्दै छु । यति भन्दै म यसतर्फ मैले प्रस्तुत गरेको

केही, विचारहरूतर्फ सम्बन्धित मन्त्रालयको ध्यान जाओस् भन्दै म सम्माननीय अध्यक्षज्यूतर्फबाट विशेष अनुरोध गर्दछु, धन्यवाद ।

**<u>सम्माननीय अध्यक्षः</u>**- माननीय सदस्यहरू, विनियोजन विधेयक, २०७९ अन्तर्गत शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय; उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय; संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय; भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय; परराष्ट मन्त्रालय; खानेपानी मन्त्रालय र स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयसम्बन्धी विनियोजन शीर्षकहरूमाथिको छलफल यहीँ समाप्त हुन्छ ।

माननीय सदस्यहरू, विनियोजन विधेयक, २०७९ अन्तर्गत आगामी बैठकमा भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय; अर्थ मन्त्रालय; सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय; ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय; सञ्चार तथा सूचना प्रविधि मन्त्रालय; गृह मन्त्रालय; रक्षा मन्त्रालय; राष्ट्रिय योजना आयोगको सचिवालय; प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय; उपराष्ट्रपतिको कार्यालय र राष्ट्रपतिको कार्यालयसम्बन्धी विनियोजन शीर्षकहरूमाथिको छलफल हुने बेहोरा जानकारी गराउँछु ।

माननीय सदस्यहरू, आजको कार्यसूचीमा रहेको ४ नम्बरको विषयवस्तुलाई अर्को बैठकमा पेस हुने गरी कार्यसूचीबाट हटाएको छु ।

माननीय सदस्यहरू, कोभिड- १९ सङ्कट व्यवस्थापन विधेयक, २०७८ माथि राष्ट्रिय सभा नियमावली, २०७५ को नियम ९९ बमोजिम कुनै पनि माननीय सदस्यबाट विरोधको सूचना प्राप्त नभएको जानकारी गराउँछु ।

माननीय सदस्यहरू, अब म माननीय स्वास्थ्य तथा जनसङ्ख्या मन्त्री विरोध खतिवडालाई "कोभिड- १९ सङ्कट व्यवस्थापन विधेयक, २०७८" सभासमक्ष पेस गर्न अनुमति दिन्छु ।

**<u>माननीय स्वास्थ्य तथा जनसङ्ख्या मन्त्री श्री विरोध खतिवडा</u>**ः- सम्माननीय अध्यक्षज्यू, विश्वभर महामारीको रूपमा फैलिएको कोभिड- १९ को सङ्क्रमणको रोकथाम, नियन्त्रण, निदान र उपचारसम्बन्धी कार्यलाई एकीकृत र व्यवस्थित रूपमा सञ्चालन गर्न, स्वास्थ्य आपतकाल घोषणा, प्रतिकार्य र अधिकारको व्यवस्था, कोभिड-

१९ युनिफाइड केन्द्रीय अस्पतालको सञ्चालन, निर्देशक समिति, कोभिड- १९ सङ्कट व्यवस्थापन केन्द्र, कसुर र सजाय, खरिद प्रक्रिया, खोप खरिद कोषको समेत व्यवस्था गर्न कानुनको आवश्यकता भएकोले अध्यक्ष महोदयको अनुमतिले कोभिड- १९ सङ्कट व्यवस्थापन विधेयक, २०७८ सभासमक्ष पेस गर्दछु, धन्यवाद ।

**सम्माननीय अध्यक्षः**- माननीय सदस्यहरू, राष्ट्रिय सभाको अर्को बैठक २०७९ साल असार ९ गते बिहीवार अपराह्न १:०० बजे बस्ने गरी यो बैठक स्थगित हुन्छ ।

(तदनन्तर, अर्को बैठक मिति २०७९ साल असार ९ गते बिहीवार अपराह्न १:०० बजे बस्ने गरी यो बैठक स्थगित भयो ।)

**स्थगितः- १६:०२ बजे ।**